सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

१८ पुस २०८१, बिहीबार (2 Jan 2025, Thursday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २५६ ■ पृष्ठ १०    nayapatrikaofficial    @NAYA_PATRIKA    मूल्य रु. १०/-

## दलीय ट्रेड युनियन अधिकार यथावत् राख्ने कसरतमा 'नेता कर्मचारी'



दलहरूबिच ट्रेड युनियन हटाउन साझा धारणा बनेपछि कर्मचारी नेताहरू राजनीतिक लबिङमा

(विस्तृत पृष्ठ ३)

■ विद्युत् विकास मार्गचित्र, २०८१

## सन् ०३५ सम्म २८ हजार ५ सय मेगावाट विद्युत् उत्पादनको लक्ष्य

सन् ०३५ सम्म नेपालको विद्युत्जडित क्षमता २८ हजार पाँच सय मेगावाट पुर्‍याउने लक्ष्यसहितको 'विद्युत् विकास मार्गचित्र, २०८१' मन्त्रिपरिषद्बाट स्वीकृत, अबको ११ वर्षमा विद्युत्को थप २६ हजार मेगावाट हाराहारीमा विद्युत् उत्पादन गर्ने लक्ष्य

(विस्तृत पृष्ठ ७)

### कर्नर किक

● रवि मिश्र




NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

# सहकारी अध्यादेश पनि रविविरुद्ध नै लक्षित

## पीडितको बचत फिर्ता अनिश्चित गर्दै संगठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दा जोडिए मिलापत्र गर्न नमिल्ने प्रावधान

### पीडितलाई न्यायभन्दा व्यक्तिलक्षित गरी राजनीतिक उद्देश्यले अध्यादेश ल्याइयो

● **गौरीबहादुर कार्की**
समस्याग्रस्त सहकारी जाँचबुझ आयोग, २०७० का अध्यक्ष



संगठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दा भएको अवस्थामा मिलापत्र गर्न नमिल्ने प्रावधान अप्रत्यक्ष रूपमा कुनै व्यक्तिलाई लक्षित गरी राजनीतिक उद्देश्यले ल्याएको देखिन्छ। यसले पीडितहरूले छिटो पैसा फिर्ता पाउने सम्भावनालाई कमजोर बनाउने हुँदा उनीहरू झन् पीडित बन्न सक्ने देख्छु। कसैलाई कसरी थुन्ने भन्दा कसरी पीडितहरूको बचत छिटो फिर्ता दिने भन्नेमा सरकार केन्द्रित हुनुपर्छ। यो अध्यादेशमा सहकारीपीडितलाई छिटो बचत फिर्ता दिने व्यवस्था देखिएन।

**कमलराज भट्ट**/नयाँ पत्रिका

सहकारीपीडितका समस्या समाधान गर्ने भनेर सरकारले ल्याएको सहकारीसम्बन्धी अध्यादेश पीडितलाई न्याय दिलाउनेमा भन्दा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेविरुद्ध केन्द्रित भएर ल्याएको देखिएको छ। लामिछानेविरुद्धको मुद्दा मिलापत्रसमेत गर्न नमिल्ने गरी सहकारी ऐनमा प्रावधान थपिएको छ। यस्तो प्रावधानले मुद्दा वर्षौंसम्म लम्बिने र सहकारीपीडितले पैसा फिर्ता नपाउने जोखिम देखिएको छ।

अध्यादेशले सहकारी ऐन, २०७४ को दफा १३१ मा मिलापत्रसम्बन्धी प्रावधान संशोधन गरेको छ। जसमा संगठित अपराध र सम्पत्ति

» पृष्ठ ९ मा क्रमशः

## ■ कहाँ-कहाँ देखिन्छ 'राजनीतिक प्रतिशोध' ?

### ऋण गएको संस्थाको प्रबन्ध निर्देशक भएकै आधारमा सहकारी ठगीको मुद्दा

रविको संलग्नताको प्रमाण प्रहरी अनुसन्धानमा पनि अहिलेसम्म भेटिएको छैन। संसदीय छानबिन विशेष समितिले त सहकारीबाट कम्पनीमा पैसा लैजाने प्रक्रियामा उनको कुनै भूमिका नदेखिएको प्रतिवेदनमै उल्लेख गरेको छ, उक्त पैसा कम्पनीबाट खर्च गर्नेमा भने रवि पनि जिम्मेवार हुने भनेको छ। तर, प्रहरीले पैसा लिएको प्रमाण नभए पनि त्यसबारे उनी जानकार रहेको आकलनकै आधारमा सहकारी ठगीको मुद्दा चलायो। बरु, यसमा कम्पनी ऐनअनुसार मुद्दा चलाउन सकिने कानुन व्यवसायी बताउँछन्। तर, ललितपुरको मितेरी सहकारीको रकम ठगीमा प्रत्यक्ष संलग्न देखिएका कांग्रेसका उपसभापति धनराज गुरुङको हकमा भने प्रहरीको यही मापदण्ड लागू भएन। उनलाई सामान्य सोधपुछ मात्रै गरेर सत्ताको आडमा जोगाइरहेको छ।

### सहकारीको मुद्दा कमजोर हुने भएपछि संगठित अपराध थपियो

संगठित अपराधमा संलग्नहरूको जिम्मेवारी वर्गीकृत हुन्छ, चिनेर होस् वा नहोस्। ग्यालेक्सी फोरके खोल्नुअघिसम्म रवि र जिबीबिच कुनै आर्थिक लेनदेन देखिँदैन। ग्यालेक्सी फोरके छाडेपछि पनि रवि र जिबी तथा रवि र छविराज जोशीबिच पनि आर्थिक लेनदेन देखिँदैन। सहकारी ठगीको अभियोग कमजोर हुने भएपछि प्रहरीले रविमाथि संगठित अपराधको अभियोग लगायो। जब कि, संगठित अपराध लगाएपछि मिलापत्र गर्न नमिल्ने र पीडितलाई झन् अन्याय हुन सक्ने भन्दै प्रहरीले सहकारी ठगीका मुद्दामा संगठित अपराध नजोड्ने नीति लिएको थियो। जिबी राईको सहकारी ठगीको मूल अभियोगमा समेत सहकारी ठगी र सम्पत्ति शुद्धीकरण लगाइएको थिएन। तर, रविलाई तान्नकै लागि पछि थप दुई कसुर लगाइएको छ। जब कि बतचकर्तालाई झुक्याउँदै उनीहरूको धितो राखेर बैंकबाट ऋण लिएर योजनाबद्ध रूपमा ठगी गरेको पुष्टि हुँदासमेत मोरङको उमागौरी कृषि सहकारीकी तत्कालीन सञ्चालक एमाले नेता ऋषिकेश पोखरेलपत्नी अञ्जलामाथि भने संगठित कसुर लगाइएको छैन।

### जबर्जस्ती सम्पत्ति शुद्धीकरणको मुद्दा

सम्पत्ति शुद्धीकरणको मुद्दा त झन् 'फसाउने' उद्देश्यसहित नै लगाइएको भनेर राजनीतिज्ञ र कानुन व्यवसायीहरूले नै आलोचना गरिरहेका छन्। बरु, कांग्रेस उपसभापति धनराज गुरुङ प्रत्यक्ष जोडिएको ललितपुरस्थित मितेरी सहकारी ठगीको रकम क्रिप्टोमा लगानी भएको पुष्टि नै भइसकेको छ। यसमा सम्पत्ति शुद्धीकरणसँगै नेपाल राष्ट्र बैंक ऐनसमेत आकर्षित हुन्छ। तर, प्रहरीले उनीमाथि विस्तृत अनुसन्धान नै गरेको छैन। त्यस्तै, सुमेरु सहकारीको करिब चार अर्ब हिनामिना गरी बेलायतमा पैसा लिएर भागेका भरत महर्जनको हकमा समेत शुद्धीकरणको मुद्दा चलाइएको छैन।



### प्रमुख अभियुक्त जिबीको सम्पत्ति जफतको कुरै छैन, तर रविको हकमा पत्नीको समेत सम्पत्ति जफत गर्न मागदाबी

प्रहरी अनुसन्धान कति पूर्वाग्रही देखिएको छ भने यही मुद्दाका प्रमुख प्रतिवादी जिबी राईको सम्पत्ति जफतको दाबी गरिएको छैन, तर रविको हकमा उनको मात्र होइन, पत्नी निकिताको नाममा रहेको सम्पत्तिसमेत जफत गर्न मागदाबी गरिएको छ। रवि र निकिताको बैंक खाता खोलेदेखिकै हिसाब निकालेर सम्पत्ति शुद्धीकरण चलाइएको छ। सन् २०११ देखिको आर्थिक कारोबारको हिसाब गरेर निकिताको नाममा रहेको सम्पत्ति जफतको माग गरिएको छ। जब कि त्यतिवेला रविसँग उनको चिनजानसमेत थिएन। उनीहरूले सन् २०१९ मा बिहे गरेका हुन्। कानुनविद्हरूले भने अपराधको पैसा तहगत रूपमा परिचालन गरेको र सम्बन्धित व्यक्तिसँगको सम्पत्तिको स्रोत नखुलेको अवस्थामा मात्र सम्पत्ति शुद्धीकरणको मुद्दा दायर हुने बताउँदै आएका छन्। रविले सहकारीबाट पैसा नलिएको र गोर्खा मिडियाको सेयर पनि पैसा नलिई फिर्ता गरेको संसदीय छानबिन समितिकै प्रतिवेदन भएको अवस्थामा उनलाई २७ करोड ८७ लाख बिगो कायम गरी मुद्दा दायर गरेको छ।

### रविलाई सांसदबाट निलम्बनमा पनि प्रश्न

अदालतमा सम्पत्ति शुद्धीकरणसहितको अभियोग दर्ता भएलगत्तै हतार-हतार रविको सांसद पद निलम्बन गरिएको छ। सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा कुनै राष्ट्रसेवक तथा पदाधिकारीविरुद्ध मुद्दा दायर भएलगत्तै निलम्बन हुने प्रावधानको व्याख्या गरेर निलम्बन गरिएको छ। जब कि प्रतिनिधिसभा नियमावलीअनुसार पुर्पक्षका लागि थुनामा रहेको वा कसुरमा ठहर भएको अवस्थामा मात्र सांसद पद निलम्बन हुने प्रावधान छ। जब कि, अदालतबाट भ्रष्टाचारी ठहर भइसकेका कांग्रेसका टेकबहादुर गुरुङको सांसद पद भने बहाल छ।

### थुनछेक बहसका लागि सरकारले 'अस्वाभाविक रूपमा' खटायो नायब महान्यायाधिवक्ता

पोखरास्थित स्वर्णलक्ष्मी सहकारी ठगीको मुद्दामा मंगलबारदेखि कास्कीमा थुनछेक बहस सुरु भएको छ। जसमा सरकारले महान्यायाधिवक्ता कार्यालयका नायब महान्यायाधिवक्ता सञ्जीवराज रेग्मी नेतृत्वको टोली नै कास्की खटाएको छ। स्रोतका अनुसार अभियोग लेखनकै क्रममा समेत महान्यायाधिवक्ता कार्यालयको टोलीले सघाएको थियो। 'लामिछानेको हकमा मुद्दा सबैभन्दा बलियो बनाउनुपर्छ भन्ने निर्देशन थियो,' सरकारी वकिल कार्यालय स्रोत भन्छ, 'कुनै पनि मुद्दामा महान्यायाधिवक्ता कार्यालयको यति धेरै चासो सायदै देखिन्थ्यो।' जब कि, जिल्लामा हुने मुद्दामामिलामा सम्बन्धित जिल्लाकै सरकारी वकिल कार्यालयका वकिल सक्रिय हुन्छ, प्रायः केन्द्रबाट जाने हुँदैन।

### सम्पूर्ण राज्य नै रविका विरुद्ध लागेको देखिन्छ

● **कृष्ण पोखरेल**, विश्लेषक



राज्यले गरेको व्यवहार हेर्दा योजनाबद्ध ढंगले रवि लामिछानेसँग राजनीतिक प्रतिशोध लिन खोजेको देखिन्छ। उनको लोकप्रियता नै अपराध भएजस्तो देखियो, किनभने उनले बनाएको पार्टीले सबैभन्दा बढी कांग्रेसको सिट खोस्यो। हुँदाहुँदा राष्ट्रपति निर्वाचित भएको सिट पनि खोस्यो। त्यसले गर्दा उनलाई कारबाही गराउनमा कांग्रेसको भूमिका धेरै छ। अलि अगाडिसम्मको गठबन्धन हुँदा ओली रविप्रति सकारात्मक नै थिए। जब कांग्रेससँग गठबन्धन भयो, उनी पनि कांग्रेसकै लहलहैमा लागेको देखिन्छ।

योजनाबद्ध कहाँ देखिन्छ भने यो विषयमा अब थुनामा नराखी कारबाही गर्ने भन्यो भने अर्को जिल्ला लान्छन्। एकएक गरी पाँच जिल्लामा मुद्दा राखेको छ र थुनामै राख्नाको कारण सम्पत्ति शुद्धीकरणको मुद्दासँग जोडिएको छ। पाँचवटा जिल्ला घुमाउने गतिविधि हेर्दा योजनाबद्ध देखिन्छ। योजनाबद्ध रूपमा रविको छवि धमिल्याउने प्रयास देखिन्छ। यसका बाबजुद पनि महत्त्वपूर्ण के छ भने उनी प्रत्यक्ष पैसा ल्याउने काममा संलग्न भएको देखिँदैन। श्रीमतीको सम्पत्ति जफत गर्नुपर्छ भन्ने कुरा पनि छ। राज्यले प्रतिशोध साँध्यो भने के-के गर्न सक्दो रहेछ भन्ने उदाहरण हो यो।

निलम्बनमा पनि उस्तै भयो, कुन कानुन प्रयोग गर्दा निलम्बन गर्न दिन्छ, त्यही कोड गरेर माग गरिएको छ। माग गर्ना साथ सभामुखले निलम्बन गरेका छन्।

# ५० वर्ष राजनीतिक संगत गरेका र अधिकांश समय एउटै कित्तामा रहेका रावलको ओलीमाथि गम्भीर आक्षेप

### 'देशभक्तिपूर्ण वैकल्पिक राजनीतिक शक्ति' बनाउने रावलको घोषणा

**पार्टी गठनपूर्व उनले देशव्यापी मातृभूमि जागरण अभियान चलाउने, एमालेभित्रको असन्तुष्ट मत र निराशामा रहेका समाजका विभिन्न व्यक्तित्वहरूलाई संगठित गर्ने संकेत**

**शुरोजंग पाण्डे**/नयाँ पत्रिका

राजनीतिक जीवनको उत्तरार्द्धमा एमालेका पूर्वउपाध्यक्ष भीम रावलले तत्काल अभियान चलाएर केही समयपछि नयाँ पार्टी गठन गर्ने घोषणा गरेका छन्। पाँच दशक लामो सक्रिय राजनीतिमा रहेका रावलले पुराना दलहरूले जनताको आकांक्षा पूरा गर्न नसक्ने भन्दै 'देशभक्तिपूर्ण वैकल्पिक

» पृष्ठ ९ मा क्रमशः



रावल



ओली

प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी ओलीको नीति, नियत र कार्यशैलीमाथि ६ दर्जनभन्दा धेरै प्रश्न

### ■ यस्ता छन् ओलीलाई रावलका ७४ प्रश्न

१ २०७४ निर्वाचनपछिको मन्त्रिपरिषद्मा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसहित उपप्रधानमन्त्री, राज्यमन्त्री र सहरी विकासमन्त्री दिने काम कुन नियत र उद्देश्यले राख्नुभयो ? मन्त्रीहरू हेर्दा पार्टीप्रतिको निष्ठा र इमान देखिन्थ्यो कि समाप्त भएको झल्कन्थ्यो ?

२ सरकारको काम प्रभावकारी तुल्याउन वामदेव गौतमको संयोजकत्वमा गठित कार्यदलको प्रतिवेदन र चुनावी घोषणापत्रका वाचाविपरीत किन सरकार सञ्चालन गर्नुभयो ?

३ स्थायी कमिटीलाई कुनै जानकारी नगराई पालैपालो प्रधानमन्त्री हुने गोप्य सम्झौता गर्नुभएको हो कि होइन ? एमाले र माओवादी केन्द्रबिच एकीकरणको उद्देश्य केवल प्रधानमन्त्रीको पद हत्याउने मात्र रहेछ भन्ने घटनाक्रमले पुष्टि गरेन र ?

४ २०७५ साल फागुनमा सुरक्षा परिषद्सम्बन्धी विधेयकमा परिषद्को बैठक नबोलाई प्रधानमन्त्रीले नै सेना परिचालन गर्न सक्ने प्रावधान राख्न लगाउनुको उद्देश्य तानाशाह बन्ने कुआकांक्षा थियो, होइन र ?

५ सिके राउतसँग दुई देशका प्रतिनिधिहरूबिच झैँ सम्झौता गरी 'स्वतन्त्र मधेश'को धारणा स्वीकार गर्नु के स्वाधीन र अखण्ड नेपालको प्रधानमन्त्रीलाई सुहाउने काम थियो ?

६ नेपालमा आयात हुने फलफूल, तरकारी, माछा–मासुलगायतका खाद्यान्नमा विषादीको परीक्षण गरिने भएपछि त्यसको विरोधमा भारतीय दूतावासले धम्कीपूर्ण पत्र पठाउँदा उक्त परीक्षण नगर्न मन्त्रिपरिषद्मा निर्णय गरेर लम्पसार पर्ने तपाईं नै होइन र ?

» पृष्ठ ९ मा क्रमशः

# माधव र वामदेवबिच पार्टी एकताको समझदारी

नयाँ पत्रिका

एकीकृत समाजवादी र पार्टी एकता राष्ट्रिय अभियानबिच एकताको सैद्धान्तिक समझदारी भएको छ। सैद्धान्तिक, राजनीतिक र संगठनात्मक विषयमा थप छलफल गरेर टुंग्याउने र छिट्टै एकता गर्ने समझदारी बनेको हो।



एकीकृत समाजवादीको केन्द्रीय कार्यालय मीनभवनमा बुधबार दुवै पार्टीका शीर्ष नेताहरूको बैठकमा एकता समझदारी भएको हो। समझदारीअनुसार अभियानका अध्यक्ष गौतम एकीकृत समाजवादीका वरिष्ठ नेता हुनेछन्।

गौतमलाई अध्यक्ष माधवकुमार नेपाल र सम्मानित नेता झलनाथ खनालपछिको तेस्रो वरीयता दिइनेछ। हाल एकीकृत समाजवादीमा डा. बेदुराम भुसाल, घनेन्द्र बस्नेत र प्रमेश हमाल वरिष्ठ नेता छन्। गौतमको जिम्मेवारी र अभियानका अन्य नेतालाई कुन कमिटीमा कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा फेरि छलफल हुने भएको छ। अभियानका उपाध्यक्ष सात, महासचिव एक, उपमहासचिव एक, सचिव एक, कोषाध्यक्ष एकसहित ८९ सदस्यीय

» पृष्ठ ९ मा क्रमशः



■ नागढुंगा-नौबिसे-मुग्लिन सडकखण्ड विस्तार

# नतिजा देखिने गरी काम गर्न भौतिकमन्त्री दाहालको निर्देशन

नयाँ पत्रिका

भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले नागढुंगा-नौबिसे-मुग्लिन सडक निर्माणको नतिजा देखिने गरी काम गर्न निर्देशन दिएका छन् । निर्माणाधीन सडकको बुधबार स्थलगत निरीक्षण गरी निर्माण कम्पनी तथा मन्त्रालयका नियमनकारी कार्यालयलाई सो निर्देशन दिएका हुन् ।



निर्माणका क्रममा समस्या देखिए मन्त्रालयले समन्वय र नेतृत्व गरी समाधान गर्ने भन्दै उनले अझै पनि निर्माण कार्य सुस्त बने सह्य नहुने चेतावनीसमेत दिएका छन् ।

नागढुंगा-नौबिसे-मुग्लिन, नौबिसे-मलेखु तथा मलेखु-मुग्लिन खण्डको निरीक्षण गर्दै उनले संघीय राजधानीलाई देशका विभिन्न भागसँग जोड्ने लाइफलाइनको रूपमा रहेको सडक निर्माणमा भएको ढिलासुस्तीले नागरिक मारमा परेको बताए । यसकारण परिणाम देखिने गरी काम नगरे सह्य नहुने उनको भनाइ छ ।

निरीक्षणका क्रममा रहेका मन्त्रालयका सचिव केशवकुमार शर्माले मासिक लक्ष्य निर्धारण गरी नियमित रूपमा मन्त्रालयमा लक्ष्य र परिणाम पेस गर्न निर्माण कम्पनी एवं आयोजना प्रमुखलाई निर्देशन दिए । कुनै पनि बहाना र कारणले निर्माणमा ढिलासुस्ती नगर्न भन्दै उनले कामको परिणाम देखिने गरी निर्माणमा द्रुतता दिन आग्रह गरे । यस्तै, सडक विभागका महानिर्देशक रामहरि पोखरेलले निर्माणमा देखिएका स्थानीय अवरोध र समस्या मन्त्रालयले समाधान गरिसकेकाले अब परिणाम देखाउने काम निर्माण कम्पनीको रहेको बताए ।

यसअघि निर्माण सामग्री जुटाउन देखिएको समस्या मन्त्रीकै अग्रसरतामा भएको पहलपछि समाधान भएको थियो । निर्माण कम्पनीका प्रतिनिधिले सो अवसरमा अब मासिक लक्ष्य निर्धारण गरी लक्ष्य प्राप्ति हुने ढंगबाट काम गर्ने प्रतिबद्धता जनाएका थिए । कार्यभार सम्हालेपछि यसअघिसमेत मन्त्री दाहालले यस सडक खण्डको निरीक्षण गरी कामलाई तीव्र बनाउन निर्देशन दिएका थिए । १० असोजमा मन्त्रालयले सडक निर्माणमा तीव्रता दिन निर्देशन दिएपछि कामले गति लिएको थियो ।

दुई लेनको नागढुंगा-नौबिसे सडक चार लेनमा विस्तार भइरहेको छ । नागढुंगा-नौबिसे सडकको लम्बाइ १२ किमि छ । यो सडक ०७८ मा पहिलो खण्ड र ०७९ मा दोस्रो खण्ड विस्तारका लागि ठेक्का लागेको थियो । यसको निर्माण अवधि तीन वर्षको रहेको छ ।

---

बागमती प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यालय
रसुवा

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक सूचना जारी गरिएको मिति: २०८१/९/१८**

यस कार्यालयको मिति २०८१/८/१४ मा प्रकाशित उल्लेखित आयोजनाको देहायको बोलपत्रदाताको बोलपत्र न्युनतम र सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतको लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा सोहि ऐन को दफा ४७ को उपदफा १ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारि गरिएको छ ।

| क्र सं. | ठेक्का नम्बर | योजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | जम्मा कवोल अंक (भ्याट तथा PS सहित) रु. |
|---|---|---|---|---|
| 1. | IDORASUWA/W/NCB/R-04/2081/82 | Improvement of Roads of Nepal Electricy office to District Administraion Ofiice, Rasuwa | M/S Tayungbhumi Nirnan Sewa and Suppliers Naukunda-2, Rasuwa | 2,955,073.87 |
| 2. | IDORASUWA/W/NCB/R-05/2081/82 | Improvement of Road of Kudule Dharapani Thakle Sandikhola Sadak Kalika RM-3, Rasuwa | M/S Bogati Nirock Builders and Suppliers Pvt.Ltd. Nuwakot | 6,191,647.01 |
| 3. | IDORASUWA/W/NCB/R-06/2081/82 | Improvement of Road of Zerokilo Aambas Bhorle Parchyang Yarsa Doklang Sadak ( Parchyang, Naukunda Rural Municipality Office) | M/S Shree Naukunda Janahit Construction Naukunda Ga.Ppa -3, Rasuwa | 3,238,341.07 |

कार्यालय प्रमुख

---

## शाखा कार्यालय गाभ्ने/गाभिने सम्बन्धी सूचना !!

यस सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. को तपसिल बमोजिमका शाखा कार्यालय मिति २०८१ पुस २५ गते बिहीबार देखि लागुहुने गरी अर्को शाखा कार्यालयमा गाभिने भएकोले हाल गाभिने शाखा कार्यालयबाट प्रवाह भैरहेका सम्पूर्ण सेवाहरू गाभिएको शाखाबाट प्रवाह हुने भएकोले सम्पूर्ण बीमित, अभिकर्ता तथा अन्य सेवाग्राहिहरू, नियमनकारी निकाय लगायत सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धमा कुनै कठिनाइ उत्पन्न भएमा वा थप जानकारी आवश्यक भएमा तल उल्लेखित नं. मा सम्पर्क गर्नुहुन वा कम्पनीको केन्द्रिय कार्यालयमा सम्पर्क गर्नुहुन समेत अनुरोध छ।

| सि.नं. | गाभिने शाखा कार्यालयको नाम र ठेगाना | गाभिएर सेवा निरन्तर हुने शाखा कार्यालयको नाम र ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|
| १ | डुम्रे शाखा<br>बन्दीपुर गाउँपालिका वडा नं. १, तनहुँ | दमौली शाखा<br>ब्यास नगरपालिका वडा नं. २, तनहुँ | ९८२०१०६१९२,<br>९८०२३३२९५५,<br>९८२०१०६१८३ |

SuryaJyoti जीवनको लागि
सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
केन्द्रिय कार्यालय, शान्ता प्लाजा, ज्ञानेश्वर, काठमाण्डौ | फोन : ०१-४५४५९४१/४२
इमेल : info@suryajyotilife.com | वेबसाइट : www.suryajyotilife.com

---

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८१ साल पुष महिना १८ गते बिहीबार)

यस विकास बैंकको शाखा कार्यालय ड्राईभरटोलबाट तपशिलमा उल्लेखित ऋणीले व्यापारिक अधिविकर्ष तथा आवधिक कर्जा शिर्षक अन्तगर्त लिएको कर्जाको साँवा ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमका बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**ऋणीको विवरण**

नाम : **न्यू केस्ट्रल स्टोर्स** प्रोप्राइटरको नाम : प्रकृती कार्की प्रा.फ.र.नं. : ४२८२५/०७५
दर्ता जारी गर्ने कार्यालय : वाणिज्य कार्यालय रुपन्देही दर्ता मिति : २०७५/०५/१९
रजिष्टर्ड ठेगाना : रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ८ स्थायी लेखा नं. : ६०८३८३८९५

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) मधुकर कार्कीको छोरी होमराज उप्रेतीको बुहारी राजु उप्रेतीको पत्नी रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ९ हाल, वडा नं. ८ बस्ने **सुश्री प्रकृति कार्की** (ना.प्र.नं. : ५९५५ जारी मिति र जिल्ला : २०५३/०२/१०, रुपन्देही)

२) दुर्गा प्रसाद पाठकको छोरी नन्दलाल उप्रेतीको बुहारी होमराज उप्रेतीको पत्नी चितवन जिल्ला भरतपुर वडा नं. ७ हाल, भरतपुर म.न.पा. वडा नं. ७ बस्ने **खेमा कुमारी उप्रेति** (ना.प्र.नं. : ५२९२ जारी मिति र जिल्ला : २०५१/०१/१४, चितवन)

३) होमराज उप्रेतीको नाति राजु उप्रेतीको छोरा रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ८ बस्ने **प्रतिक उप्रेती** (ना.प्र.नं. : ३७-०१-७१-०५७०१ जारी मिति र जिल्ला : २०७१/०६/०७, रुपन्देही)

४) नन्दलाल उप्रेतीको नाति होमराज उप्रेतीको छोरा चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. ८ हाल, रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा.वडा नं. ८ बस्ने **राजु उप्रेती** (ना.प्र.नं. : १०५९६/०५२ जारी मिति र जिल्ला : २०५२/११/१३, चितवन)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
१) मिति २०८१/०४/२२ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।
२) मिति २०८१/०७/२८ को कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धनीको नाम | ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| खेमा कुमारी उप्रेती | चितवन जिल्ला गीतानगर वडा नं. ४ | ४क | ७९२ | १०१५.८९ |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८१/१०/०३ गते विहीबार भित्र यस बैकको शाखा कार्यालय ड्राईभरटोल आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८१/१०/०४ गते शुक्रबार दिउसो १:०० बजे यस बैकको शाखा कार्यालय ड्राईभरटोलमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"
मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

---

## झरना बचत तथा ऋण सहकारी संस्था लि.

सातदोबाटो-१५, ललितपुर । फोन नं. ०१-५४३८९४७, ५४५२६०९

### तपसिलमा उल्लेखित ऋणीको धितो लिलामी सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

*(पहिलो पटक प्रकाशित मिति: २०८१ पौष १८ गते बिहिबार*

*तपसिलमा उल्लेखित ऋणीले यस सहकारी संस्था लि.बाट लिनु भएको कर्जाको सहकारीलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता, ब्याज र हर्जाना समेत नतिरी नबुझाई सहकारीसंग गरेको कर्जा सम्बन्धी कबुलियत (सम्झौता) उल्लंघन गर्नु भएकोले तपसिलका ऋणी र जमानीकर्तालाई पटक-पटक मौखिक एंव लिखित ताकेता गर्दा समेत कर्जाको साँवा तथा सो मा लागेको ब्याज र हर्जाना रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्था गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणी तथा ब्यक्तिगत जमानीकर्ता तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता गर्नु हुन यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस सहकारीमा सम्पर्क राखी आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज हर्जाना रकम अबिलम्ब चुक्ता भुक्तानी गर्नु होला, भुक्तानी गर्नु भएको कुनै प्रमाण भए पेश गर्नुहोला अन्यथा तपाई ऋणी र हामी यस सहकारी संस्था लि. बिच भए गरेका सर्त सम्झौता, सहकारीको नियम तथा प्रचलित ऐन कानूनले दिएको अधिकार प्रयोग गरी तपाईले ऋणको सुरक्षण बमोजिम यस सहकारी संस्थालाई दृष्टिबन्धकी गरि दिएको चल-अचल सम्पत्ति जे जस्तो अबस्थामा र भोगमा छ सोही अबस्थामा गोप्य सिलबन्दी बोलपत्रबाट लिलाम (बिक्री) गरि सहकारीको लेना रकम असुल उपर गर्न तर्फ आबश्यक कारवाही गरिने ब्यहोरा सुचित गरिन्छ । साथै धितो सुरक्षणको लागि राखेको जग्गा लिलाम बिक्री हुन नसकि यस सहकारीले धितो (जग्गा) सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट तपाईले सहकारीलाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र जमानीकर्ताको अन्य घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडी बढाईने ब्यहोरा समेत यसै सूचनाद्धारा सूचित गरिन्छ ।*

*तपसिल*

| ऋणीको विवरण र फोटो | जमानत दिनेको विवरण र फोटो | धितोमा रहेको सम्पत्तिको विवरण |
|---|---|---|
| नाम: कुमारी लिम्बु<br>बाबु : इन्द्र वहादुर लिम्बु<br>ससुरा : रत्न कुमार सुब्बा<br>ठेगाना : सुनसरी जि. दुवही गा.वि.स. वडा नं ०९ हाल झापा जि.इटहरी उ.न.पा. वडा नं ०६<br>ना.प्र.नं. : ४३८२८।४५८२८<br>जारी मिति : २०५५।०३।२४<br>जि.प्र.का. : सुनसरी | नाम : मदन कुमार इङनाम<br>बाबु : रत्न कुमार सुब्बा<br>बाजे : शेर वहादुर सुब्बा<br>ठेगाना:झापा जि.तोपागाछी गा.वि.स. वडा नं ०६ हाल झापा जि. कमल गा.पा. वडा नं ०४<br>ना.प्र.नं. : १७७३१७६११<br>जारी मिति : २०५२।०३।१४<br>जि.प्र.का. : झापा | मालपोत कार्यालय भक्तपुरमा ऋणी कुमारी लिम्बुको एकलौटी नाममा दर्ता रहेको भक्तपुर जिल्ला सिपाडोल गा.वि.स. वडा नं. ०६ कि.नं. १७३७ को क्षेत्रफल ०-५-२-१ भएको जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत । |

**लिलाम हुने/गोप्यशिलबन्दी बोलपत्र खोल्ने मिति,समय र स्थान:**
*मिति: २०८१ साल माघ महिना २४ गते । सो दिन सार्वजनिक विदा पर्न गएमा त्यसको लगत्तै कार्यालय खुलेको दिन सोही स्थान र समयमा ।*
*स्थान: झरना साकोसको कार्यालय, सातदोबाटो-१५, ललितपुर ।*
*समय: विहान १०:०० बजे देखि कार्यालय बन्दहुने समय भन्दा १ घण्टा अगाडीसम्म ।*

---

## गैर बैंकीङ्ग सम्पत्ती जायजेथाहरू विक्री गर्ने बारे ७ दिने जरूरी सुचना

(प्रकाशित मितिः २०८१/०९/१८)

यस संस्थाको नाउंमा दर्ता कायम भएको तपशिलमा उल्लेखित गैर बैंकीङ्ग सम्पत्ती जायजेथाहरु जग्गा जहां जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा विक्री गरिने भएकोले सो खरीद गरिलिन इच्छुक महानुभावहरुले यस संस्थामा सम्पर्क राखि तपशिलमा उल्लेखित जग्गा/घर खरिद गरि लिन चाहेको मुल्य स्पष्ट संग उल्लेख गरि रितपूर्बक सिलबन्दी बोलपत्र संस्थाको कार्यालय कमलादी, काठमाण्डौमा यो सुचना प्रकाशित मितिले ७ दिन भित्र पेश गर्न हुन सुचित गरिन्छ ।

**तपसिल**

**विक्री गरिने अचल सम्पत्ति जग्गाको विवरणः**

| | |
|---|---|
| १ | नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) जिल्ला, साविक सुनवल ८/ज, हालको ठेगाना नवलपरासी (वर्दघाट सुस्ता पश्चिम सुनवल) ८ को कित्ता नं ३०८ क्षेत्रफल १-७-० को जग्गा तथा सो जग्गाले चर्चेको लिगलगापात समेत । |
| २ | रुपन्देही जिल्ला, साविक करहिया ८/ग, हालको ठेगाना तिलोत्तमा ९, रुपन्देहीको कित्ता नं ६५२ क्षेत्रफल ०-२-६.७५ र ६५७ को क्षेत्रफल ०-३-६.५ जग्गा तथा सो जग्गाले चर्चेको लिगलगापात समेत । |
| ३ | रुपन्देही जिल्ला, साविक टिकुलीगढ ७/ख, हालको ठेगाना तिलोत्तमा १४ रुपन्देही को कित्ता नं १२२६ क्षेत्रफल ०-४-० को जग्गा तथा सो जग्गाले चर्चेको लिगलगापात समेत । |
| ४ | रुपन्देही जिल्ला, साविक करहिया ९/क, हालको ठेगाना तिलोत्तमा ८, रुपन्देही जिल्लाको कित्ता नं ५३५ क्षेत्रफल ०-१-२.५ को घर,जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत । |
| ५ | रुपन्देही जिल्ला, साविक गंगोलीया ९/ख को कित्ता नं २९६ क्षेत्रफल २-१-१३, कित्ता नं २९७ क्षेत्रफल २-१-१३ कित्ता नं ३०१ क्षेत्रफल ०-४-१७ र कित्ता नं ३०२ क्षेत्रफल ०-४-१७ को जग्गा तथा सो जग्गाले चर्चेको लिगलगापात समेत । |
| ६ | रुपन्देही जिल्ला, साविक टिकुलीगढ ९(ख) को कित्ता नं ७६५ क्षेत्रफल ०-१-० को जग्गा तथा सो जग्गाले चर्चेको लिगलगापात समेत । |
| ७ | रुपन्देही जिल्ला, साविक बलरामपुर ७ को कित्ता नं ७५ क्षेत्रफल १-१-१७ जग्गा तथा सो जग्गाले चर्चेको लिगलगापात समेत । |

**शिलबन्दी बोलपत्र सम्बन्धि शर्तहरुः**

१. शिलबन्दी बोलपत्र यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र संस्थाको प्रधान कार्याल कमलादी, काठमाण्डौमा प्राप्त भई सक्नु पर्नेछ । सो बोलपत्र ८औ दिनमा दिनको २:०० बजे, सो दिन विदा परे सो को भोलिपल्ट खोलिने छ ।
२. बोलपत्र फाराम यस संस्थामा कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
३. बोलपत्रको खाम बाहिर घर/जग्गा लिलाम विक्रीको गोप्य शिलबन्दी बोलपत्र भनी स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
४. खरिद गरि लिन चाहेको उल्लेखित सम्पत्ति के कति रकममा खरिद गरि लिन चाहेको हो सो रकम अंक तथा अक्षरमा स्पष्ट लेखिएको हुनुपर्नेछ । आफुले कबुल गरेको रकमको घटीमा १० प्रतिशतका दरले धरौटी स्वरुप संस्थाको धरौटी खाता वा संस्थाको नामको प्रभु बैक लि. कोटेश्वर शाखाको खाता नं. ०१७००१७८१२४०००२६ मा जम्मा गरि सो को भौचर बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ ।
५. बोलपत्रवालाको नागरिकता/परिचयपत्र/दर्ता प्रमाणपत्रको प्रतिलिपी बोलपत्र साथ समावेश गर्नु पर्नेछ ।
६. बोलपत्र खोलिने दिन समय भित्र बोलपत्र दाता स्वंय वा निजको प्रतिनिधि उपस्थित हुन यसै सुचनाद्वारा जानकारी गराइन्छ । निजहरुको उपस्थित नभएपनी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
७. म्याद नाघि वा रित नपुगी आएका तथा शर्त राखि दिएको बोलपत्र उपर कुनै कार्वाही गरिने छैन ।
८. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्र दाताले सो को सुचना गरेको मितिले ७ दिन भित्र धरौटी बाहेकका बाँकी कबुल रकम संस्थामा जम्मा गर्नु पर्नेछ । अन्यथा धरौटी वापत जम्मा गरिएको रकम जफत हुनेछ ।
९. बोलपत्र स्वीकार गर्ने नगर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
१०. रजिष्ट्रेशन गर्ने कार्यालयमा खरिदकर्तालाई लाग्ने सरकारी दस्तुर र अन्य रकम कलम खरिदकर्ता आफैले ब्यहोर्नु पर्नेछ ।
११. अन्य जानकारीका लागि संस्थाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखि हेर्न बुझ्न सकिनेछ ।

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड
Reliance Bhawan, Kamaladi, Kathmandu. Tel: +977-1-5361104, 5323117, 5361041, 5361167, 5903698
info@reliancenepal.com.np | www.reliancenepal.com.np
वित्तीय सेवाको अर्को परिभाषा

---

# ठगी आरोपमा चारजना पक्राउ

**काठमाडौं**/ वैदेशिक रोजगारीका लागि विभिन्न देश पठाउने भन्दै ६६ लाख ८० हजार ठगी गरेको अभियोगमा प्रहरीले चारजनालाई पक्राउ गरी सार्वजनिक गरेको छ। पक्राउ पर्नेमा गोरखा गण्डकी गाउँपालिका-२ घर भई हाल चितवन, भरतपुर उप-महानगरपालिका-१० बस्ने ४३ वर्षीय कुलबहादुर थापा, गोरखा गण्डकी नगरपालिका-२ घर भई काठमाडौं नागर्जुन बस्ने ३१ वर्षीय राजन आले, पर्सा वीरगन्ज-१६ का ३० वर्षीय जयप्रकाश चौरसिया तथा भक्तपुर सूर्यविनायक नगरपालिका-५ बस्ने २७ वर्षीय आकाश दुलाल रहेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका सूचना अधिकारी एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिए। उनले भने, 'पक्राउ परेकाहरू बेरोजगार युवायुवतीलाई आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देशमा रोजगारीका लागि लैजाने भन्दै लामो समयसम्म झुक्याएर सम्पर्कविहीन भएका थिए। पीडितको उजुरीका आधारमा उनीहरूलाई पक्राउ गरिएको हो।'

पक्राउ परेकामध्ये थापा र आलेले अमेरिका पठाइदिने भन्दै ५९ लाख २५ हजार तथा चौरसियाले अजरबैजान पठाइदिने भन्दै एकजनाबाट चार लाख र दुलालले युएई पठाइदिने भन्दै एकजनाबाट तीन लाख ५५ हजार रकम लिई सम्पर्कविहीन भएको पीडितहरूको आरोप रहेको प्रहरीले जनाएको छ। पक्राउ परेकालाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाएको सूचना अधिकारी आचार्यले बताए।

# ■ माइतीघरमा धोती दिवस



सिके राउत नेतृत्वको जनमत पार्टीले आज धोती दिवस मनाएको छ। जनमतका नेता तथा कार्यकर्ता धोती लगाएर माइतीघरमा भेला भई धोती दिवस मनाएका हुन्। उनीहरूले भेलाका क्रममा 'धोती हाम्रो सान हो, मधेशको पहिचान हो। धोती दिवस जिन्दावाद'लगायत नारा लगाएका थिए। जनमत पार्टीको आइतबार बसेको केन्द्रीय सचिवालय समितिले आज धोती दिवस मनाउने निर्णय गरेको थियो। पार्टीले सबै जिल्लामा राष्ट्रिय पोसाक (धोती) दिवस मौलिकता झल्कने गरी कार्यक्रम गरी मनाउन परिपत्रसमेत गरेको थियो।

तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

# सन् २०३० सम्म नेपाललाई बालविवाहमुक्त बनाइने

**काठमाडौं**/ नेपालमा २०३० सम्म बालविवाह अन्त्य गर्ने उद्देश्यसहित 'बालविवाहमुक्त नेपाल' राष्ट्रिय अभियान सुरु गरिएको छ। अभियानको सुरुवात मंगलबार काठमाडौंमा मैनबत्ती र्‍यालीबाट भएको छ। मैनबत्ती बाल्ने कार्यक्रममा नेपाल र भारतका बाल अधिकारकर्मी, बालबालिका र स्थानीय बासिन्दा सहभागी थिए। अभियानलाई जस्ट राइट्स फर चिल्ड्रेन र ब्याकवर्ड सोसाइटी एजुकेसनले सहयोग गरेको छ।

राष्ट्रिय मानव अधिकार आयोग तथा बाल अधिकार र संरक्षणको क्षेत्रमा काम गर्दै आएका विभिन्न संघसंस्थाले कार्यक्रम आयोजना गरेका थिए। कार्यक्रममा सहभागीले बालविवाहलाई समाजको ठूलो अपराधका रूपमा चित्रण गर्दै यसको नकारात्मक प्रभावबारे जागरुकता फैलाउने बताए। यसै क्रममा अभियन्ताहरूले मंगलबार प्रधानमन्त्री केपी ओलीलाई भेटेर यसबारेमा ध्यानाकर्षणसमेत गराएका थिए। ओलीले अभियानप्रति ऐक्यबद्धता जनाउँदै यसलाई सफल बनाउन सरकारको पूर्ण समर्थन रहने बताए। नेपाल बालविवाहविरुद्ध कडा कानुनी प्रावधान भएको देशमध्ये एक भए पनि दक्षिण एसियामा बालविवाहको उच्च दर भएको दोस्रो देश मानिन्छ। नेपालमा हाल छोराछोरी दुवैका लागि कानुनी विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकिएको छ।

---

## धुलिखेल समाज, काठमाडौं
## १५ औं साधारण सभाको सूचना

यस धुलिखेल समाज काठमाडौंको १५ औं साधारण सभा २०८१ साल पौष २७ गते शनिवारका दिन बागमति प्रदेशका निवर्तमान संस्कृति तथा पर्यटन मन्त्री, माननीय श्री दिपेन्द्र श्रेष्ठज्यूको प्रमुख आतिथ्यता तथा धुलिखेल नगरपालिकाका प्रमुख श्री अशोक कुमार ब्याञ्जुज्यूको विशेष आतिथ्यतामा हुने भएकोले साधारण सदस्यज्यूहरू/आजीवन सदस्यज्यूहरूलाई जानकारीको लागि विधानत यो सूचना प्रकाशित गरिएको छ र कार्यक्रममा उपस्थितिको लागि हार्दिक अनुरोध छ ।

**कार्यक्रम :**
**स्थान** : अनमोल क्याटरिङ्ग (बैंक्वेट) शंखमुल, टेम्पु पार्क
**समय** : विहान १० बजे
**मिति** : २०८१/९/२७ गते शनिवार

**(खाजा तथा खानाको व्यवस्था छ)**
सम्पर्क नं. : ०१-५९०३४५४/९८५१०२१७३५/९८५१११९७१०

धुलिखेल समाज, काठमाडौं २०५३

**गयानाथ श्रेष्ठ (माकजु)**
**महासचिव**
**धुलिखेल समाज काठमाडौं**

# दलीय ट्रेड युनियन अधिकार यथावत् राख्ने कसरतमा 'नेता कर्मचारी'

## दलहरूबिच ट्रेड युनियन हटाउन साझा धारणा बनेपछि कर्मचारी नेताहरू राजनीतिक लबिङमा



● **रामहरि खतिवडा**
सभापति, राज्य व्यवस्था समिति

सभापतिजी (कांग्रेस सभापति शेरबहादुर देउवा)सँग टेलिफोन सम्पर्क भइरहन्छ । त्यो सामान्य हो । आज पनि उहाँले सम्पर्क गर्नुभएको थियो । मुलुकलाई पनि अप्ठेरो नपर्ने गरी सबैलाई समेटेर कानुन बनाउन भन्नुभयो । ट्रेड युनियनका पनि कुरा सुन्नुहोला भन्नुभयो । अरू यो र त्यो यही निर्णय गर भन्नुभएको छैन । उहाँले अहिलेसम्म पनि कुनै विषयमा प्रेसर गर्नुभएको छैन । यसबारे पनि प्रेसर गरेर भन्नुभएको होइन । ट्रेड युनियनका विषयमा संविधानमा एउटा व्यवस्था छ । हामी छलफल गरिरहेका छौँ । सबैसँगको छलफलले निष्कर्ष निकाल्छ ।



**सुवास भट्ट**/नयाँ पत्रिका

प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा निजामती सेवा विधेयकउपर छलफल चलिरहँदा विभिन्न दलनिकट निजामती ट्रेड युनियनले एकजुट भएर राजनीतिक अधिकारका लागि दबाब दिइरहेका छन् । निजामती कर्मचारीले ट्रेड युनियन र राजनीतिक गतिविधि गर्न पाउने कि नपाउने भन्ने विषय आफैँ विवादित छ । त्यसमाथि नेपालमा दलैपिच्छेका ट्रेड युनियनको अस्वाभाविक गतिविधि आलोचित छ ।

दलको झन्डा बोकेका ट्रेड युनियनहरूको ध्यान निजामती प्रशासन सुधार्ने र कर्मचारी हकहितको वकालत गर्नुभन्दा सरुवा-बढुवा र स्वार्थपूर्ण निर्णयका लागि दबाब दिनमै केन्द्रित छ । यसैलाई रोक्ने सम्बन्धमा राजनीतिक रूपमा संसदीय समितिमा सांसदहरूको साझा धारणा बन्दै गर्दा दलीय ट्रेड युनियनहरूले फेरि दबाब बढाउन थालेका हुन् । यसका लागि उनीहरूले एकलदेखि संयुक्त रूपमा जोडबल गरिरहेका छन् ।

हालसम्म गर्दै आएका सबैखाले राजनीतिक गतिविधि निर्बाध जारी राख्न पाउनुपर्ने मागसहित ट्रेड युनियनहरूले दबाब दिएका छन् । विधेयकउपर छलफलका क्रममा दलीय ट्रेड युनियन अधिकार यथावत् राख्न ती संगठनसम्बद्ध कर्मचारीले राजनीतिक लबिङसमेत थालेका छन् । समितिबाट यो विषय टुंगिएमा आफूले उपभोग गर्दै आएको अवान्छित गतिविधि रोकिने भयले उनीहरू निर्णायक दबाबमा देखिएका छन् । दलीय ट्रेड युनियन विधेयकको प्रमुख पेचिलो मुद्दा हो ।

समितिको ११ पुसमा बसेको बैठकमा सत्तारूढ कांग्रेस र एमालेसहित दलहरू दलीय ट्रेड युनियन हटाउन सहमत देखिएका थिए । विधेयकमा आफ्नो संस्थागत धारणा राख्दै संसद्का दुई ठुला दल कांग्रेस र एमालेले दलैपिच्छे ट्रेड युनियन हटाउन सहमति जनाएका थिए । माओवादी, रास्वपा, राप्रपालगायत दलले यसअघि नै दलगत ट्रेड युनियन खारेज गर्नुपर्ने आवाज राख्दै आएका छन् । सत्तापक्ष नै हटाउन तयार भएपछि ट्रेड युनियनका सवालमा साझा सहमति बनेको छ । यद्यपि, समिति अन्तिम निष्कर्षमा भने पुगिसकेको छैन ।

छलफलमा सत्तापक्षका मुख्य सचेतक महेश बर्तौलाले अब हिजोकै मोडलबाट ट्रेड युनियन अगाडि लैजान नसकिने बताएका थिए । सत्ता साझेदार कांग्रेस प्रमुख सचेतक श्यामकुमार घिमिरेले दलगत ट्रेड युनियन खोल्न दिनै नहुने धारणा राखेका थिए । पेसागत हकहितमा बन्देज नहुने गरी व्यवस्थित गर्नुपर्ने धारणासहित बर्तौलाले भनेका थिए, 'लोकतन्त्रको आन्दोलनमा ठुलो योगदान पुर्‍याएकाले सम्मानसहित अब व्यवस्थित गरेर जानुको विकल्प छैन । राष्ट्रसेवक कर्मचारीभित्र व्यवस्थित गरौँ, सरोकारवालासँग थप छलफल गरौँ ।'

घिमिरेले पनि दलगत ट्रेड युनियन खोल्न दिनै नहुने धारणा राखेका थिए । 'कानुनले नै सरकारी पेरोलमा रहेकाले कुनै पार्टीको सदस्यता लिन पाइँदैन भनेर व्याख्या गरेको छ । तर, ट्रेड युनियनहरू दल जोडेर, बोर्ड झुन्ड्याएर बसेका छन्, सरकारले घर बनाइदिएर राखेको छ । यो सबै पार्टीले गरेका छौँ,' उनले भने, 'पार्टीगत ट्रेड युनियन पूर्ण रूपमा हटाउनै पर्‍यो । दलगत ट्रेड युनियन हटाउने ढंगले गइयो भने कर्मचारी प्रशासन सुधार हुन्छ । यो हाम्रो पार्टीकै धारणा हो ।' माओवादी प्रमुख सचेतक हितराज पाण्डेले यसअघि नै समिति बैठकमा दलीय ट्रेड युनियनका कारण सेवा प्रवाहमा असर परेको भन्दै हटाउनुपर्ने धारणा राखिसकेका छन् ।

समितिको अघिल्लो बैठकमा रास्वपा सचेतक निशा डाँगीले कर्मचारीको हकहितको अवधारणा बोकेको ट्रेड युनियनलाई नेपालमा दलीय भ्रातृ संगठन बनाइएको भन्दै हटाउनुपर्ने धारणा राखेकी थिइन् । 'ट्रेड युनियन कर्मचारीको हक-अधिकारका लागि आएको हो । तर, नेपालमा दलको भ्रातृ संगठन बनेको छ,' समितिमा उनले भनिन्, 'यो भाष्य चिर्न भ्रातृ संगठन होइन, एउटा मात्र बनाऔँ । हकहितका लागि ट्रेड युनियन चाहिन्छ, तर दलको भ्रातृ संगठन होइन ।' राप्रपा प्रमुख सचेतक ज्ञानबहादुर शाहीले पनि कर्मचारीले राजनीति गर्न नपाउने बताएका थिए । 'कर्मचारीलाई पेसागत संगठन किन आवश्यक पर्‍यो ? यसको आवरणमा राजनीति गर्न पाइँदैन,' उनले भनेका थिए, 'त्यसैले निजामतीमा ट्रेड युनियन आवश्यक छैन, किनकि निजामतीमा कर्मचारी आफैँ मालिक हो ।'

गत ९ पुसको समिति बैठकमा विज्ञहरूले पनि दलगत ट्रेड युनियन आवश्यक नभएको विषय उठाएका थिए । लोकसेवा आयोगका पूर्वअध्यक्ष उमेश मैनालीले दलैपिच्छेका ट्रेड युनियन आवश्यक नभएको भन्दै एउटै आधिकारिक ट्रेड युनियन हुँदा पुग्ने बताएका थिए । सो बैठकमा सहभागी पूर्वमुख्यसचिव विमल कोइरालाले पनि दलीय ट्रेड युनियनको विरोध गर्दै आवश्यक नभएको धारणा राखेका थिए ।

### ■ ट्रेड युनियनहरू एक ठाउँमा, दलहरूलाई नै चेतावनी

दलीय ट्रेड युनियन आवश्यक नभएको सम्बन्धमा दलहरूबिच मतैक्य बनिरहँदा तिनै ट्रेड युनियनहरूले उल्टै दलहरूलाई नै चेतावनी दिएका छन् । १२ पुसमा प्रमुख पाँच दलनिकट ट्रेड युनियनहरूले संयुक्त विज्ञप्ति नै जारी गरेर दलहरूलाई चेतावनी नै दिए ।

निजामती सेवा ऐन जारी नगर्ने वातावरण बनाएको भन्दै विषयान्तर गरेर उनीहरू दलीय ट्रेड युनियन व्यवस्थाको बचाउमा उत्रिए । समितिमा छलफलको क्रममा रहेको विधेयकबारे सांसदहरूले अस्वाभाविक ढंगले सञ्चारमाध्यमबाट नकारात्मक टिप्पणीतर्फ उन्मुख गराइरहेका भन्दै यसले ऐन छिटो जारी गर्नेभन्दा पनि अनावश्यक बखेडाको बहानामा अझै ढिलासुस्ती गर्ने र ऐन तत्काल जारी नगर्ने वातावरण तयार भइरहेको विज्ञप्तिमा जनाइएको छ । यसतर्फ निजामती क्षेत्रमा क्रियाशील राष्ट्रियस्तरका ट्रेड युनियनहरूको गम्भीर ध्यानाकर्षण भएको उनीहरूको भनाइ छ । संघीय निजामती सेवा ऐन तत्काल जारी गर्न सरकारलाई पुनः स्मरण गराउन चाहेको विज्ञप्तिमा उल्लेख छ ।

दलीय ट्रेड युनियनका विषयमा समितिमा राजनीतिक सहमति बनिरहेको सार्वजनिक भएपछि उनीहरू चेतावनीमै उत्रिए । 'विगत केही दिनदेखि राष्ट्रसेवकहरूलाई हतोत्साहित, उत्तेजित र मानमर्दन हुने प्रकारका अभिव्यक्ति दलविशेषकै आधिकारिक धारणा हुन् भन्दै विभिन्न सञ्चारमाध्यमबाट सार्वजनिक भइरहेका छन्,' संयुक्त विज्ञप्तिमा भनिएको छ, 'यस प्रकारका दम्भ प्रदर्शन नगर्न चेतावनी दिन चाहन्छौँ ।' व्यवस्था परिवर्तनका लागि भएका निर्णायक आन्दोलनमा ट्रेड युनियनहरूले सहभागिता जनाउँदै प्रथम जनआन्दोलन र दोस्रो जनआन्दोलनमा गरेका योगदान नबिर्सन राजनीतिक दल र सरकारलाई उनीहरूले स्मरण गराएका छन् ।

संघीय निजामती सेवा ऐन शीघ्र जारी गर्नुपर्ने मागसहित विषयान्तर गरेर उनीहरूले संयुक्त विज्ञप्ति जारी गरेका छन् । 'अब ऐन प्राप्तिका लागि यो क्षेत्रले धेरै समय कुर्न सक्दैन, तसर्थ यसका लागि दबाब सिर्जना गर्ने कठोर निर्णय लिन हामी बाध्य हुनेछौँ,' विज्ञप्तिमा भनिएको छ । विज्ञप्तिमा एमालेनिकट नेपाल निजामती कर्मचारी संगठनका अध्यक्ष लेखनाथ कोइराला, कांग्रेसनिकट नेपाल निजामती कर्मचारी युनियन अध्यक्ष गोपालप्रसाद पोखरेल, माओवादीनिकट नेपाल राष्ट्रिय कर्मचारी संगठनका अध्यक्ष अम्बादत्त भट्ट, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) निकट नेपाल मधेशी निजामती कर्मचारी मञ्चका अध्यक्ष भुवनेश्वर चौधरी र एकीकृत सरकारी कर्मचारी संगठन नेपालका अध्यक्ष यामबहादुर खत्रीको संयुक्त हस्ताक्षर छ ।

कांग्रेस सभापति शेरबहादुर देउवाले ट्रेड युनियनका विषयमा चासो राखेका छन् । बुधबार देउवा निवास बुढानिलकण्ठ पुगेका कांग्रेसनिकट नेपाल निजामती कर्मचारी युनियन अध्यक्ष गोपालप्रसाद पोखरेलसहितको टोलीले संविधानमा दलीय ट्रेड युनियन अधिकार यथावत् राख्न आग्रह गरेको थियो । त्यसपछि देउवाले राज्य व्यवस्था समितिका सभापति रामहरि खतिवडालाई फोन गरेर मुलुकलाई पनि अप्ठेरो नपर्ने गरी सबैलाई समेटेर कानुन बनाउन आग्रह गरेका थिए । देउवाले ट्रेड युनियनका पनि कुरा सुन्नुहोला भनेको खतिवडाले बताए । 'मुलुकलाई पनि अप्ठेरो नपर्ने गरी सबैलाई समेटेर कानुन बनाउन भन्नुभयो ।ट्रेड युनियनका पनि कुरा सुन्नुहोला भन्नुभयो । अरु यो र त्यो यही निर्णय गर भन्नुभएको छैन । उहाँले अहिलेसम्म पनि कुनै विषयमा प्रेसर गर्नुभएको छैन । यसबारे पनि प्रेसर गरेर भन्नुभएको होइन । ट्रेड युनियनका विषयमा संविधानमा एउटा व्यवस्था छ । हामी छलफल गरिरहेका छौँ । सबैसँगको छलफलले निष्कर्ष निकाल्छ,' उनले भने ।

---

■ ठेकेदारको दादागिरी

# महाकाली पुलको पहुँचमार्ग भत्काइयो



कञ्चनपुरमा **मोहन विष्ट**

कञ्चनपुरमा निर्माण (ठेकेदार) कम्पनीले महाकाली नदीमा निर्माणाधीन चार लेन पक्की पुलको पहुँचमार्ग (सडक) भत्काइदिएको छ । कुमार सिएफइसी ज्वाइन्ट भेन्चरले बुधबार दोधारा-चाँदनी नगरपालिकास्थित महाकाली पुलवारिपारि सडक खनेर पहुँचमार्ग एकतर्फी अवरोध गरेको हो । प्रहरीले निर्माण कम्पनीका इन्जिनियर किशोर पाण्डेसहित दुईजनालाई नियन्त्रणमा लिएर छाडेको छ । कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद सापकोटाले निर्माण कम्पनीका अधिकारीलाई नियन्त्रणमा लिएकामा सडक बन्द नगर्ने सर्तमा छाडिएको बताए ।

पुल निर्माण र पहुँचमार्ग निर्माणको ठेक्का पाएको कम्पनीले भने स्थानीयको दबाब थेग्न नसकेपछि पहुँचमार्ग भत्काउनुपरेको तर्क गरेको छ । इन्जिनियर पाण्डेयका अनुसार पुलसम्म जोड्ने पहुँचमार्गको गड्डाचौकी क्षेत्रमा केही स्थानीयले दुई सय मिटर सडक कालोपत्रे गर्न नदिएको भन्दै दबाबस्वरूप सडक खनिएको हो । त्यस्तै, चौथो भेरिएसन स्वीकृत नहुँदा अतिरिक्त काम रोकिएकाले सरकारलाई दबाब दिन खोजिएको उनले बताए । 'गड्डाचौकीमा पहुँच मार्गको बेस निर्माण भइसकेको छ, तर स्थानीयले अवरोध गरेपछि हामीले कालोपत्रे गर्न सकेका छैनौँ,' पाण्डेले भने, 'हामीले पठाएको चौथो भेरिएसन पनि स्वीकृत भएको छैन, त्यो नहुँदा गत भदौमा आएको बाढीले भत्काएको गाइडबन्ड पुनर्निर्माण गर्न सकेका छैनौँ ।'

हुन त निर्माण कम्पनी कुमार सिएफइसी ज्वाइन्ट भेन्चरले ४ पुसमा महाकाली पुल आयोजना कार्यालय महेन्द्रनगरलाई पत्र काट्दै गड्डाचौकीको बाधा-अड्चन नखुले पुल बन्द गर्न चेतावनी दिएको थियो । ९ पुसमा आयोजना कार्यालयले जिल्ला प्रशासन कार्यालय कञ्चनपुरलाई पत्र पठाउँदै गड्डाचौकीमा सडक अवरोध भएकाले सहजीकरणका लागि पत्राचार गरिएको थियो । आयोजना प्रमुख विवशबाबु सहादेवले हस्ताक्षर गरेको पत्रमा गड्डाचौकीदेखि दक्षिण दुई सय मिटर निर्माणमा अवरोध भएकाले आवश्यक सहयोग र सहजीकरण गरिदिन अनुरोध गरिएको थियो ।

महाकाली पुल आयोजना कार्यालयका सहायक सूचना अधिकारी दुर्गादत्त अवस्थीले गड्डाचौकीको अवरोध खुलाउने प्रयास नभएर १३ करोड रकम फ्रिज जाने भएकाले चाँडो सहजीकरण हुनुपर्ने बताए । कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद सापकोटाले पुलको पहुँचमार्ग निर्माणमा अवरोधदेखि चौथो भेरिएसनबारे भौतिक पूर्वाधार मन्त्रालयका सचिव र यातायात विभागका महानिर्देशकको ध्यानाकर्षण गराइएको बताए ।

भीमदत्त नगरपालिका- ११ गड्डाचौकीका स्थानीय भूपेन्द्र क्षेत्रीले गड्डाचौकी क्षेत्रमा पनि बाइपास सडक निर्माणको माग गरिएको बताए । 'चार लेन पुलदेखि पहुँचमार्गअन्तर्गत गड्डाचौकीसम्म दायाँबायाँ क्षेत्रमा बाइपास निर्माण गरिएको छ । हाम्रोतिर छैन, पुरानो सडक सुचारुका लागि पूर्व-पश्चिम बाइपास निर्माण गर्नुपर्ने माग मात्र हो,' उनले भने ।

---

# 'अवैध आर्जन गरेर वैध बनाउने कार्य बढ्दो'

## सम्पत्ति शुद्धीकरणजस्तो कसुर आर्थिक समस्या मात्र होइन, सामाजिक र राजनीतिक स्थिरताका लागि पनि खतरा हो : विशेष अदालत

**शिल्पा कर्ण**/नयाँ पत्रिका

विशेष अदालतले सम्पत्ति शुद्धीकरणजस्तो कसुरले आर्थिक मात्र नभई सामाजिक र आर्थिक रूपमा पनि राष्ट्रलाई असर गर्ने ठहर गरेको छ । नेपाल इन्जिनियरिङ कलेजका सञ्चालक लम्बोदर न्यौपानेसमेत प्रतिवादी रहेको सम्पत्ति शुद्धीकरणको मुद्दामा भएको फैसलामा व्यख्या गर्दै विशेषले पछिल्लो समय अवैध आर्जन गरेर वैध बनाउने कार्य बढ्दै गएको उल्लेख गरेको छ । यसको सामाजिक र राजनीतिक खतराबारे पनि सचेत हुनुपर्ने उसले जनाएको छ ।

न्यौपानेसमेत प्रतिवादी रहेको सम्पत्ति शुद्धीकरणको मुद्दामा गत २५ चैतमा कसुर कायमको फैसला भएको थियो । यो मुद्दामा दोषी देखिएकाको १६ वैशाखमा सजाय निर्धारण गरिएको थियो । हालै सार्वजनिक पूर्णपाठमा यस्ता अपराधले भ्रष्टाचार र शोषणको संवर्द्धन गर्न सक्ने र यसबाट नागरिक अधिकार तथा सुरक्षामा खतरा उत्पन्न हुने उल्लेख छ । यो मुद्दामा विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर तथा सदस्य रामबहादुर थापाको इजलासले फैसला गरेको थियो ।

'नेपालको सन्दर्भमा यस अपराधको असरहरूलाई विचार गर्दा मनी लाउन्डरिङ अपराधले समाजमा विविध प्रकारका नकारात्मक प्रभाव पार्छ । मनी लाउन्डरिङले धनको गैरकानुनी सञ्चारलाई प्रोत्साहन गर्दछ, जसले गर्दा समाजमा आर्थिक असमानता बढ्न सक्छ । यसले सामाजिक अविश्वास पनि बढाउँछ,' फैसलामा भनिएको छ, 'जब मानिसहरूले आर्थिक प्रणालीमा विश्वास गुमाउँछन्, तब समाजमा अविश्वास र अस्थिरता बढ्न सक्छ । यसले आर्थिक क्रियाकलापमा रोक लगाउन सक्छ । यो अपराधको कानुनी र राजनीतिक प्रभाव पनि रहन्छ । मनी लाउन्डरिङले सरकार र कानुनी निकायहरूको छवि बिगार्न सक्छ ।'

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २७ माघ ०७८ मा न्यौपानेसमेत नौजनाउपर मुद्दा दायर गरेको थियो । जसमध्ये न्यौपाने मात्र दोषी पाइएका हुन् । कलेजको नाममा हुनुपर्ने १२ करोड ८४ लाख रुपैयाँभन्दा बढी उनले आफू र सञ्चालक समितिका अन्य सदस्यलाई विभिन्न सुविधाबापत भन्दै बाँडेको अभियोग लगाइएको थियो । उनलाई तीन वर्ष कैद र १२ करोड ८४ लाख रुपैयाँको दोब्बर जरिवाना तोकिएको थियो ।

तर, हक नै नपुग्ने सम्पत्तिको अभिलेख नराखी निजी सम्पत्तिका रूपमा परिणत गरी खर्च गरेको आधारमा विशेष अदालतले उनलाई दोषी ठहर गरेको हो । 'निज प्रतिवादीसँग भएको सम्पत्ति के-कस्तो स्रोतबाट प्राप्त गरेको हो ? सो सम्पत्तिको स्रोत खुलाउने भार निज प्रतिवादीहरूमै रहेको देखिन्छ । निजले गरेको लगानीको अनुपातमा नेपाल सरकारलाई कुनै प्रकारको व्यक्तिगत आयबापत राजस्व कर तिरेको बुझाएको अवस्थासमेत देखिँदैन । यसरी निजको नाउँमा रहेको सम्पत्तिको अनुपातमा आयस्रोतसमेत पुष्टि हुने आधार प्रमाण यी प्रतिवादीले प्रस्तुत गर्न सकेको देखिन आउँदैन,' फैसलामा न्यौपाने दोषी ठहर हुनुको आधार उल्लेख गर्दै भनिएको छ ।

### २६ वर्षपछि किनारा लाग्यो एक क्विन्टल सुनको सुराकी प्रकरण

**काठमाडौं**/ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट ०५४ मंसिरमा बरामद एक क्विन्टल सुनको सुराकीमा भएको अनियमितता प्रकरण २६ वर्षपछि टुंगिएको छ । सर्वोच्च अदालतको पूर्ण इजलासले गत ११ पुसमा सदर हुने फैसला गरेसँगै यो विषय किनारा लागेको हो ।

संयुक्त इजलासमा राय बाझिएपछि पूर्णमा पुगेको यो मुद्दामा विशेष अदालतबाट भएकै फैसला सदर भएको हो । पछिल्लोपटक न्यायाधीशहरू सपना प्रधान मल्ल, हरिप्रसाद फुयाँल र टेकप्रसाद ढुंगानाको इजलासले यसमा फैसला गरेको हो । यसअघि सर्वोच्चकै न्यायाधीशहरू दीपककुमार कार्की र पुरुषोत्तम भण्डारीले फैसला गर्दा दुवैको फरक मत भएपछि यो मुद्दा पूर्णमा पुगेको थियो ।

काल्पनिक सुराकी खडा गरी आफैँले सुराकीबापतको रकम लिने गरेको अभियोग त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका प्रमुख भन्सार प्रशासक जनार्दन शर्मामाथि लगाइएको थियो । २९ मंसिर ०५४ मा सिंगापुर एयरलाइन्सबाट कोरियन दूतावासका कर्मचारीले ल्याएको एक क्विन्टल सुनको सुराकीको रकम बुझ्न पनि शर्माले यसैगरी नक्कली व्यक्ति खडा गरेर आफैँ बुझेको अभियोग लगाइएको थियो । सुनको विषयमा अनुसन्धान गर्दै जाँदा विमानस्थलका तत्कालीन नायब सुब्बा कृपाशूर शेर्पाले बयानमा शर्माको नाम पनि पोलेका थिए । उनले आफ्नो छोरा पिटी गर्ज शेर्पा र जी भट्टराईको नाममा सुराकी रकम निकालिएको बयान दिएका थिए ।




तर, यी दुवै व्यक्तिको वास्तविक अस्तित्व नभएको दाबी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको थियो । नासु शेर्पाले आफ्नो छोरा फुर्वा तेन्जिङ शेर्पाको छोटकरी नामको निवेदन लेख्न लगाएको र आफैँले सही गरेको तथा कार्यालय प्रमुख जनार्दन शर्माको निर्देशनमा जी भट्टराईको नाममा निवेदन तयार गरेको बयान दिएका थिए । तर, पछि आफूले बुझ्न जाँदा संसद्मा अविश्वासको प्रस्ताव पेस गरेकाले सरकार बचाउन भनी तत्कालीन अर्थमन्त्री रवीन्द्रनाथ शर्मालाई दिएको भनी जनार्दन शर्माले बताएको नासु शेर्पाको भनाइ थियो ।

त्यसपछि अख्तियारले बनावटी सुराकी खडा गरी सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको अभियोग लगाएको थियो । सुराकी खर्चबापत राज्यको एक करोड नौ लाख रुपैयाँभन्दा बढी राजस्व दाखिला हुनुपर्ने रकममा अनियमितता भएको दाबी अख्तियारको थियो ।

विशेष अदालतले ६ असार ०६४ मा फैसला गर्दै अर्थमन्त्री शर्मालाई सफाइ दिएको थियो भने जनार्दन शर्मामाथि कसुर कायमको फैसला भएको थियो । जनार्दनलाई एक वर्ष कैद तथा बिगोबराबर रकम असुलउपर हुने फैसलामा उल्लेख थियो । विशेषका तत्कालीन अध्यक्ष भूपध्वज अधिकारी तथा सदस्यहरू कोमलनाथ शर्मा र चोलेन्द्रशमशेर जबराले गरेको यो फैसलामा चित्त नबुझेको भन्दै शर्माले पुनरावेदन गरेका थिए ।

---

# बिआरआईबाट नेपालले फाइदा लिनुपर्छ : खनाल

**काठमाडौं**/ पूर्वप्रधानमन्त्री एवं एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालले बिआरआईले तेस्रो विश्वलाई बढी फाइदा हुने बताएका छन् । 'नेपालमा बिआरआई कार्यान्वयनको सम्भावना' विषयका सेमिनारलाई बुधबार राजधानीमा सम्बोधन गर्दै उनले भने, 'हामीले साँच्चै निष्पक्ष रूपमा हेरौँ । अहिले तेस्रो विश्व नयाँ ढंगले जागृत भएको छ । संगठित हुँदै छ । र, उनीहरू नयाँ ढंगको पहलकदमी गर्दै छन् । बिआरआई प्रोजेक्टले सबैभन्दा बढी फाइदा तेस्रो विश्वलाई गरेको छ । हामीलाई फाइदा नहुने कुरै छैन । फाइदा लिन सक्नुपर्छ ।'

सम्पूर्ण नागरिकले सोचेर मात्रै देशलाई ठिक ढंगले अगाडि बढाउन सकिने उनले बताए । 'हाम्रो बाटो हामी आफैँले तय गर्नुपर्छ । हाम्रो विकासको फिलोसफी हामी आफैँले तयार गर्नुपर्छ । हामी छुट्टाछुट्टै पार्टीमा हौँला, बहुदलीय व्यवस्थामा त्यो भई नै रहन्छ । त्यसभन्दा अलि माथि राष्ट्रिय धरातलमा उठेर गम्भीर रूपले सोचौँ । नेपाल राष्ट्रको हितलाई सोचौँ । र, हामी एउटा निष्कर्षमा पुगौँ,' खनालले भने ।

---

# प्रदेश प्रमुखले फिर्ता पठाएका दुईवटा विधेयक हुबहु पारित

**बुटवल**/ लुम्बिनी प्रदेश प्रमुख कृष्णबहादुर घर्तीले पुनर्विचार गर्न फिर्ता पठाएका दुईवटा विधेयक प्रदेश सभाको बुधबारको बैठकले हुबहु पारित गरेको छ । प्रदेश सभाबाट पारित भई प्रमाणीकरणका लागि पठाइएका विधेयक प्रदेश प्रमुखले सुझावसहित फिर्ता पठाएकोमा प्रदेश सभाको पाँचौँ अधिवेशनको दोस्रो बैठकले छोटो बाटोबाट हुबहु पारित गरेको हो ।

प्रदेश प्रमुख घर्तीले प्रदेश सभाको चौथो अधिवेशनबाट पारित भएर प्रमाणीकरणका लागि पठाइएको प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक र स्थानीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा ३ बमोजिम पुनर्विचार गर्न आवश्यक देखिएको भन्दै सन्देशसहित गत २२ असोजमा प्रदेश सभामा फिर्ता पठाएका थिए ।

फिर्ता भएकामध्ये निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २७ भदौ र प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक ३१ भदौमा प्रदेश सभाबाट पारित भएका थिए । दुवै विधेयक पुनर्विचारका लागि लिखित सुझाव र सन्देशसहित फिर्ता आएको सभामुख घर्तीले मंगलबारको बैठकमा जानकारी गराएका थिए । बुधबारको बैठकमा प्रदेश प्रमुख घर्तीले फिर्ता पठाएका ती विधेयक मुख्यमन्त्री चेतनारायण आचार्यका तर्फबाट भौतिक पूर्वाधार विकासमन्त्री भूमीश्वर ढकालले प्रदेश सभाको बैठकमा पेस गरेका थिए ।

मन्त्री ढकालले धेरै ढिला गरेर अगाडि बढाउन खोजे अप्ठेरो पर्ने भएकाले छोटो बाटोबाट पारित गर्ने गरी सरकारले विधेयक पेस गरेको बताएका थिए । उनले सर्वसम्मत पारित गरिएका दुवै विधेयक प्रदेशमा कर्मचारीको पदपूर्तिदेखि उनीहरूको वृत्तिविकासलाई ध्यानमा राखेर पारित गरेर अगाडि बढाएको बताए । मन्त्री ढकालले प्रस्ताव पेस गरेपछि सभामुख तुलाराम घर्तीमगरले प्रदेश सभा नियमावलीबमोजिम दुवै विधेयक 'सोही रूपमा' पारित गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ पेस गरेका थिए । सभामुखको प्रस्ताव सर्वसम्मत पारित भएको थियो । सर्वसम्मत पारित भएका दुवै विधेयक अब कार्यालयको आवश्यक प्रक्रिया पूरा गरेपछि प्रमाणीकरणका लागि प्रदेश प्रमुखको कार्यालयमा पठाइने प्रदेश सभाका सचिव दुर्लभकुमार पुन मगरले बताए ।

---

■ चाक्सीबारीमा कोइराला, सिंह र निधिबिच भेटवार्ता

# कांग्रेसमा छुट्टै समूह बनाउन छलफल

**केशवप्रसाद पाण्डे**/नयाँ पत्रिका

१५औँ महाधिवेशनको चर्चा सुरु भएसँगै कांग्रेस केन्द्रीय सदस्यत्रय डा. शशांक कोइराला, प्रकाशमान सिंह र विमलेन्द्र निधिबिच भेटवार्ता भएको छ । बुधबार उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्रीसमेत रहेका नेता सिंहनिवास चाक्सीबारीमा नेतात्रयबिच भेटवार्ता भएको हो । गणेशमानपुत्र सिंह, बिपी कोइरालापुत्र डा. कोइराला र महेन्द्रनारायण निधिपुत्र निधि कांग्रेसमा 'विरासत' बोकेका नेता हुन् ।

उपप्रधानमन्त्री सिंहका स्वकीय सचिव युपी लामिछानेले नियमित भेटको निरन्तरता मात्रै भएको बताए । समसामयिक विषयमा छलफल भएको उनको भनाइ छ । 'नियमित भेटघाट हो । यसअघि पनि यस्तो भेट हुने गरेको थियो । अब पनि निरन्तर हुनेछ । नेतात्रयबिच समसामयिक राजनीतिक विषय, पार्टी राजनीतिलगायत विषयमा कुराकानी भयो,' लामिछानेले भने । नेतात्रय १४औँ महाधिवेशनअगाडिबाटै छलफलमा जुट्ने गरेका थिए । गत ७ असोजमा पनि उनीहरूबिच कोइरालानिवास महाराजगन्जमा भेट भएको थियो । अबको भेट निधिनिवासमा गर्ने तयारी छ ।

सभापति शेरबहादुर देउवा आगामी महाधिवेशनमा नेतृत्वको दाबेदारीमा नरहने भएपछिको अवस्थामा तीन नेताको सक्रियतालाई कांग्रेसमा अर्थपूर्ण रूपमा हेरिएको छ । अबको महाधिवेशनमा पनि तीनैजना नेता सभापतिका आकांक्षीका रूपमा देखिएका छन् । तर, आफूहरू एक रहेको सन्देश दिने र देउवाको समर्थन लिने प्रयासस्वरूप सक्रियता बढाएको कांग्रेस नेताहरू बताउँछन् ।

१४औँ महाधिवेशनमा सिंह र निधि सभापतिका उम्मेदवार थिए । तर, दोस्रो चरणमा देउवालाई सघाएका थिए । कोइराला भने उम्मेदवार बनेनन् । दाजु शेखर कोइराला सभापतिका उम्मेदवार भए पनि उनले देउवालाई नै सहयोग गरे । देउवाले आफूपछि कसलाई समर्थन गर्ने भन्ने विषय अन्योलमै रहेका वेला नेतात्रयको सक्रियताले संस्थापन समूहमा तरंग ल्याउने गरेको छ । स्रोतका अनुसार भेटमा अन्य नेताहरूलाई पनि समेट्ने र महाधिवेशनकेन्द्रित बन्ने विषयमा नेताहरूबिच छलफल भइरहेको छ । 'अबको भेटमा अन्य नेतालाई पनि समेटेर लैजाने विषयमा छलफल भएको छ,' स्रोतले भन्यो ।



नेता **विमलेन्द्र निधि** भन्छन्–
महाधिवेशनकेन्द्रित छलफल होइन । महाधिवेशनका लागि समय बाँकी छ । हामीले समसामयिक राजनीतिक विषयमा छलफल गर्‍यौँ । जनसरोकारका विषय र पार्टीलाई कसरी बलियो बनाउने भन्ने विषयमा छलफल भयो ।

केन्द्रीय सदस्य निधि महाधिवेशनकेन्द्रित नभई जनसरोकारका विषय र पार्टीलाई कसरी बलियो बनाउने भन्ने विषयमा छलफल भएको बताए । 'महाधिवेशनकेन्द्रित छलफल होइन । महाधिवेशनका लागि समय बाँकी छ । हामीले समसामयिक राजनीतिक विषयमा छलफल गर्‍यौँ । जनसरोकारका विषय र पार्टीलाई कसरी बलियो बनाउने भन्ने विषयमा छलफल भयो,' उनले भने ।

इतर समूहका नेता डा. शेखर कोइरालाले आफूलाई आगामी महाधिवेशनमा सभापतिको उम्मेदवार घोषणा गर्दै देश दौडाहा गरिरहेका छन् । शेखरले ०८२ मा महाधिवेशन हुनेमा शंका व्यक्त गर्दै आएका छन् । उनले कोइराला परिवारलाई एक ठाउँमा उभ्याउने प्रयासमा आफू लागिरहेको बताउने गरेका छन् । तर, शशांक भने कोइराला परिवार एक हुनुपर्नेमा सहमत देखिँदैनन् । मंगलबार मेलमिलाप दिवसका लागि चितवन पुगेका शशांकले सञ्चारमाध्ययमलाई प्रतिक्रिया दिँदै परिवार एक भएर नभई विचारमा एकरूपता हुनुपर्ने बताएका थिए । 'परिवार एक होइन, विचार एक हुनुपर्‍यो, अनि हुन्छ,' शशांकको भनाइ थियो ।

नेतात्रयले ०८२ मा १५औँ महाधिवेशन हुनुपर्ने वा नपर्नेमा मौनता साँध्दै आएका छन् । मंगलबार चितवनमा शशांकले कांग्रेस महाधिवेशन ०८२ मा सम्भव नभए ०८४ को आमनिर्वाचनपछि गर्नु उपयुक्त हुने बताएका थिए । निर्धारित समयमा अधिवेशन गराउँदा पार्टीभित्रको असन्तुष्टि हराएर जाने भए पनि निर्वाचनको मुखमा महाधिवेशन गराउँदा त्यसको असर निर्वाचनमा पर्न नहुनेमा उनको जोड थियो । '०८४ मा आमनिर्वाचन हुँदै छ । त्यसको दुई वर्षअघि नै १५औँ महाधिवेशन हुनुपर्ने हो । निर्धारित समयमा अधिवेशन हुन सकेन भने पार्टीभित्रको असन्तुष्टि बोकेर निर्वाचनमा जान सकिँदैन । निर्वाचनपछि मात्र महाधिवेश गराउँदा उत्तम हुन्छ,' उनले भने ।

# वैकल्पिक राजनीतिको नायक खोइ ?

## नेपाली राजनीतिले नीतिसहितको नायक खोजेको सत्य हो, तर नीति र नेतृत्वहीन व्यक्तिमा नायक खोजेर हुँदैन



● सञ्जीव कार्की

अग्रलेख

हामी चित्रको नायक खोजिरहेका हुन्छौँ । नायक चरित्रप्रधान, आचरणप्रधान र विश्वसनीय हुनुपर्छ । उसको विगत पनि सुकिलो हुनुपर्छ र मितव्ययी तथा सामाजिकीकरण भएको पनि हुनुपर्छ । नायक भन्नु र नायक बन्नुमा फरक छ । जब अनायकहरू नायक बनाइन्छन् र तिनीहरू आफ्नो अक्षमता छोप्न नसकी दुर्घटनाग्रस्त बन्छन् र समाज अस्थिर भएर पुनः नायकको खोजीमा भौँतारिन्छ ।

**नयाँ नायकको जन्म पुरानाको अवसान** : हामी हत्तपत्त नारी पात्रको नायकत्व स्विकार्दैनौँ । जस्तो भए पनि पुरुष चरित्र र प्रवृत्तिले मात्र मुक्ति दिन्छ, दुःख निवारण गर्छ भन्ने भ्रम छ समाजमा । त्यसैले प्रायः पुरुष चरित्र र पितृसत्ताले ओतप्रोत व्यक्ति नै समाजमा नेता बन्न मरिहत्ते गर्छन् र भिड जम्मा गर्छन् । अमुक व्यक्तिको सम्पत्तिको धाक, पारिवारिक खानदानको धाक कुनै जाति विशेष हुनुको गर्वोक्ति, विदेश छाडेर आएको जस्ता विषय हामीलाई प्रिय र आकर्षक लाग्छन् । न स्वदेश मात्र बसिरहनु योग्यता हो, न विदेश जानु र फर्कनु नै योग्यता हो । योग्यता त्यो हो, जो जहाँ बसे-रहे पनि मातृभूमिप्रतिको निष्ठामा बेदाग रहनु हो ।

**विश्वसनीयतामा कमी** : विश्वका नामुद धनीहरूले कहिल्यै आफ्नो सम्पत्तिको धाक लाएको र सम्पत्तिको आडमा राजनीतिमा छु भनेको सुनिँदैन । तर, हाम्रा केही अमुक व्यक्तिमा केही अर्बको ऋणधनसहितको सम्पत्तिको धाक र घमण्ड यति छ कि उनीहरू एलन मस्क, बिल गेट्स, बर्नाड अर्नोल्ड, मुकेश अम्बानी र नेपालमै पनि विनोद चौधरीकै हाराहारीका धनाढ्यझैँ आफूलाई प्रस्तुत गर्छन् र सबै दुःख, पीडा, रोग, भोक र शोकको हरणकर्ता मै हुँ भन्छन् । सबै दुःखमोचनको ठेक्का पनि आफ्नो मान्छन् र आफूलाई एक मात्र मुक्तिदाता र नेपालको रोग, भोग र शोक खत्तम गर्ने ब्रह्मास्त्र बोकेको दाबी गर्छन् ।

हाम्रो समाज त्यतै भड्किन्छ, दौडिन्छ । कुनै पनि विषय, राजनीतिक नारा, अभियान र मुक्तिको पछाडि मान्छेको विश्वसनीयता जाँच गर्दैन र 'हो मा हो' मिलाउँदै कुद्छ समाज । भिडको कुनै आकार हुँदैन, भिडलाई जसले जस्तो आकार दिए पनि हुन्छ । भिड ओरालोतिर बग्ने पानी प्रकृतिको हुन्छ, त्यसैले यसको स्थायी चरित्र हुन्न । अस्थिरता नै भिडको स्थायी विशेषता र चरित्र हो । त्यसैले कुनै भिड हेरेर निर्णय गर्न मिल्दैन । कुनै पनि निर्णय विवेक र कानुन आधार, प्रमाण र नजिर अनि कार्यगत प्रगतिको धरातल टेकेर गर्नु वाञ्छनीय हुन्छ ।

सार्वजनिक मञ्चबाट बोल्न हुने-नहुने सबै बोल्छन् । तथापि, हामी त्यस्तै मान्छेको पछि लाग्छौँ । नागरिक हुनुको गर्व र आफू हुनुको स्वत्वको अनुभूति गर्दैनौँ । हामी कसैलाई मुक्तिदाता र नयाँ नायकको अवतारका रूपमा प्रस्तुत गर्छौं । कसैको लहड र उर्दीलाई शिरोपर गरेर भेला हुन्छौँ । वाक्स्वतन्त्रता मात्र बुझेका वाक्मर्यादा र शिष्टता नभएका मान्छे किन प्रिय छन् हाम्रा लागि ? के हाम्रा लागि सुसंस्कृत, सभ्य र शिष्ट युग सकिएकै हो ? एउटा खराबविरुद्ध अर्को झन् खराब र घातक प्रवृत्ति हामीलाई मन पर्नुको कारण के हो ? यसको जवाफ अब नेपाली समाजले नखोजी भएको छैन । वर्तमान व्यवस्था सानो दुःख र कष्टले प्राप्त भएको होइन । व्यवस्थामा गलत पात्र आएर हाबी भए होलान्, तिनलाई सच्याउने हो । तर, व्यवस्था नै सिध्याउने परिकल्पना उत्तम विकल्प होइन ।

**नेपाली मनोविज्ञान** : हाम्रो एउटा मनोविज्ञान छ, हामी 'छु-मन्तर' गर्ने नायक, जादुमयी चरित्र, काल्पनिक चित्रको सम्मोहनबाट मुक्त छैनौँ । चलचित्रमा झैँ देखिने नायक, धार्मिक कथामा झैँ देखिने पात्र र मिथकीय बिम्बका रूपमा प्रकट हुने पौराणिक ऐतिहासिक पात्र र तिनबाट तिलस्मी जादुको अपेक्षा गर्छौं । त्यस्तो अपेक्षा पूरा हुन नसक्दा छिटो निराश हुन्छौँ । अन्धविश्वास र अति विश्वासले गाँजेको मनोविज्ञान छ हामीसँग । स्वैरकाल्पनिक पात्र हामीलाई आज र अहिल्यै चाहिएको छ । हामी समाधान दिने सूत्र के छ नहेरी चर्को आवाजमा विश्वास गर्छौं ।

हामी कसैको पनि विगत, आगत र सैद्धान्तिक धरातलको लेखाजोखा गर्दैनौँ । बहकाउमा लाग्छौँ । इतिहासको विवेचना गर्दैनौँ । राजनीतिक घटनाक्रम र विश्व परिस्थितिको मूल्यांकन गर्दैनौँ । राजनीतिको नियम र समाज विज्ञानको गतिलाई बुझ्ने प्रयास गर्दैनौँ । वर्तमान र विगतको नागरिक चेतनाको विश्लेषण गर्दैनौँ । हाहा र होहोमा कुद्छौँ । अमुक व्यक्तिको चटके र झिल्के कुराको पछि लागेर दौडनु हाम्रो परिवर्तित आचरण भएको छ । अझै पनि कसैलाई अलौकिक शक्तिको प्रतिमूर्ति मान्ने र अतिशय कल्पनाको पात्र ठान्ने समाजको मनोवैज्ञानिक स्थिति छ ।




नयाँ नायकको खोजी सामान्य र आमप्रवृत्ति हो । मान्छे परिवर्तन र नयाँ स्वाद चाहन्छ । तर, आजको मान्छेले चाहने नयाँ स्वाद विष घोलिएको पक्कै होइन । प्रगतिशील चरित्र र आचरणयुक्त हो । पत्रु विकल्प होइन, सर्वोत्कृष्ट विकल्प हो । विगत र वर्तमान बेदागी र भविष्यप्रति विश्वसनीयतासहितको आशावादी नेतृत्व हो । सुसंस्कृत र दूरदर्शी नेताको खोजी हो । २००७ सालको पेरिफेरीमा बिपी भनेजस्ता नेता थिए । तथापि, बिपीमाथि पनि २०१७ मा आपत् आइलाग्यो १८ महिनाभन्दा बढी दुईतिहाइको सरकारले काम गर्न सकेन ।

> नेपाली समाज र राजनीतिको विचलन, विखण्डन, विरोधाभास, विभेद, वैराग्य र बदमासीबाट मुक्त हुन जनतालाई सबल, सक्षम र आजको भन्दा बढी गतिशील र प्रगतिशील नयाँ नायकको खाँचो छ

०४६ को परिवर्तनपछि हामीले कांग्रेसका नेतामा नायकत्व खोज्यौँ । बहुदलीय जनवादका प्रणेता बनेर मदन भण्डारी उदाए । तर, छोटो समयमै उनको भौतिक चोला उठ्यो । ०५२ को जनयुद्धदेखि प्रचण्ड र बाबुराममाथि आशा राखियो, तर त्यस आशाले पनि निराशालाई जित्न सकेन । ०७२ पछि ०७४/७५ सम्म केपी ओलीको क्रेज तथा माओवादी र एमालेको एकीकरणमा देश बदल्ने अठोट र सपना प्रतिबिम्बन भयो । तर, त्यो पनि असमयमै दुर्घटित भयो । नेतृत्व गर्ने नेतामा कुनै क्षमता हुनुपर्छ कि पर्दैन ? विशेष योग्यता नभए पनि हुन्छ ? उडन्ते कुरा गरेर र गरिबको आँसु र दुःखको कुरा गरेर सहानुभूतिको राजनीतिमार्फत कुनै कार्ययोजना, सैद्धान्तिक माध्यम, दर्शनको धरातल र आकारविनै देश परिवर्तन गर्न सकिन्छ ?

अन्यायविरुद्ध आवाज उठाउने, आगो ओकल्ने निःसहायलाई निसाफ र न्याय दिने गुन्डागर्दीलाई काउन्टर दिने शोषक र भ्रष्टाचारीको सातो बोक्ने चलचित्रका नायक र चरित्र हुन् । आममान्छे त्यस्तै चरित्रको नायक खोज्छ ।

बिग्रेको राजनीतिलाई तिलस्मी तवरले सपार्ने नायकको अपेक्षा गर्छ । तर, चरित्र र नायकमा भिन्नता छ । विभिन्न चलचित्रमा विभिन्न चरित्र निर्वाह गर्नेहरू नायक होइनन्, अभिनेता हुन् । उनीहरू चलचित्रमा स्क्रिप्टबमोजिमको चरित्र निर्वाह गर्छन् । चरित्रले समाजका पात्रलाई आफूमा रूपान्तरण गर्छन् । नायकले समाजलाई आफ्नो अनुकरण गर्न लगाउँछ । नायक आदर्श र रोलमोडल हुन्छ । देशको दीर्घकालीन हित र समृद्धिको आधार दिने राजनीतिक, आर्थिक, शैक्षिक, सांस्कृतिक र सामाजिक कार्यक्रम बोकेको हुन्छ ।

नेपालको राजनीतिमा अभिनेता र खलपात्र थुप्रै छन् । केहीमा नायकीय गुण नभएको पनि होइन । तैपनि, जनता नयाँ नायकको उपस्थिति खोज्दै छन् र नयाँ-नयाँ पात्रमा परीक्षण गर्दै छन् । नेपाली समाज र राजनीतिको विचलन, विखण्डन, विरोधाभास, विभेद, वैराग्य र बदमासीबाट मुक्त हुन जनतालाई नयाँ नायकको खाँचो टड्कारो देखिएको पक्कै हो । यद्यपि, विकल्प निम्सरो र निर्धो होइन, सबल, सक्षम र आजकोभन्दा बढी गतिशील र प्रगतिशील हो ।

**आलोचनात्मक चेत** : हामीले अवलम्बन गरेको राजनीतिक प्रणालीबारे विहंगम समीक्षा गर्न कत्ति पनि विलम्ब गर्न हिचकिचाउनुहुन्न । निरन्तर प्रश्न, छलफल, बहससहित निष्कर्षमा जानुपर्छ । उठेका प्रश्नको सामना गर्ने लोकतान्त्रिक विधि र पद्धति छन् । तिनलाई सक्रिय पार्नुपर्छ । प्राडा. सञ्जीव उप्रेतीले भनेझैँ 'आलोचनात्मक चेतरूपी क्यामेराको लेन्स नेता, सामाजिक अगुवा, लब्धप्रतिष्ठित व्यक्ति, पत्रकार, विद्वान् र बुद्धिजीवीले समाजतिर मात्र फर्काएर पुग्दैन, आफैँतिर पनि फर्काउनु र आत्मालोचनात्मक हुनु जरुरी छ । अरूलाई हेर्ने नजरले आफैँलाई हेर्ने र आफ्नो 'सेल्फी' पनि खिच्नुपर्छ । बाहिरी संसारको मात्र विश्लेषण गर्ने होइन, आफूलाई पनि विश्लेषण गर्ने विवेचना गर्नेतर्फ ध्यान दिनुपर्छ ।'

म जे पनि गर्छु भन्नु र गर्ने विधि र पद्धति बनाउनु फरक विषय हो । तथापि, आज थुप्रै विसंगति र चुनौती छन् । भ्रष्टचार कुशासन आदिको व्यापक आरोप छ । देश सही दिशामा छैन । वैदेशिक ऋणको भार बढेको छ । परनिर्भरता बढ्दो छ । आक्रोश, निराशा र असन्तोषको व्यवस्थापन त्यस्तै अर्को खराब प्रवृत्ति र पात्रले गर्न सक्छ ? उडन्ते कुरा गरेर केही हुल मान्छेलाई अनेक तिकडम गरेर पछि लाउँदैमा समाज परिवर्तनको नेतृत्व असम्भव छ । आजका दिनमा भावनाका अगाडि तर्क, तथ्य र वास्तविकता कमजोर बनेका हुन् ? विश्वसनीय आधार र व्यक्तिको निरन्तर निष्ठाविना कुनै भावनात्मक धारणा सुनेर कसैलाई किन विश्वास गर्छ मान्छे ? टिभी र युट्युबमा हेरेर सुनेर विश्वास गर्ने र पछि लाग्ने मान्छे बढेका हुन् ? छलफल र बहसको विषय हो ।

नेता भनेको भिजनरी, डाइनामिक र बहुआयामिक हुनुपर्छ । नेता सामाजिक वैधता प्राप्त गरेको व्यक्ति हुनुपर्छ । रातारात कोही नेता बन्नु र नेतृत्वमा पुग्नु तिलस्मी दुनियाँका किस्सा मात्र हुन् । केही अपवाद होलान् । कसैले चुनाव जित्लान् । चुनाव जित्नु पार्टीको सभापति, महामन्त्री बन्नु र नेता बन्नु फरक हो । अपवादको नियम अपवाद नै हो, सामान्य नियम होइन । देशमा निराशा, भ्रष्टाचार, नातावाद, अन्याय, छोइछिटो, शासकीय अकर्मण्यता, ढिलासुस्ती आदि छन् । तर, यसको निदान कुनै एउटा व्यक्ति र गलत प्रवृत्तिले आजको आज, अहिलेको अहिले 'फुमन्तर' गरेर निदान दिन सक्दैन । चर्को र जथाभावी बोल्नेको सामाजिक आवाज सुनिएला । तर, त्यसले सामाजिक मूल्य र वैधता प्राप्त गर्न सक्दैन । राजनीतिले नीतिसहितको नायक खोजेको सत्य हो, तर नीति र नेतृत्वहीन व्यक्तिमा नायक खोजेर हुँदैन ।

*(कार्की अनुसन्धाता हुन्)*

---

## ३ प्रश्न

नेपाल पर्यटन बोर्डका निर्देशक **मणिराज लामिछाने**लाई



**नेपाली पर्यटन क्षेत्रका लागि सन् २०२४ कस्तो रह्यो ?**

समग्रमा हेर्दा राम्रै भयो । पर्यटक आगमन १३ प्रतिशतले बढेको छ । यो भनेको लगभग 'रिकभरी'को अवस्था हो । युएन टुरिजमको तथ्यांकअनुसार ग्लोबल टुरिजम रिकभरी ९७ प्रतिशत पुगेको छ । हाम्रो ९६ प्रतिशतको हाराहारीमा रिकभरी हुनु सकारात्मक नै मान्नुपर्छ । त्यसमा पनि एसिया-प्रशान्त क्षेत्रको रिकभरी ८५ प्रतिशत भएको अवस्थामा हाम्रो स्थिति राम्रै मान्नुपर्छ । यसमा अझै राम्रो हुन सक्थ्यो । तर, भारतीय पर्यटक बोकेका बस दुर्घटनामा पर्नुले भारतीय पर्यटकको संख्यामा उल्लेख्य कमी आयो । उता चीनियाँ पर्यटक बोकेको हेलिकोप्टर र सौर्य एयरको विमान दुर्घटनाले नेपालको हवाई सुरक्षाबारे प्रश्न उठेपछि चीनियाँ र अन्य पर्यटक आगामनमा समेत नकारात्मक प्रभाव पर्‍यो । यसका साथै, दशैँअघि गएको बाढी, पहिरोका कारण धेरै बुकिङ रद्द भए । यसले पनि हामीकहाँ पर्यटक आगमनमा कमी आयो ।

**उत्तर र दक्षिणका पर्यटक किन बढ्न सकेनन् ?**

उत्तर र दक्षिणसित हाम्रो एयर कनेक्टिभिटीमै समस्या छ । हाम्रो आफ्नो भरपर्दो वायुसेवा छैन । नेवानिका विमान नियमित छैनन् । यसले गर्दा पनि हामीकहाँ आउने हवाई भाडा महँगो छ । दिल्लीबाट काठमाडौं आउने हवाई भाडामा दिल्लीबाट फ्रान्स पुगेर दिल्ली नै फर्किन पुग्छ भने को आउँछ यहाँ ? अनि, हाम्रा यहाँका राजमार्गहरूको दुरवस्थाले गर्दा पनि पर्यटक आउन चाहँदैनन् ।

**घोषित पर्यटक दशकको उद्देश्य के हो ?**

दश वर्षको लक्ष्य तयार गरी पर्यटन क्षेत्रलाई माथि उठाउने उद्देश्यले यो पर्यटक दशक घोषणा गरिएको हो । यसका सफलताका लागि संघ र प्रदेश सरकार मिलेर काम गर्ने तथा पूर्वाधार विकाससँगै सातै प्रदेशमा पर्यटन प्रवर्धन गर्ने लक्ष्य छ । यसको अन्त्यसम्ममा वार्षिक ३५ लाख पर्यटक भित्र्याउने लक्ष्यसाथ कार्यविधि र कार्ययोजना तयार हुँदै छ ।

---

प्रेरक प्रसंग

## झुटको आयु

एकपटक खराब आत्माहरूले भगवान्सित असल आत्माहरूलाई सानदार महलमा र आफूहरूलाई चाहिँ खण्डहरमा राखेर विभेद गरिएको गुनासो गरे । ईश्वरले भने- मैले त सबैलाई एकै प्रकारका बनाएको थिएँ । तिमीहरू आफ्नै कर्मले खराब बनेका हौ । तर, भगवान्ले सम्झाउँदा पनि खराब आत्माहरूले आफूहरूमाथि विभेद भएको गुनासो गरिरहे । भगवान्ले केहीबेर सोचे र असल, खराब दुवै आत्मालाई भने- खराब आत्माहरूको अनुरोध र गुनासो सुनिसकेपछि मैले एउटा निर्णय लिएको छु । अब तिमीहरूका सबै महल ध्वस्त हुनेछन् । त्यसपछि तिमीहरूले आफ्ना लागि अलग-अलग सहरको आफैँ निर्माण गर्नुपर्नेछ । पृथ्वीमा मानिसले साँचो या झुटो बोलेपछि यहाँ (स्वर्गमा) ईँट तयार हुनेछन् । सबै ईँट समान र उत्तिकै मजबुत हुनेछन् । झुटो बोल्दा तयार हुने ईँट प्रयोग गर्ने कि साँचो बोल्दा तयार हुने ईँट प्रयोग गर्ने, योचाहिँ तिमीहरूले नै तय गर्नुपर्नेछ । खराब आत्माहरूले सोचे- पृथ्वीमा साँचो बोल्नेभन्दा झुटो बोल्ने मानिस नै बढी छन् । त्यसैले, त्यही ईँट प्रयोग गरियो भने विशाल सहर छिटो तयार हुन सक्छ । त्यसैले, उनीहरूले झुटो बोल्दा तयार हुने ईँट रोजे । दुवै सहरको निर्माण एकसाथ सुरु भयो । प्रशस्त ईँट प्राप्त भएकाले खराब आत्माहरूको विशाल सहर छिटै तयार भयो । असल आत्माहरूको भने निकै ढिलो गरी सहर निर्माण हुँदै थियो । खराब आत्माहरूको सहर निर्माण सम्पन्न भइसकेपछि एउटा अचम्मको घटना देखिन थाल्यो ।



उनीहरूका महलबाट अचानक ईँटहरू गायब हुन थाले । हुँदाहुँदा नयाँ र भव्य सहर पुनः खण्डहरमा परिणत भयो । फेरि उनीहरू भगवान्का अगाडि उपस्थित भएर आफ्नो सहर खण्डहर भएको, भवनका ईँट गायब भएको गुनासो गरे । भगवान्ले मुस्कुराउँदै भने- भनेपछि जजसले झुटो बोलेका थिए, तिनको झुट पक्रियो । त्यसैले, तिनले झुटो बोल्दा बनेका ईँट गायब भए । किनकि, झुटको आयु छोटो हुन्छ । झुट एक न एक दिन पक्राउ पर्छ । झुट र बेइमानीको बाटो हिँड्न सजिलो हुन्छ । तर, अन्त्य दुःखद हुन्छ । साँचो बोल्नेहरूको सफलता ढिलो हुन्छ । तर, चिरस्थायी हुन्छ ।

---

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

### प्राधिकरणले किन तिर्ने ?

ऊर्जामन्त्री दीपक खड्काले मनोमानी ढंगमा गठन गरेको जाँचबुझ समितिको खर्च नेपाल विद्युत् प्राधिकरणबाट तिराउने गरी गरेको निर्णय कार्यान्वयन गर्नु भनेको प्राधिकरण लुट्ने खेल हो । विगतमा त्यसै विद्युत् प्राधिकरण चर्को घाटामा गएको होइन रहेछ । नेता र मन्त्रीहरूको यस्तै अवाञ्छित हस्तक्षेपले गर्दा प्राधिकरण निरन्तर घाटामा गएको रहेछ । तर, कार्यकारी निर्देशकमा कुलमान घिसिङ आएपछि उनको काम गर्ने शैलीले गर्दा प्राधिकरणमाथि अनावश्यक दबाब दिन राजनीतिक नेतृत्वले सकेको थिएन । तर, वर्तमान प्रधानमन्त्री केपी शर्मा ओली र ऊर्जामन्त्री खड्काले गर्दा प्राधिकरण फेरि पनि त्यस्तै चर्को घाटामा जाने खतरा बढेको छ ।

● **अपूर्व गिरी**, ताहाचल, काठमाडौँ

### न्यायालयलाई दबाब दिने नियत

रवि लामिछानेको मुद्दामा महान्यायाधिवक्ताको कार्यालयबाट पोखरामा सरकारी वकिल पठाउनु सरकारले न्यायालयमा हस्तक्षेप गरेको स्पष्ट प्रमाण हो । कास्कीमै पर्याप्त र सरकारी वकिल हुँदाहुँदै पनि सरकारको यस्तो कदमले 'राजनीतिक प्रतिशोध'को सम्भावना बढाएको छ । यो न्याय प्रणालीप्रति जनताको विश्वासलाई कमजोर बनाउने खतरनाक अभ्यास हो । सरकारले समान न्याय सुनिश्चित गर्नुपर्छ र कानुनी प्रक्रियामा हस्तक्षेप बन्द गर्नुपर्छ । अन्यथा यसले गम्भीर राजनीतिक असन्तोष निम्त्याउने निश्चित छ ।

● **रविन तिमल्सिना**
कोशी प्रदेश कटारी-२, उदयपुर

### कृष्णबहादुरको पीडा सुन्ने कसले ?

पोखरा जिल्ला अदालतको इजलासमा भक्कानिँदै रोएका कृष्णबहादुर गुरुङसम्बन्धी समाचार पढ्दा बडो नमज्जा लाग्यो । हाम्रो कानुन नै अपूरो र गलत बनेको हुँदो रहेछ । नपरेसम्म हामीजस्ता सर्वसाधारणले कुन कानुन कस्तो बनेको छ भनेर हेरिसाध्य पनि हुँदो रहेनछ । सहकारीको बचत रकम जसले बदनियतपूर्वक लगानी गर्‍यो, निकाल्यो या अन्य बदमासी गर्‍यो, त्यसमा मुख्य जिम्मेवार को छ, उसलाई मात्र यस्तो अपचलनको अभियुक्त बनाइनुपर्ने होइन र ?

● **गौरीशंकर यादव**
जनकपुर-६, धनुषा

### सरकारको दीर्घायुमा संशय

प्रधानमन्त्री केपी शर्मा ओलीले बारम्बार सार्वजनिक मञ्चबाटै यो सरकार नढल्ने सफाइ दिइरहनुपरेको छ । तथापि, राजनीति हो र त्यसमाथि पनि गठबन्धन सरकार भएकाले त्यो भत्कन सक्छ । यो कुरा स्वयं प्रधानमन्त्री ओली र कांग्रेस सभापति शेरबहादुर देउवाको मनमा पनि छ । अन्यथा, सरकार बलियो छ, पूरै समय चल्छ, यो ढल्दैन भनेर सफाइ दिरहनुको अर्थ छैन ।
१. दल विभाजन अध्यादेश ल्याएर आफू ठुलो दल बन्ने ओलीको सपना कांग्रेसको विरोधका कारण पूरा नहुनु । २. उपसभामुख इन्दिरा रानालाई महाभियोग लगाई हटाएर संवैधानिक परिषदमा बहुमत पुर्‍याउने ओलीको अर्को योजना पनि कांग्रेसको उदासीनताका कारण पूरा नहुनु । ३. आफ्नो आदेश नमान्ने प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई पदबाट हटाउन प्रधानमन्त्री र ऊर्जामन्त्रीले चाहेर पनि नसक्नु । ४. प्रधानमन्त्री ओलीले आफ्नो पहिलो विदेश भ्रमण भारतबाट गर्ने इच्छा राखे पनि भारतले निम्तो नदिँदा उनी भारतलाई देखाउनैका लागि चीन भम्रणमा जानु र बिआरआईमा सहमति गर्नुले ओली सरकारप्रति भारत झनै चिढिनु । ५. संविधान संशोधनको बुँदा कार्यान्वयनमा आशंका हुनु । ६. भीम रावल निष्कासन प्रकरणले ओली रक्षात्मक अवस्थामा पुग्नु । जसले २०८४ सम्मै उनलाई पिर्ने निश्चित छ । यी ६ सेडब्याकबाट ओलीले कसरी छुटकारा पाउने हुन् ? राम्रोसँग ट्याकल गर्न नसके सरकार कुनै पनि वेला गिर्न सक्छ र नयाँ गठबन्धन बन्न सक्छ । देशी-विदेशी शक्ति नयाँ गठबन्धन बनाउन भित्रभित्रै लागिपरेका छन् ।

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौँ
gopaldevkota@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

---

# सौर्य भू-इन्जिनियरिङमा प्रतिबन्धको खाँचो

## सौर्य भू-इन्जिनियरिङले विश्वका ठुला उत्सर्जकलाई आफ्नो जीवाश्म इन्धनको प्रयोग अन्त्य नगर्ने बहाना प्रदान गर्ने सम्भावना धेरै छ

देश/विदेश

● मोहम्मद उस्रोफ ● दिशा रवि
● हिलिन ब्रुगिंक ● एरिका जुगुना

हामी यस्तो विश्वमा हुर्किरहेका छौँ, जहाँ जलवायु परिवर्तन हरेक ठाउँमा स्पष्ट रूपमा देख्न सकिन्छ । हामी यसलाई आँधीबेहरी आइरहेको र बाढीले हाम्रो समुदायलाई डुबाउँदै गरेको अवस्थाका रूपमा देख्छौँ । हामीले जलवायु परिवर्तनलाई प्रदूषित हावामा महसुस गरिरहेका छौँ, जसले हाम्रो घाँटी र फोक्सो अँठ्याउँछ । हामी अहिले त्यस्तो चर्को गर्मीको लहरमा सडकमा हिँडिरहेका छौँ, जसले हाम्रो छाला डढाइरहेको छ । विश्वका नेता हरेक वर्ष निर्णय, सम्झौता, सन्धि र प्रतिबद्धता गर्न जुट्छन्, तर प्रायः जलवायु परिवर्तनलाई न्यूनीकरण गर्न र बढ्दो रूपमा यससँग अनुकूलनका लागि आवश्यक कदम चाल्न पर्याप्त पहलकदमी लिन असफल देखिन्छन् । यस अर्थमा यो वर्षको राष्ट्रसंघीय जलवायु परिवर्तन सम्मेलन (कोप २९) पनि अपवाद रहेन । जलवायु परिवर्तनको यी संकटले केहीलाई हानिकारक हरितगृह ग्यास उत्सर्जन अन्त्य गर्ने, महत्त्वपूर्ण पारिस्थितिक प्रणाली संरक्षण गर्ने र आर्थिक वृद्धि एवं विकासलाई पुनर्विचार गर्ने कामका लागि उपाय खोज्न प्रेरित गरेको छ । प्रस्तावित एउटा 'समाधान'का रूपमा सौर्य भू-इन्जिनियरिङलाई लिइएको छ, जसलाई वर्चस्वशाली एवं धनी विश्व राष्ट्र अर्थात् उत्तरी गोलार्धको एक सानो तप्काले बढाइचढाइसाथ जोड दिइरहेको छ । सौर्य भू-इन्जिनियरिङमा पृथ्वीको वायुमण्डललाई परिमार्जन गरी सूर्यको विकिरणविरुद्ध प्रतिबिम्बित अवरोध सिर्जना गर्नु पर्छ । तर, आजका युवा र भविष्यका पुस्ताका लागि यस्ता हस्तक्षेपले जलवायु परिवर्तनजत्तिकै विनाशकारी खतरा उत्पन्न गर्न सक्छ ।
वास्तवमा सौर्य भू-इन्जिनियरिङले पृथ्वीको वायुमण्डललाई परिवर्तन गर्ने काम गर्छ, जसमा पृथ्वीको 'स्ट्राटोस्फियर' तहमा सल्फर कणको घुलन गराउने वा समुद्री बादलमा नुनका छिटा छर्कने काम पर्छन्, जसले सूर्यको प्रकाशलाई प्रतिबिम्बित गर्छ । तर, यसले जलवायु संकटका मूल कारणको समाधान गर्दैन र अपरीक्षित एवं दीर्घकालीन जोखिम निम्त्याउन सक्छ । यस्तो इन्जिनियरिङले मौसमको ढाँचा बिथोल्न सक्छ, जसले गम्भीर खडेरी, आँधीबेहरी र अन्य चरम मौसमी घटना निम्त्याउन सक्छ, जसका प्रभाव अनिश्चित र असमान हुनेछन् भनेर विज्ञहरूले चेतावनी दिएका छन् ।
वास्तवमा सौर्य भू-इन्जिनियरिङले विद्यमान विश्वव्यापी शक्ति असन्तुलनलाई झनै बढाउनेछ । विशेषतः यसको प्रयोगबारे निर्णय मुख्यतया तिनै उत्तरी गोलार्धका धनी देशले गर्नेछन्, जसले जलवायु संकट सिर्जना गरेका छन् । यी देशले एक घातक समस्या जन्माएका छन्, जसको भार असुरक्षित समुदायले असमान रूपमा व्यहोरिरहेका छन् । र, अब यिनै मुलुकले एक अत्यन्त जोखिमपूर्ण रणनीति प्रस्ताव गरिरहेका छन्, जसले सबैभन्दा सहज परिस्थितिमा पनि समस्या समाधान गर्न सक्दैन । सौर्य भू-इन्जिनियरिङविरुद्ध तमाम आपत्तिका बाबजुद प्रविधि र वित्त क्षेत्रका अर्बपतिबाट यी पहलमा लाखौँ डलर लगानी हुनबाट रोकिएको छैन । यस्ता योजनाका समर्थकका अनुसार यस्ता पहल अस्थायी उपाय हुन्, जसले न्यूनीकरण र अनुकूलनका लागि समय किन्ने अवसर दिन्छ । तर, हाम्रा लागि यी यस्ता बयान खतरनाक दिवास्वप्नजस्तै लाग्छन्, अर्थात् आकर्षक तर भ्रामक लाग्छन् ।
सौर्य भू-इन्जिनियरिङले विश्वका ठुला उत्सर्जकलाई आफ्नो जीवाश्म इन्धनको प्रयोग अन्त्य नगर्ने बहाना प्रदान गर्ने सम्भावना धेरै छ । यसले 'समाप्ति झट्का'को खतरा झनै बढाउँछ, अर्थात् यदि सौर्य भू-इन्जिनियरिङका प्रयास अचानक रोकिए भने तीव्र तापमान वृद्धि हुनेछ । यसकारण भविष्यका पुस्ता (जसमा आजका युवा पनि पर्छन्) तापक्रमको खतरनाक वृद्धिको चपेटामा पर्नेछन् । र, यसले हामीले अहिले सामना गरिरहेकोभन्दा गम्भीर संकट निम्त्याउनेछ । कमसेकम जलवायु परिवर्तनले माग गरेको आर्थिक र सामाजिक रूपान्तरणको मूल्य हामीले नै चुकाउनुपर्नेछ, किनभने यस्तो रूपान्तरणमा आज पर्याप्त लगानी भइरहेको छैन । सौर्य भू-इन्जिनियरिङका समर्थकले यसलाई 'सस्तो' समाधानका रूपमा प्रस्तुत गर्ने प्रयास गर्छन् । तर, पृथ्वीको स्वास्थ्यको सुरक्षा गर्ने र प्रमाणित रूपमा काम गर्ने पहलबाट स्रोतको प्रयोग गर्नु सस्तो आर्थिक व्यवस्थापन मान्न सकिँदैन । यसको सट्टा यसले कार्बन ऋण समाधान गर्ने जिम्मेवारी हाम्रो पुस्ता र त्यसपछि आउने पुस्तामा स्थानान्तरण गर्ने काम मात्र गर्छ ।



*तस्बिर : रोबर्ट एलेक्जेन्डर/गेटी इमेजेस*

तसर्थ हामी सौर्य भू-इन्जिनियरिङमा पूर्ण प्रतिबन्धको पक्षमा छौँ । र, हामी यसमा एक्ला छैनौँ । फ्राइडेज फर फ्युचरसहित दुई हजारभन्दा बढी नागरिक समाज संगठन र पाँच सय ४० भन्दा बढी प्राज्ञले सौर्य भू-इन्जिनियरिङको अन्तर्राष्ट्रिय अप्रयोग सम्झौताको आह्वान गरेका छन् । जलवायु संकटको अग्रपंक्तिमा रहेका देश, अर्थात् भानुआटुजस्ता देशले पनि यस्ता प्रविधि प्रयोगको विरोध गरेका छन् । केही प्रख्यात र निःसन्देह धनाढ्य मतले हामीजस्ता विरोधीलाई संकीर्ण सोच भएको आरोप लगाउँदै सौर्य भू-इन्जिनियरिङमा संवाद गर्न तयार हुनुपर्ने सुझाव दिन सक्छन् । तर, यो विधि पर्याप्त अनुसन्धानद्वारा समर्थित योजनालाई अस्वीकार गर्न ल्याइएको एउटा चाल हो । सौर्य भू-इन्जिनियरिङ अनुसन्धानको पैरवी गर्ने केही वित्तपोषित युवा प्रायः यी विवादास्पद प्रविधिलाई प्रवर्द्धन गर्ने संगठनसँग जोडिएका छन् । यसले यी योजनालाई युवाको समर्थन देखाउन सहकार्य गरिएको भन्ने शंका उत्पन्न गराएको छ । युवाका लागि एक नयाँ संकटको जिम्मेवारी बोझ बोकाउनुभन्दा खराब कुरा अरू के नै हुन सक्छ ? र, सौर्य भू-इन्जिनियरिङले यही बोझ निर्माण गर्ने काम गर्छ । यसलाई अघि बढाउनु भनेको हाम्रो आगामी पुस्तालाई गम्भीर संकटको गर्तमा धकेल्नुसरह हो ।

*(सबै लेखक विभिन्न मुलुकका युवा जलवायु अभियन्ता हुन्)*
*प्रोजेक्ट सिन्डिकेटबाट*

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

# गौर भन्सार कार्यालय

गौर, रौतहट

## भन्सार नियमावली २०६४ को नियम ३५ (१) बमोजिम गोप्य सिलबन्दी बोलपत्रद्वारा विभिन्न सवारी तथा ढुवानी साधन लिलाम बिक्री गर्नेबारेको २१ (एक्काइस) दिने सूचना

(प्रथम पटक सूचना प्रकाशन मिति २०८१/०९/१८)

विभिन्न निकायहरूबाट विभिन्न मितिमा भन्सार चोरी निकासी/पैठारी अभियोगमा दाखिला भई यस कार्यालयबाट जफत गरिएका तपसिलमा उल्लेखित दर्ता हुने तथा दर्ता नहुने पत्रु/कबाडी (स्काप) भएका सवारी तथा ढुवानी साधनहरू जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकाले इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन (२०८१/१०/०९ गते) भित्र निम्न लिखित सर्तहरूको अधीनमा रहने गरी भन्सार नियमावली २०६४ को नियम ३५ (१) बमोजिम गोप्य सिलबन्दी बोलपत्र आह्वान गरिएको छ। बोलपत्र फाराम कार्यालय समयभित्र यस कार्यालयको मुद्दा शाखाबाट तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) तिरेर खरिद गर्न सकिनेछ। साथै, आफूले कबोल गरेको रकमको न्यूनतम १०% (दश प्रतिशत)ले हुने धरौटी रकम यस कार्यालयको नाममा प्रभु बैंक लिमिटेड, गौर भन्सार काउन्टरमा रहेको धरौटी खाता नं. 0960140367600011 मा जम्मा गरी सोको दोस्रो सक्कल बैंक भौचर बोलपत्र फारामसाथ पेस गर्नु पर्नेछ। यो सूचना भन्सार विभागको वेबसाइट www.customs.gov.np तथा यस कार्यालयको वेबसाइट www.customs.gov.np/gaur मा पनि हेर्न सकिनेछ। उल्लेखित सवारी तथा ढुवानी साधनहरू हेर्न तथा अन्य थप जानकारीका लागि कार्यालय खुल्ने दिनको दिउँसो १३:०० बजेदेखि १५:०० बजेको समयभित्र यस कार्यालयको मुद्दा शाखामा सम्पर्क गर्न सकिनेछ।

तपसिल

| सूचना सि.नं. | मुद्दा नं. | दर्ता मिति | सवारीको किसिम | कम्पनी | कम्पनी/मो.ल | ईन्जिन नं. | चेसिस नं. | उत्पादनबर्ष | क्षमता (सि.सि.) | न्युनतम मूल्य (रु.) | बोलपत्र दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६२७ | २०८१/०१/१९ | मो.सा. | HONDA | HONDA//SP125 | JC94E-D-0033440 | ME4JC941EPD009122 | 2023 | 125 | 105000 | 1000 | |
| २ | ५९७ | २०८१/०१/०९ | मो.सा. | YAMAHA | YAMAHA//RA15 | G3K5ED154963 | ME1RG525CK0063280 | 2019 | 150 | 65000 | 1000 | |
| ३ | ८०० | २०८१/०३/१३ | मो.सा. | HONDA | HONDA//SHINE SP | JC73E-T-1234659 | ME4JC734LHT130607 | 2017 | 125 | 21000 | 1000 | |
| ४ | ७५५ | २०८१/०२/३१ | मो.सा. | TVS | TVS//APACHE RTR 160 | AE8BL2711203 | MD634AE85L2C07512 | 2020 | 159.7 | 45000 | 1000 | |
| ५ | ५९७ | २०८१/०१/०९ | मो.सा. | BAJAJ | BAJAJ//NS PULSAR | JLXCMH92416 | MD2A36FX7MCH96721 | 2021 | 199.5 | 75000 | 1000 | |
| ६ | ७७२ | २०८१/०३/०६ | मो.सा. | HERO | HERO//SUPER SPLENDOR | JA05EGHGK02367 | MBLJAR03XHGK02332 | 2017 | 124.7 | 13000 | 1000 | |
| ७ | ३४१ | २०८०/०८/१८ | मो.सा. | TVS | TVS//SPORT | AK2LM3300253 | MD625CK22M3L00579 | 2021 | 109.7 | 40000 | 1000 | |
| ८ | ८२९ | २०८१/०३/३१ | मो.सा. | BAJAJ | BAJAJ//PULSAR 220 | DKXCLE28011 | MD2A13EX5LCE81376 | 2020 | 220 | 75000 | 1000 | |
| ९ | ५४० | २०८०/१२/१९ | मो.सा. | TVS | TVS//RADEON | KF1PJ1410647 | MD625HF18J1P10566 | 2018 | 110 | 18000 | 1000 | |
| १० | ८२९ | २०८१/०३/३१ | मो.सा. | HERO | HERO//GLAMOUR | JA06ERJGE06703 | MBLJAR025JGE05340 | 2018 | 124.7 | 20000 | 1000 | |
| ११ | ४४४ | २०८०/१०/२६ | मो.सा. | HERO | HERO//HF DELUX | HA11ENHGF17057 | MBLHAR20XHGG02802 | 2017 | 97.2 | 10000 | 1000 | |
| १२ | ५९७ | २०८१/०१/०९ | मो.सा. | BAJAJ | BAJAJ//PULSAR 220 | DKZCGA98182 | MD2A13EX3MCE91433 | 2021 | 220 | 85000 | 1000 | |
| १३ | ३५७ | २०८०/०८/२८ | मो.सा. | BAJAJ | BAJAJ//PLATINA | PFXPNA20084 | MD2A76AX6NPA39198 | 2022 | 99.27 | 68000 | 1000 | |
| १४ | ८२९ | २०८१/०३/३१ | मो.सा. | HONDA | HONDA//SHINE SP | JC73E-T-1141106 | ME4JC735GHT058895 | 2017 | 125 | 21000 | 1000 | |
| १५ | ७१८ | २०८१/०२/१९ | मो.सा. | HERO | HERO//SPLENDOR PLUS | HA11EDNHH61177 | MBLHAW122NHH34444 | 2022 | 97.2 | 62000 | 1000 | |
| १६ | ४४१ | २०८०/१०/२४ | मो.सा. | BAJAJ | BAJAJ//PLATINA | PFYRJF39605 | MD2A76AY9JRF67941 | 2018 | 99.27 | 17000 | 1000 | |
| १७ | ५९७ | २०८१/०१/०९ | मो.सा. | TVS | TVS//APACHE RTR | 0E4KJ235903 | MD634BE4XJ2K51955 | 2018 | 159.7 | 28000 | 1000 | |
| १८ | ५९७ | २०८१/०१/०९ | मो.सा. | BAJAJ | BAJAJ//PULSAR 150 | DHYRKH53960 | MD2A11CY7KRH04796 | 2019 | 149.01 | 38000 | 1000 | |
| १९ | ६१४ | २०८१/०१/१६ | मो.सा. | TVS | TVS//STRYKER | HF4AK1100468 | MD625BF44K1AA1513 | 2019 | 124.53 | 30000 | 1000 | |
| २० | ६१५ | २०८१/०१/१६ | मो.सा. | HERO | HERO//SPLENDOR PLUS | HA11EDNHJ02372 | MBLHAW120NHJ04709 | 2022 | 97.2 | 62000 | 1000 | |
| २१ | ७५१ | २०८१/०२/३० | मो.सा. | HERO | HERO//SPLENDRO PLUS | HA11EVLHH00529 | MBLHAW113LHH00582 | 2020 | 97.2 | 32000 | 1000 | |
| २२ | ७४७ | २०८१/०२/२८ | मो.सा. | HERO | HERO//SPLENDOR PLUS | HA10AGKHH15043 | MBLHAW086KHH13730 | 2019 | 97.2 | 22000 | 1000 | |
| २३ | ६९५ | २०८१/०२/११ | मो.सा. | BAJAJ | BAJAJ//PLATINA | PFYRJD76935 | MD2A76AY6JRD56518 | 2018 | 99.27 | 17000 | 1000 | |
| २४ | ७२९ | २०८१/०२/२२ | मो.सा. | BAJAJ | BAJAJ//CT100 | PFYPKD35343 | MD2B37AY4KPD44578 | 2019 | 99.27 | 25000 | 1000 | |
| २५ | ७८६ | २०८१/०३/०९ | मो.सा. | HERO | HERO//HF DELUXE | HA11ESLHB03007 | MBLHAW147LHB03073 | 2020 | 97.2 | 29000 | 1000 | |
| २६ | ७५६ | २०८१/०३/०१ | मो.सा. | HERO | HERO//SUPER SPLENDOR | JA05EGK9G51348 | MBLJAW093K9G22063 | 2019 | 124.7 | 32000 | 1000 | |
| २७ | ५३३ | २०८०/१२/१६ | मो.सा. | HERO | HERO//SPLENDOR PLUS | HA11E8PHL21302 | MBLHAW222PHL42322 | 2024 | 97.2 | 115000 | 1000 | |
| २८ | ६२९ | २०८१/०१/२० | मो.सा. | HERO | HERO//SPLENNDOR PLUS | HA10AGKHD95899 | MBLHAW086KHD55836 | 2019 | 97.2 | 22000 | 1000 | |
| २९ | ४२१ | २०८०/१०/१३ | मो.सा. | HERO | HERO//SUPER SPLENDOR | JA05EJK9H25229 | MBLJAW0939K9H00300 | 2019 | 124.7 | 32000 | 1000 | |
| ३० | ७५७ | २०८१/०३/०१ | मो.सा. | HERO | HERO//SUPER SPLENDOR | JA05EGJ9D15153 | MBLJAR039J9D79970 | 2018 | 124.7 | 22000 | 1000 | |
| ३१ | ७४७ | २०८१/०२/२८ | मो.सा. | HERO | HERO//SPLENDRO PLUS | HA10AGJHL45486 | MBLHAR073JHL29103 | 2018 | 97.2 | 16000 | 1000 | |
| ३२ | ५९७ | २०८१/०१/०९ | मो.सा. | BAJAJ | BAJAJ//PULSAR 220 | DKYCJE05106 | MD2A13EY6JCE65042 | 2018 | 220 | 38000 | 1000 | |
| ३३ | ५७३ | २०८१/०१/०३ | मो.सा. | HERO | HERO//PASSION PRO | HA10ADHHL40983 | MBLHAR183HHL09998 | 2017 | 97.2 | 10000 | 1000 | |
| ३४ | ८२९ | २०८१/०३/३१ | मो.सा. | BAJAJ | BAJAJ//PULSAR 220 | DKXCMM67079 | MD2A13EX8MCM14232 | 2021 | 220 | 85000 | 1000 | |
| ३५ | १३८ | २०८१/०५/१४ | मो.सा. | TVS | TVS//RADEON | KF1CK1317 | MD625HF16K1C22091 | 2019 | 110 | 25000 | 1000 | |
| ३६ | ३७५ | २०८१/०७/१४ | मो.सा. | HERO | HERO//SUPER SPLENDOR | JA05EGJ9G09355 | MBLJAR039J9G64104 | 2017 | 124.7 | 13000 | 1000 | |
| ३७ | १४४ | २०८१/०५/१६ | मो.सा. | HERO | HERO//SPLENDOR PLUS | HA10AGJHB43083 | MBLHAR078JHB33001 | 2018 | 97.2 | 16000 | 1000 | |
| ३८ | ४१० | २०८१/०८/०१ | मो.सा. | BAJAJ | BAJAJ//PLATINA | PFYRHG57373 | MD2A76AY8HRG57429 | 2017 | 99.27 | 12000 | 1000 | |
| ३९ | ४३५ | २०८१/०८/०७ | मो.सा. | BAJAJ | BAJAJ//PLATINA | PFYRJE04081 | MD2A76AY4JRE92740 | 2018 | 99.27 | 17000 | 1000 | |
| ४० | ४३४ | २०८१/०८/०७ | मो.सा. | HERO | HERO//SPLENDOR PLUS | HA11EYLHB85872 | MBLHAW122LHB10978 | 2020 | 97.2 | 32000 | 1000 | |
| ४१ | १०६ | २०८१/०५/०७ | मो.सा. | HONDA | HONDA//SHINE | JC85E-D-0313421 | ME4JC856BMD126215 | 2021 | 125 | 65000 | 1000 | |
| ४२ | ४२६ | २०८१/०८/०५ | मो.सा. | BAJAJ | BAJAJ//PLATINA | PFYRKB15079 | MD2A76AY0KRB87999 | 2019 | 99.27 | 25000 | 1000 | |
| ४३ | ४१४ | २०८१/०८/०१ | मो.सा. | HERO | HERO//SPENDOR PLUS | HA10AHKHK34586 | MBLHAW154KHK08560 | 2019 | 97.2 | 22000 | 1000 | |
| ४४ | ४५० | २०८१/०८/११ | मो.सा. | HERO | HERO//SPLENDOR PLUS | HA11EYL4G18631 | MBLHAW126L4G22881 | 2020 | 97.2 | 32000 | 1000 | |
| ४५ | १३१ | २०८१/०५/१३ | मो.सा. | BAJAJ | BAJAJ//PLATINA | PFYPKG18718 | MB2A76AY5KPG46746 | 2019 | 99.27 | 22000 | 1000 | |
| ४६ | ३१२ | २०८१/०७/०३ | मो.सा. | HERO | HERO//HF DELUXE | HA11EXN9L04544 | MBLHAW100N9L05101 | 2022 | 97.2 | 50000 | 1000 | |
| ४७ | ४५६ | २०८१/०८/१२ | मो.सा. | BAJAJ | BAJAJ//PLATINA | PFYRKH25176 | MB2A76AY2KRH91912 | 2019 | 99.27 | 25000 | 1000 | |
| ४८ | ३९८ | २०८१/०७/२७ | मो.सा. | BAJAJ | BAJAJ//PULSAR 150 | DHYRKF60628 | MD2A11CY8KRF36084 | 2019 | 149.01 | 32000 | 1000 | |
| ४९ | ३७६ | २०८१/०७/१४ | मो.सा. | HERO | HERO//SPLENDOR PLUS | HA10AHKHL01588 | MBLHAW151KHL01524 | 2019 | 97.2 | 22000 | 1000 | |
| ५० | २५ | २०८१/०४/११ | मो.सा. | HERO | HERO//GLAMOUR | JA07ACLGJ15686 | MBLJAW159LGJ16484 | 2020 | 124.7 | 38000 | 1000 | |
| ५१ | २३८ | २०८१/०६/१० | मो.सा. | BAJAJ | BAJAJ//PLATINA | PFYRHH73904 | MB2A76AY2HRH73239 | 2017 | 99.27 | 12000 | 1000 | |
| ५२ | ११५ | २०८१/०५/०९ | मो.सा. | HERO | HERO//SUPER SPLENDOR | JA05EGJ9M01544 | MBLJAR039J9M02645 | 2018 | 124.7 | 18000 | 1000 | |
| ५३ | ३९३ | २०८१/०७/२६ | मो.सा. | HERO | HERO//GLAMOUR | JA05ERJGJ42456 | MBLJAR02XJGJ36359 | 2018 | 124.7 | 20000 | 1000 | |
| ५४ | ४३२ | २०८१/०८/०६ | मो.सा. | HERO | HERO//SPLENDOR PLUS | HA10AGKHM81970 | MBLHAW082KHM57373 | 2019 | 97.2 | 22000 | 1000 | |
| ५५ | ३७५ | २०८१/०७/१४ | मो.सा. | HERO | HERO//SUPER SPLENDOR | JA05EGK9H42149 | MBLJAW093K9H16752 | 2019 | 124.7 | 32000 | 1000 | |
| ५६ | १८७ | २०८१/०५/२९ | मो.सा. | BAJAJ | BAJAJ//PLATINA | PFYRHE31306 | MD2A76AY8HRE87752 | 2017 | 99.27 | 10000 | 1000 | |
| ५७ | १७४ | २०८१/०५/२५ | मो.सा. | HERO | HERO//GLAMOUR | JA06ERHGJ35703 | MBLJAS050HGJ05603 | 2017 | 124.7 | 13000 | 1000 | |
| ५८ | ९ | २०८१/०४/०४ | मो.सा. | HERO | HERO//SPLENDOR PLUS | HA11EYN9E03429 | MBLHAW124N9E38495 | 2022 | 97.2 | 55000 | 1000 | |
| ५९ | १६५ | २०८१/०५/२२ | मो.सा. | BAJAJ | BAJAJ//PLATINA | PFYRJM76468 | MD2A76AY4JRM58395 | 2018 | 99.27 | 15000 | 1000 | |
| ६० | २५८ | २०८१/०६/२० | मो.सा. | HERO | HERO//GLAMOUR | JA07ACLGK11398 | MBLJAW155LGK11639 | 2020 | 124.7 | 38000 | 1000 | |
| ६१ | ३५७ | २०८१/०७/११ | मो.सा. | HERO | HERO//SUPER SPLENDOR | JA07ABL9C14100 | MBLJAW178L9C03561 | 2020 | 124.7 | 41000 | 1000 | |
| ६२ | ३७५ | २०८१/०७/१४ | मो.सा. | HERO | HERO//SPLENDOR PLUS | HA10AGKHL09877 | MBLHAW085KHL04633 | 2019 | 97.2 | 22000 | 1000 | |
| ६३ | १०१ | २०८१/०५/०६ | मो.सा. | HERO | HERO//SUPER SPLENDOR | JA05EGK9E04725 | MBLJAW092K9E61446 | 2019 | 124.7 | 32000 | 1000 | |
| ६४ | १३४ | २०८१/०५/१४ | मो.सा. | HERO | HERO//PASSION PRO | HA10ACKHE16698 | MBLHAW01XKHE26202 | 2019 | 97.2 | 21000 | 1000 | |
| ६५ | ३७५ | २०८१/०७/१४ | मो.सा. | HERO | HERO//SUPER SPLENDOR | JA05EGH9F25554 | MBLJAR032H9H18458 | 2017 | 124.7 | 13000 | 1000 | |
| ६६ | १३१ | २०८१/०५/१३ | मो.सा. | HERO | HERO //SUPER SPLENDOR | JA05EGH9G10615 | MBLJAR030H9G00835 | 2017 | 124.7 | 13000 | 1000 | |
| ६७ | १३० | २०८१/०५/१३ | मो.सा. | BAJAJ | BAJAJ//PLATINA | PFYRHD09228 | MB2A761Y2HRD71057 | 2017 | 99.27 | 10000 | 1000 | |
| ६८ | ३७७ | २०८१/०७/१४ | मो.सा. | TVS | TVS//RAIDER | K201059 | MD625AF94N1P11636 | 2022 | 125 | 90000 | 1000 | |
| ६९ | ४३३ | २०८१/०८/०७ | मो.सा. | BAJAJ | BAJAJ//PLATINA | PFYRJA00026 | MD2A76AY6JRA80292 | 2018 | 99.27 | 17000 | 1000 | |
| ७० | ३१९ | २०८०/०८/०६ | मो.सा. | HONDA | HONDA//SHINE | JC65E-7-1332992 | ME4JC657LH7059871 | 2017 | 125 | 18000 | 1000 | |
| ७१ | विभिन्न मुद्दाहरूमा रहेका यातायात व्यवस्था कार्यालयमा दर्ता नहुने गरी पत्रु/कबाडी (स्काप) मा लिलाम बिक्री हुने मोटरसाइकल १८५ थान, स्कुटर २ थान, जिप ३ थान, पिकअप १ थान, मिनी ट्रक १ थान, रथ २ थान, म्याजिक भ्यान १ थान। | | | | | | | | | 1272600 | 1000 | |


क्रमश : पृष्ठ ६ मा

# विदेश नीतिमा कार्टरको प्रतिष्ठा र विश्वले सिक्नुपर्ने पाठ



● रिचर्ड हार्गी

*रिचर्ड क्विन्स युनिभर्सिटी बेलफास्टको सेन्टर फर द स्टडी अफ एथनिक कन्फ्लिक्टमा भिजिटिङ रिसर्च फेलो हुन् ।*



सन् १९७८ को डिसेम्बरमा अमेरिकी पूर्वराष्ट्रपति जिमी कार्टरले विदेशमा अमेरिकी रणनीतिक निर्णयहरू मानव अधिकारको पालनाद्वारा आकार दिनुपर्छ भन्ने आफ्नो विश्वासलाई रेखांकित गरे । 'मानव अधिकार हाम्रो विदेश नीतिको आत्मा हो । किनभने मानव अधिकार हाम्रो राष्ट्रियताको भावनाको आत्मा हो,' यही २९ डिसेम्बरमा १०० वर्षको उमेरमा निधन भएका कार्टर बारम्बार भन्ने गर्थे । उनको विचार सदैव सान्दर्भिक देखिन्छ ।

विदेश मामिलामा अमेरिकी राष्ट्रपतिको रूपमा कार्टरको एक कार्यकाल (१९७७-१९८१) मा केही उल्लेखनीय उपलब्धि भएका थिए । सबैभन्दा महत्त्वपूर्ण उपलब्धि सन् १९७८ मा भएको ऐतिहासिक क्याम्प डेभिड सम्झौता थियो । कार्टर, इजरायली प्रधानमन्त्री मेनाकेम बेगिन र इजिप्टका राष्ट्रपति अनवर सादातले एक सम्झौतामा हस्ताक्षर गरे, जसमा बेगिन इजिप्टसँग शान्ति र पूर्ण कूटनीतिक सम्बन्धको बदलामा १९६७ को ६ दिने युद्धमा इजरायलले कब्जा गरेको सम्पूर्ण सिनाई प्रायद्वीप त्याग्न सहमत भयो । यसले अमेरिकी कूटनीतिको शक्तिमा कार्टरको विश्वास र अमेरिकी राष्ट्रपतिहरूले शान्ति स्थापनाको कठिन कार्यलाई साहसका साथ किन ग्रहण गर्नुपर्छ भन्ने उदाहरण दिन्छ ।

पच्चीस वर्षपछि र दोस्रो खाडी युद्धको पृष्ठभूमिमा कार्टरलाई उक्त सम्झौतामा उनको भूमिकाको लागि मान्यता दिइयो र २००२ मा नोबेल शान्ति पुरस्कार प्रदान गरियो । राष्ट्रपति जर्ज डब्लु बुसले इराकमा आक्रमण गर्ने योजना बनाइरहेका वेला 'पूर्वराष्ट्रपति जिमी कार्टरलाई शान्ति वार्ता, मानव अधिकारका लागि अभियान र सामाजिक कल्याणका लागि काम गरेकोमा शान्ति पुरस्कार प्रदान गरिएको,' नोबेल समितिले बतायो । 'अन्तर्राष्ट्रिय द्वन्द्वको शान्तिपूर्ण समाधान खोज्न, लोकतन्त्र र मानव अधिकारलाई अगाडि बढाउन र आर्थिक तथा सामाजिक विकासलाई प्रवर्द्धन गर्नका लागि कार्टरको दशकौँको अथक प्रयासको कदरस्वरूप यो पुरस्कार दिइएको समितिले बतायो ।

> विदेश मामिलामा अमेरिकी राष्ट्रपतिको रूपमा कार्टरको एक कार्यकाल (१९७७-१९८१) मा केही उल्लेखनीय उपलब्धि भएका थिए । सबैभन्दा महत्त्वपूर्ण उपलब्धि सन् १९७८ मा भएको ऐतिहासिक क्याम्प डेभिड सम्झौता थियो ।

> कार्टरले व्यक्तिगत कूटनीतिको आफ्नै मार्ग पछ्याउन कार्टर सेन्टर स्थापना गरे । सन् १९८२ देखि सुरु भएको सेन्टरले ३९ देशमा एक सय दशभन्दा बढी निर्वाचनको अनुगमन गरेको छ ।

सन् १९८१ को जनवरीमा पद छोड्दा कार्टरले सबैभन्दा महत्त्वपूर्ण विषय र कारणमा संलग्न हुन पूर्वराष्ट्रपतिको रूपमा आफ्नो पोजिसन प्रयोग गर्न खोजे । उनले व्यक्तिगत कूटनीतिको आफ्नै मार्ग पछ्याउन कार्टर सेन्टर स्थापना गरे । सन् १९८२ देखि सुरु भएको सेन्टरले ३९ देशमा एक सय दशभन्दा बढी निर्वाचनको अनुगमन गरेको छ । सन् २०२० को अमेरिकी राष्ट्रपतीय निर्वाचनको अगाडि र तत्कालीन राष्ट्रपति डोनाल्ड ट्रम्प शान्तिपूर्ण संक्रमणका लागि प्रतिबद्ध हुन अस्वीकार गर्दा कार्टर सेन्टरले अमेरिका प्रतिगमनतर्फ बढेको टिप्पणी गर्‍यो ।

### नैतिक कूटनीति

एक निष्ठावान् इसाईका रूपमा कार्टरले पूर्वविश्व नेतासँग प्रजातन्त्र र मानव अधिकारको प्रवर्द्धन गर्न, रोगहरूको उन्मूलनमा वैज्ञानिक कार्यको समर्थन गर्न र द्वन्द्व रोक्न सम्भव भएसम्म मध्यस्थताका लागि आफ्नो व्यक्तिगत सम्बन्धको अधिकतम उपयोग गरे । कार्टरको सक्रियतालाई उनका ह्वाइट हाउसका केही उत्तराधिकारी (दुवै रिपब्लिकन र डेमोक्र्याटहरू)ले सधैँ सराहना गरेनन् । पूर्वराष्ट्रपतिको कूटनीतिको व्यक्तिगत ब्रान्डले समकालीन अमेरिकी कूटनीतिक पहललाई प्रायः जटिल र विरोधाभास बनाएको डार्टमाउथ कलेजका प्राध्यापक र्‍यान्डल बाल्मर बताउँछन् ।

कार्टर शान्ति प्रवर्द्धन, सामाजिक न्याय, जलवायु परिवर्तन र विश्वव्यापी मानव अधिकारमा काम गर्ने विश्वव्यापी नेताको स्वतन्त्र समूह द एल्डर्सका सदस्य थिए । आफ्नो सक्रिय सदस्यताका वर्षमा कार्टरले इजरायल-प्यालेस्टाइन द्वन्द्वमा महत्त्वपूर्ण ऊर्जा समर्पित गरे । एल्डर्सको कामलाई समर्थन गर्न धेरै अवसरमा यस क्षेत्रको भ्रमण गरे । सन् १९९० को प्रारम्भमा पूर्वराष्ट्रपतिले अमेरिकी विदेश मन्त्रालय र उत्तर कोरिया र लिबियालगायत धेरै बदमास राज्यबिच मध्यस्थता कार्यमा संलग्न भए ।

सन् १९९४ मा कार्टरले उत्तर कोरियाली नेता किम इल सुङसँग बढ्दो तनावपूर्ण आणविक हतियारको अवस्था समाधान गर्न अमेरिकी सरकारको कूटनीतिक प्रयासलाई समर्थन गरे । कार्टरले जुन १९९४ मा किमसँग भेट गरे र उक्त देशको भ्रमण गर्ने पहिलो पूर्वअमेरिकी राष्ट्रपति बने । उनको उक्त भ्रमणले उत्तर कोरिया र अमेरिकाबिचको द्विपक्षीय सम्झौताको आधार तयार पारेको छ । यो दुई देशबिचको सम्बन्धमा कोसेढुंगा साबित भएको छ । सम्झौताअनुसार उत्तर कोरियाले आफ्नो प्लुटोनियम हतियार कार्यक्रम फ्रिज गर्ने वाचा गर्‍यो भने अमेरिकाले प्योङ्याङलाई भरपूर सहयोग गर्न सहमति जनायो ।

### ९० को दशकमा पनि उत्तिकै सक्रिय

कार्टरले आफ्नो ९० को दशकमा समसामयिक भूराजनीतिक घटनाबारे राम्रोसँग आफ्नो प्रस्ट धारणा राखे । सन् २०१८ मा ट्रम्पले ओबामा प्रशासनले सन् २०१५ मा गरेको इरान आणविक सम्झौताबाट न्युयोर्कलाई बाहिर निकाल्ने घोषणा गर्दा उनले खुलेरै आलोचना गरेका थिए । उनले ट्रम्पको कदमलाई 'गम्भीर गल्ती' भने । कार्टरले अमेरिकी राष्ट्रपतिले गरेको अन्तर्राष्ट्रिय सम्झौता आफ्ना सबै उत्तराधिकारीका लागि बाध्यकारी हुनु आवश्यक रहेको र इरान सम्झौताबाट पछि हटेर अमेरिकाले भूल गरेको टिप्पणी गरे ।


राष्ट्रपति कार्यालय छाडेपछि पूर्वराष्ट्रपति कार्टरका प्रमुख उपलब्धिमध्ये एक स्वास्थ्य सेवामा उनको सेन्टर (कार्टर सेन्टरको) योगदान थियो । विशेषगरी गिनी-वर्म (एक लामो परजीवी किरा, जुन ग्रामीण अफ्रिका र एसियामा संक्रमित मानिस र अन्य स्तनधारी जनावरको छालामुनि बस्छ) रोगको उन्मूलनमा कार्टर सेन्टरले महत्त्वपूर्ण योगदान दिएको छ । यो दूषित पानी पिउँदा हुने परजीवी संक्रमण हो । रोगको नतिजा घातक नभए पनि यसको संक्रमणले पीडितलाई कमजोर बनाउन सक्छ र कुनै अवस्थामा स्थायी संक्रमितमा अपांगता निम्त्याउन सक्छ ।

कार्टर सेन्टर एक लाख गाउँमा स्वास्थ्य सेवाकर्मीलाई तालिम दिन, शिक्षा कार्यक्रममा लगानी गर्ने र मानिसलाई परजीवीको संक्रमणबाट जोगाउन पानी फिल्टरहरू उपलब्ध गराउन प्रतिबद्ध छ । यस कार्यक्रमले धेरै सफलता प्राप्त गरेको छ । सेन्टरका अनुसार 'गिनी वर्म रोगका केसहरू सन् १९८६ मा अनुमानित ३.५ मिलियनबाट घटेर सन् २०२३ को अन्त्यसम्ममा केवल १३ मा झरेको छ । यो रोग १७ देशमा निर्मूल भएको छ । मानव अधिकारप्रति जिमी कार्टरको प्रतिबद्धतामा कहिल्यै पनि कमी आएन । मानव अधिकार केन्द्रित विदेश नीतिको उनको अवधारणा विश्वव्यापी वार्तालापमा स्थायी रूपमा अंकित छ ।

*–द कन्भर्सेसनबाट*

## इतिहासमा आज

जनवरी २



**सन् १९४७ :** हिन्दू-मुस्लिमबिच दंगा बढेपछि महात्मा गान्धीले पूर्वी बंगालमा दंगा रोक्न र सौहार्दता बढाउनुपर्ने माग राख्दै शान्ति र्‍याली सुरु गरे ।

**सन् १८३३ :** ब्रिटिस फौजले अर्जेन्टिनी सेनालाई धपाएर फकल्यान्ड टापुमाथिको शासन पुनर्स्थापना गर्‍यो । एक वर्षअघि अर्जेन्टिनाले सो टापुमाथि दाबी गर्दै सैन्य पोस्ट स्थापना गरेको थियो । बिचको केही समयबाहेक ब्रिटिसहरूले सन् १६९० देखि हालसम्म सो टापुमाथि शासन गर्दै आएका छन् ।

**सन् १८८२ :** एकाधिकारविरोधी कानुन लागू भएपछि विश्वको सबैभन्दा ठुलोमध्येको एक कम्पनी 'स्ट्यान्डर्ड ओयल' ट्रस्टमा बदलियो ।

**सन् १९०६ :** विलिस क्यारिअरले उनले आविष्कार गरेको विश्वको पहिलो 'एयर-कन्डिसनर'का लागि अमेरिकी प्याटेन्ट हासिल गरे ।

**सन् १९३५ :** जापानले चीनको उत्तरपूर्वी भाग मन्चुरिया कब्जा गरेर त्यहाँ अलग कठपुतली सरकार गठन गर्‍यो ।

**सन् १९४४ :** ब्रिटिस फौजले दोस्रो विश्वयुद्धका क्रममा युद्ध प्रयोजनमा पहिलोपटक हेलिकोप्टरको प्रयोग गरे ।

**सन् १९५९ :** सोभियत संघले 'लुना प्रथम' प्रक्षेपण गर्‍यो । चन्द्रमानजिक पुगेको यो अन्तरिक्षयान पृथ्वीको गुरुत्व क्षेत्र छाड्ने पहिलो अन्तरिक्षयान बन्यो ।

**सन् १९६५ :** मार्टिन लुथर किङ जुनियरले अश्वेतहरूको न्यून राजनीतिक सहभागितालाई तोड्न निर्वाचन मतदाता नामावलीमा तिनको संख्या बढाउने अभियान सञ्चालन गरे ।

**सन् १९९५ :** अमेरिकाको हवाई टापुमा रहेको विश्वको सबैभन्दा ठुलो दूरदर्शकयन्त्र 'केक्क दूरदर्शकयन्त्र'ले हालसम्मकै सबैभन्दा टाढाको तारापुञ्ज पहिचान गर्‍यो, जुन १५ अर्ब प्रकाश वर्ष टाढा अवस्थित छ ।

**सन् १९९६ :** बोस्नियाली सर्व र मुस्लिम जातिबिच जारी हिंसा रोक्न उत्तरी बोस्निया क्षेत्रमा अमेरिकी सैनिक परिचालित भए ।

**सन् २०१८ :** विश्व स्वास्थ्य संगठनले भिडियो गेमको लतलाई मानसिक स्वास्थ्य समस्याको रूपमा सूचीकृत गर्‍यो ।

**सन् २०१९ :** भारतको सर्वोच्च अदालतले महिनवारी उमेरका महिलामाथि केरला राज्यको सबारिमाला मन्दिरमा प्रवेश गर्न लागेको प्रतिबन्ध उल्ट्याएपछि पहिलोपटक दुई महिला बिन्दु अम्मिनी र कनकदुर्गा प्रवेश गरे ।

**सन् २०२२ :** सुडानका प्रधानमन्त्री अब्दाला हमदोकले टेलिभिजन सम्बोधनमार्फत राजीनामा दिए ।

## विश्व संक्षेप

### बढ्यो 'नोरोभाइरस'को प्रकोप : सिडिसी

**वासिंटन डिसी/** संयुक्त राज्य अमेरिकाभरि डिसेम्बर महिनामा असामान्य रूपमा धेरै मानिस नोरोभाइरस प्रकोपबाट ग्रसित भएको 'रोग नियन्त्रण र रोकथाम केन्द्र (सिडिसी)'ले जनाएको छ । पछिल्लो तथ्यांकअनुसार डिसेम्बरको पहिलो साता ९१ जनामा नोरोभाइरस प्रकोपको पुष्टि भएको थियो । यो पछिल्लो केही वर्षमा सो अवधिमा सिडिसीले रेकर्ड गरेको सबैभन्दा उच्च संख्या हो । यो कोभिड-१९ महामारीअघि रेकर्ड भएको संख्याभन्दा पनि उच्च हो । प्रत्येक वर्ष नोरोभाइरस प्रकोपले अमेरिकामा झन्डै १९ देखि २१ लाख मानिसलाई बिरामी पार्छ । यसले पेट र आन्द्रालाई असर गर्छ । डिसेम्बरमा लस एन्जलसको एक रेस्टुरेन्टमा नोरोभाइरसबाट कम्तीमा ८० जना बिरामी परेका थिए ।

### 'युद्ध' र 'वार्ता'का लागि तयार रहेको जेलेन्स्कीको प्रतिबद्धता

**किभ/** युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रुसी आक्रमण अन्त्यका लागि वार्ता र युद्धस्थल सबै क्षेत्रमा डटेर लड्ने बताएका छन् । एएफपीको एक विश्लेषणअनुसार सन् २०२३ को तुलनामा सन् २०२४ मा रुसले सात गुणा बढी युक्रेनी भूभाग कब्जा गर्न सफल भयो । डोनाल्ड ट्रम्प ह्वाइट हाउसमा फर्किपछि सन् २०२५ को मध्यतिरसम्म युक्रेनलाई दिँदै आएको अमेरिकी सैन्य तथा राजनीतिक समर्थनमा कमी आउने सम्भावना छ । 'आगामी वर्षमा हरेक दिन युक्रेन कमजोर छैन भनी प्रमाणित गर्न हामी सबैले युक्रेनको पक्षमा आ-आफ्नो स्थानबाट युद्धभूमि र वार्ताको टेबल दुवैमा लड्नुपर्छ,' जेलेन्स्कीले नयाँ वर्षको अवसरमा देशको नाममा गरेको सम्बोधनमा भने ।

### युक्रेनले रोक्यो आफ्नो भूमि हुँदै युरोप जाने रुसी ग्यास

**किभ/** युक्रेनले आफ्नो देश हुँदै युरोपेली संघका देशहरू जाने रुसी ग्यास आपूर्ति बन्द गरेको छ । युक्रेन हुँदै ग्यास आपूर्तिको वर्षौं पुरानो व्यवस्था थियो, जुन युक्रेनको 'ग्यास ट्रान्जिट अपरेटर नाफ्टोगाज' र रुसको ग्याजप्रोमबिच भएको पाँच वर्षको सम्झौता समाप्त भएपछि अब बन्द भएको छ । युक्रेनले युरोपेली संघलाई आपूर्ति रोकिने अवस्थाको तयारी गर्न एक वर्ष दिएको युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले बताएका थिए । जेलेन्स्कीले उनको देशले रुसलाई 'हाम्रो देशको रगतमा खेलेर अर्बौं कमाउन' नदिने बताए । यसलाई रुसविरुद्धको अर्को जित भएको पोल्यान्ड सरकारले बताएको छ । युरोपेली आयोगले यो परिवर्तनका लागि युरोपेली संघले तयारी गरेको र धेरैजसो देश ग्यास आपूर्तिको अन्त्य सामना गर्न सक्षम रहेको बताएको छ । रुसी कम्पनी ग्याजप्रोमले स्थानीय समयअनुसार बुधबार बिहान ८ बजेदेखि युक्रेन हुँदै ग्यास निर्यात बन्द भएको पुष्टि गरेको छ । रुसले सन् १९९१ देखि युक्रेन हुँदै युरोपलाई ग्यास आपूर्ति गर्दै आएको थियो । युक्रेनबाट ग्यास आपूर्ति बन्द गर्नुले युरोपेली संघमा सस्तो रुसी ग्यासको युगको अन्त्य भएको संकेत गर्छ । रुसले अहिले एउटा महत्त्वपूर्ण बजार गुमाएको छ ।


# अमेरिकामा तीव्र गतिको ट्रकले भिडलाई ठक्कर दिँदा कम्तीमा १० जनाको मृत्यु

**वासिंटन डिसी/** अमेरिकी सहर न्यु अर्लिन्सको एक लोकप्रिय पर्यटकीय क्षेत्रमा नयाँ वर्षको बिहानीमा एउटा ट्रक चालकले जानाजान तीव्र गतिमा भिडमा गाडी चलाउँदा कम्तीमा १० जनाको मृत्यु भएको छ । घटनामा ३० जना घाइते भएको सहर प्रशासनले बुधबार जानकारी दिएको छ ।

प्रहरीका अनुसार चालकले जानाजानी भिडमा ट्रक गुडाए र गाडीभित्रबाट गोली चलाउन थाले । अमेरिकी सञ्चारमाध्यमका अनुसार संदिग्ध ट्रक चालकलाई प्रहरीले गोली हानेको स्थानीय प्रहरी प्रमुख एनी कर्कप्याट्रिकले बताएकी छिन् । 'यो घटना स्थानीय समयअनुसार बिहान ३.१५ बजे भएको थियो । उसले ब्यारिकेडमा पनि प्रहार गर्‍यो, त्यसपछि गोली चलायो, दुई प्रहरी अधिकारीसमेत घाइते भए,' कर्कप्याट्रिकले भनिन् ।

फ्रेन्च क्वार्टर भनिने आक्रमण भएको क्षेत्रमा नयाँ वर्षको उत्सव मनाउन मानिसको घुइँचो लाग्दै थियो । अमेरिकी सञ्चार माध्यम सिबिएस न्युजले प्रत्यक्षदर्शीलाई उद्धृत गर्दै एउटा ट्रक 'उच्च गतिमा' भिडभित्र पसेपछि त्यसका चालक गाडीबाहिर झरेर बन्दुक चलाउन थालेको र प्रहरीले जवाफी फायर गरेको जनाएको छ ।

घटनामा दुई प्रहरी अधिकारी पनि घाइते भएका छन् । न्यु अर्लिन्सका प्रहरी अधिकारी एनी कर्कप्याट्रिकका अनुसार संदिग्ध चालकले सकेसम्म धेरै मानिसलाई मार्न चाहेको थियो । यस घटनाको अनुसन्धानको जिम्मा अहिले



एफबिआईलाई दिइएको छ । लुइसियानाका शीर्ष अधिवक्ता लिज मुरिएलले सामाजिक सञ्जाल एक्समा पोस्ट गर्दै लेखेका छन्, 'हामीमध्ये धेरै आज उठ्दा न्यु अर्लिन्समा नयाँ वर्ष मनाइरहेका मानिसमाथि भएको घातक आक्रमणको दुखद समाचार सुन्न बाध्य भएका छौँ । पीडित र तिनीहरूका परिवारले न्याय पाउने म सुनिश्चित गर्नेछु ।'

न्यु अर्लिन्सको 'फ्रन्ट क्वार्टर'मा रहेको बोर्बोन स्ट्रिट रात्रिकालीन जीवनका लागि परिचित छ । घटना भएको क्षेत्रमा धेरै बार, रेस्टुरेन्ट र क्लब छन् । प्रत्यक्षदर्शीले घटना हुँदा बन्दुक वा गोली चलेको आवाज सुनिएको र मानिसहरू भागदौड गरिरहेको बताएका छन् । कैयौँले टेबुलमुनि लुकेर ज्यान जोगाएको पनि बताएका छन् ।

न्यु अर्लिन्सका प्रहरी अधिकारीहरू सहरको सुपरडोम स्टेडियम सुरक्षित गर्न व्यस्त थिए । त्यहाँ राति नै फुटबल खेल हुने तयारी थियो । यसैबिच, एफबिआईले एक विज्ञप्ति जारी गर्दै ट्रक चालक जीवित नरहेको र घटनालाई आतंकवादी घटनाका रूपमा अनुसन्धान गरिरहेको जनाएको छ । एफबिआईको विशेष एजेन्ट अल्थिया डंकनलाई यस मुद्दाको अनुसन्धान प्रमुख तोकिएको छ ।

घटनास्थलमा विस्फोटक पदार्थ फेला पर्ने सम्भावना रहेकाले अधिकारीहरू त्यसमा पनि केन्द्रित भएको आल्थिया डन्कनले बताएकी छिन् । यसबिच अमेरिकी राष्ट्रपति कार्यालय ह्वाइट हाउसले घटनालाई लिएर स्थानीय मेयरसँग राष्ट्रपति सम्पर्कमा रहेको वक्तव्य दिएको छ । न्यु अलिन्सकी मेयर ला टोया क्यान्ट्रेलले पनि यसको पुष्टि गरेकी छन् ।

अमेरिकाको लुइसियाना राज्यमा अवस्थित न्यु अर्लिन्स सहर सांस्कृतिक विविधताका लागि परिचित छ । यो सहरमा पहिलोपटक सन् १७१८ मा फ्रान्सेलीहरूले बसोवास बसाएका थिए । यसको सडकको मूल डिजाइन पनि उनीहरूले नै तयार पारेका थिए । यसैले यसलाई अहिले पनि फ्रान्सेली क्वार्टर भनिन्छ । प्रत्येक वसन्तमा दश लाखभन्दा बढी मानिस यहाँ प्रसिद्ध मार्डी ग्रास कार्निवल र परेडमा भाग लिन आउँछन् ।

ऐतिहासिक रूपमा यो सहर काला मानिसको बसोवास क्षेत्र थियो । यो क्षेत्र ज्याज संगीतको जन्मस्थलको रूपमा पनि परिचित छ । यसैले यो संगीतप्रेमीका लागि मनपर्ने गन्तव्य बन्ने गरेको छ । तर, पछिल्ला वर्षमा यस सहरले धेरै कठिनाइ पार गर्नुपरेको छ ।

पृष्ठ ५ बाट क्रमशः

## सिलबन्दी बोलपत्र फारामसम्बन्धी सर्तहरू

१. प्रतिबोलपत्र फाराम रु. १,०००/- (एक हजार मात्र) दस्तुर (पछि फिर्ता नहुने गरी) प्रभु बैंक लिमिटेड बैंकमा रहेको यस गौर भन्सार कार्यालयको राजस्व खाता नं. ०९६०१२५१५८००००१२ मा कार्यालयको कोट नं. ३०५०३२००१ र राजस्व संकेत नम्बर १४२२९-अन्य प्रशासनिक शुल्क) मा बुझाएको सक्कल भौचर पेस गरी यस कार्यालयको मुद्दा शाखाबाट सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) औं दिनसम्म कार्यालय समयभित्र बोलपत्र फाराम खरिद गर्न सकिनेछ । यातायात व्यवस्था कार्यालयमा दर्ता नहुने गरी पत्रु/कबाडी (स्क्राप) मा लिलाम बिक्री गरिने साधनहरू पत्रु/कबाडीको कारोबार गर्न इजाजत पत्र प्राप्त भएका फर्म/कम्पनी/संघ/संस्थाले मात्र बोलपत्र खरिद गर्न पाइनेछ ।

२ आफूले कबोल गरेको रकम अंक र अक्षरमा खुल्ने गरी स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ । सच्याइएको वा केरमेट गरिएको स्थानमा बोलपत्रदाताको दस्तखत हुनुपर्नेछ । साथै, अंक र अक्षरमा फरक परेको हकमा अक्षरलाई मान्यता दिइनेछ ।

३. बोलपत्र फाराम पेस गर्दा सो बोलपत्रसाथ प्राकृतिक व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा अन्य व्यक्ति (फर्म/कम्पनी/संघ/संस्था)को हकमा स्थायी लेखा नम्बर (PAN) को दर्ता प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि खामभित्र राखी खाममा सिलछापसमेत लगाई पेस गर्नुपर्नेछ । खामबाहिर बोलपत्र सूचनाको सिरियल नम्बर, मुद्दा नम्बर र बोलपत्रदाताको नाम, ठेगाना खुलाउनुपर्नेछ । साथै, प्रत्येक सूचनाको सिरियल नम्बरको सवारी साधनको लागि छुट्टा-छुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्नुपर्नेछ ।

४. बोलपत्रदाताहरूले जसको नाममा बोलपत्र फाराम खरिद गरेको छ सोही नामबाट बोलपत्र पेस गर्नुपर्नेछ । यस कार्यालयबाट बिक्री गरिएको सक्कल बोलपत्र फाराममा मात्र बोलपत्र भर्नुपर्नेछ । साथै, कुनै पनि सर्त राखी पेस भएको बोलपत्र मान्य हुने छैन ।

५. यस कार्यालयबाट खरिद गरिएका बोलपत्र सूचना प्रकाशित भएको मितिले २२ औं दिनको अपराह्न १२:०० बजेसम्म यस कार्यालयको मुद्दा शाखामा (सो दिन सार्वजनिक बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन सोही समयमा) दर्ता गरिसक्नुपर्नेछ । दर्ता भएको बोलपत्रहरू सोही दिन दिउँसो १४:०० बजे बोलपत्रदाता र अन्य तोकिएका व्यक्तिहरूको रोहवरमा यस कार्यालयमा खोलिनेछ । निर्धारित समयमा बोलपत्रदाता अनुपस्थित भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६. बोलपत्र स्वीकृत भएको जानकारी यस कार्यालयको सूचनापाटीमा सूचना प्रकाशित गरी जानकारी गराइनेछ । साथै, भन्सार विभागको वेबसाइट www.customs.gov.np/ यस कार्यालयको वेबसाइट www.customs.gov.np/gaur मा राखिएको सूचनाबाट समेत हेर्न सकिनेछ ।

७. कबोल गरेको सबैभन्दा बढी अंक स्वीकृत भएपछि सो रकममा नियमानुसार लाग्ने मू.अ.कर र सडक निर्माण दस्तुर समेत दाखिला गरी बोलपत्र स्वीकृत भएको मितिले ७ (सात) दिनभित्र सवारी तथा ढुवानी साधन उठाई लैजानुपर्नेछ । म्यादभित्र उठाई नलगेमा भन्सार नियमावली, २०६४ को नियम ३६ को उपनियम ४ बमोजिमको धरौटी रकम जफत गरी न्यूनतम मूल्यभन्दा बढी कबोल गर्ने क्रमशः दोस्रो, तेस्रो वा चौथो बोलपत्रदाताको कबोल अंक स्वीकृत गरिनेछ ।

८. लिलामबाट सकार गरेको सवारी तथा ढुवानी साधनहरू प्रचलित ऐन, नियमअनुसार दर्ता गराउने कार्य निज लिलाम सकारकर्ताको नै हुनेछ ।

९. यातायात व्यवस्था कार्यालयमा दर्ता नहुने पत्रु/कबाडी (स्क्राप) मा लिलाम बिक्री गरिएका सवारी तथा ढुवानी साधनहरू लिलाम सकारकर्ताले उठाई लैजानु अगाडि नै आफ्नो खर्चमा प्रत्येका साधनहरूको चेसिस र इन्जिन नम्बरहरू रद्द गरी टुक्रा पारी पत्रु/कबाडीको रूपमा उक्त साधनहरू उठाई लैजानु पर्नेछ ।

१०. बोलपत्रको प्रकाशित सूचना कार्यालयले कुनै पनि वेला सूचना प्रकाशित गरी संशोधन, स्थगन वा रद्द गर्न सक्नेछ । साथै बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । यसमा उल्लेख भएबाहेक अन्य विषयहरू प्रचलित ऐन-कानुन बमोजिम हुनेछ ।

■ विद्युत् विकास मार्गचित्र, २०८१

# ०३५ सम्म २८ हजार ५ सय मेगावाट विद्युत् उत्पादनको लक्ष्य

मिलन विश्वकर्मा/नयाँ पत्रिका

वर्ष ०३५ सम्म नेपालको विद्युत्जडित क्षमता २८ हजार पाँच सय मेगावाट पुर्‍याउने लक्ष्यसहितको 'विद्युत् विकास मार्गचित्र, २०८१' मन्त्रिपरिषद्बाट स्वीकृत भएको छ। मंगलबारको मन्त्रिपरिषद्को बैठकले स्वीकृत गरेको मार्गचित्रमार्फत अबको ११ वर्षमा विद्युत्को थप २६ हजार मेगावाट हाराहारीमा विद्युत् उत्पादन गर्ने लक्ष्य राखिएको छ। हाल विद्युत्जडित क्षमता ३४०३ मेगावाट रहेको छ।

उत्पादित विद्युत्मा साढे १३ हजार मेगावाट नेपालमै खपत गर्ने लक्ष्य लिएको छ। अहिले नेपालमा बढीमा २२ सय मेगावाटसम्म विद्युत् खपत हुने गरेको छ।

यो ११ वर्षमा १५ हजार मेगावाट विद्युत् भने भारत, बंगलादेश र चीनमा निर्यात गर्ने लक्ष्य राखिएको छ। त्यसमा भारतमा १० हजार मेगावाट विद्युत् निर्यात गर्ने लक्ष्य तोकिएको छ। त्यसका लागि २०८० पुसमै भारतसँग सम्झौता भने भइसकेको छ। अहिले भारतमा वर्षामा एक हजार मेगावाटसम्म विद्युत् निर्यात हुने गरेको छ। अब ११ वर्षमा थप नौ हजार मेगावाट विद्युत् भारत निर्यात गर्नुपर्ने देखिन्छ।

बाँकी पाँच हजार मेगावाटमा अधिकांश विद्युत् बंगलादेश र चीनमा निर्यात गर्ने लक्ष्य छ। बंगलादेशमा पनि ४० मेगावाट विद्युत् निर्यात सुरु भइसकेको छ। यसैगरी, चीनतर्फ पाँच सयदेखि एक हजार मेगावाटसम्म विद्युत् निर्यात गर्ने लक्ष्य लिएको छ।

मार्गचित्र स्वीकृत भएसँगै अब ठुला र नयाँ आयोजनामा लगानीका लागि सबै प्रकारका मोडेल खुला भएको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जानकारी दिएको छ। ऊर्जामन्त्री दीपक खड्काले विद्युत् उत्पादन गर्ने सबै मोडेल खुला गर्ने विषय कार्ययोजनामा समावेश भएको जानकारी दिए। 'लगानीकर्तालाई सहज बनाउने र स्वदेशीसहित विदेशी लगानीकर्तालाई बाटो खुला गर्ने गरी मन्त्रिपरिषद्मा प्रस्ताव पेस गरेका थियौँ, उक्त प्रस्ताव पारित भएसँगै सरकारले जलविद्युत् क्षेत्रमार्फत राखेको 'समृद्ध नेपाल'को लक्ष्य पूरा हुनेछ,' उनले भने।

### ■ पूर्वाधार निर्माणमा साढे ४६ अर्ब अमेरिकी डलर आवश्यक

यस्तै, मार्गचित्रमा विद्युत् उत्पादनसँगै आवश्यक पर्ने प्रसारण, वितरण तथा सबस्टेसन बनाउने लक्ष्य पनि लिइएको छ। विद्युत् उत्पादन र पूर्वाधार निर्माणमा ४६ अर्ब ५० करोड अमेरिकी डलर चाहिने बताइएको छ। ऊर्जा क्षेत्रमा हुने लगानीमा सरकारी, निजी क्षेत्र एवं आमसर्वसाधारणको समेत हिस्सा रहनेछ। मन्त्री खड्काले आगामी दिनमा जलाशययुक्त आयोजनालाई प्राथमिकतासाथ अगाडि बढाउने र निजी क्षेत्रलाई पनि सोहीअनुसार लगानी गर्न प्रोत्साहन गराउने गरी सरकारले नीति लिएको बताए।

सरकारले यसअघि ०४९ र ०५८ मा पनि ऊर्जा विकास नीति ल्याइएको थियो। पछिल्लोपटक ०७५ मा ऊर्जा श्वेतपत्र जारी गर्दै रणनीति पनि बनाएर १० वर्ष अर्थात् ०८५ सम्म १५ हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखिएको थियो। तर, त्यसको कार्यान्वयन हुन नसकेपछि सरकारले पुनः ऊर्जा विकाससम्बन्धी नयाँ मार्गचित्र बनाएको छ। यो मार्गचित्र २०८० भदौमै मन्त्रिपरिषद्मा पुगेको थियो। तर, सरकार परिवर्तनसँगै त्यो मन्त्रालयमै फिर्ता आएको थियो। यसको महत्त्वलाई दृष्टिगत गर्दै वर्तमान सरकारले पनि यसलाई अघि बढाएको हो।

पूर्वऊर्जासचिव देवेन्द्र कार्कीले मार्गचित्र मन्त्रिपरिषद्बाट स्वीकृत हुनु सकारात्मक पक्ष भएको बताए। 'यसभन्दा अघि पनि यस्ता योजना आएका थिए। तर, त्यसको कार्यान्वयन राम्रो भएन। त्यो कार्यान्वयन नभएको अवस्थामा पुनः नयाँ योजना आउनु राम्रो हो,' उनले भने, 'मार्गचित्रमा कार्यान्वयन कसरी गर्ने भनेर पनि उल्लेख गरिएको होला। सोहीअनुसार काम हुनुपर्छ। सरकार जलाशययुक्त आयोजनामा केन्द्रित भएर निजी क्षेत्रलाई अर्धजलायश र नदी प्रवाहमा आधारित आयोजना बनाउन प्रोत्साहन गर्नुपर्छ। कानुनी तथा व्यावहारिक सहजीकरण गर्नुपर्छ।'

स्वतन्त्र ऊर्जा उत्पादकको संस्था नेपाल (इप्पान)का अध्यक्ष गणेश कार्कीले यो स्वागतयोग्य भएको बताए। 'सरकारले ढिला गरेर पनि राम्रो मार्गचित्र ल्याएको छ। अब आवश्यक कानुन संशोधन गरेर मार्गचित्र कार्यान्वयन गर्न अग्रसर हुनुपर्छ,' उनले भने, 'साथै, यो लक्ष्य पूरा गर्न निजी क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्छ। यो लक्ष्य पूरा गर्न निजी क्षेत्र तयार छ। तसर्थ, अब सरकारले निजी क्षेत्रलाई लगानीका लागि आह्वान गर्नुपर्छ।'

### ऊर्जामन्त्री दीपक खड्का भन्छन्-



विद्युत् उत्पादन गर्न सबै मोडेल खुला गर्ने विषय कार्ययोजनामा समावेश गरिएको छ। लगानीकर्तालाई सहज बनाउने र स्वदेशीसहित विदेशी लगानीकर्तालाई बाटो खुला गर्ने गरी मन्त्रिपरिषद्मा प्रस्ताव पेस गरेका थियौँ, उक्त प्रस्ताव पारित भएसँगै सरकारले जलविद्युत् क्षेत्रमार्फत राखेको 'समृद्ध नेपाल'को लक्ष्य पूरा हुनेछ।

### इप्पानका अध्यक्ष गणेश कार्की भन्छन्-



सरकारले ढिलै गरेर भए पनि राम्रो मार्गचित्र ल्याएको छ। अब आवश्यक कानुन संशोधन गरेर मार्गचित्र कार्यान्वयन गर्न अग्रसर हुनुपर्छ। साथै, यो लक्ष्य पूरा गर्न निजी क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्छ। यो लक्ष्य पूरा गर्न निजी क्षेत्र तयार छ। तसर्थ, अब सरकारले निजी क्षेत्रलाई लगानीका लागि आह्वान गर्नुपर्छ।




### ■ प्रतिव्यक्ति विद्युत् खपत १५ सय युनिट पुर्‍याउने लक्ष्य

मार्गचित्रमार्फत ०३५ सम्म प्रतिव्यक्ति विद्युत् खपत १५ सय युनिट पुर्‍याउने लक्ष्य लिइएको छ। हाल नेपालको प्रतिव्यक्ति खपत प्रतिवर्ष ४१० युनिट रहेको छ। त्यो अवस्थामा अबको ११ वर्षमा सोबराबरको प्रतिव्यक्ति विद्युत् खपत पुग्ने बताइएको छ।

### ■ आयोजना नै तोकेर लक्ष्य निर्धारण

सरकारले यसपालि आयोजना नै तोकेर विद्युत् उत्पादनको लक्ष्य निर्धारण गरेको छ। निर्माणाधीन आयोजनाको प्रगति, सरकारले अध्ययन गरेका, निजी क्षेत्रले अध्ययन गरेका, विदेशी कम्पनीले जिम्मा लिएका आयोजना नै तोकेर विद्युत् उत्पादनको लक्ष्य निर्धारण गरिएको स्रोतको भनाइ छ।

'यसपालि पहिलाको जस्तो यति विद्युत् मेगावाट उत्पादन गर्ने भनेर मात्रै घोषणा गरिएको छैन। आयोजना नै तोकेर लक्ष्य निर्धारण गरिएको छ। त्यसैले यो सफल हुन्छ भन्नेमा आशावादी छौँ,' मन्त्रालयका एक अधिकारीले बताए।

### ■ कति चाहिन्छ पूर्वाधार ?

केही वर्षअघिसम्म चरम लोडसेडिङ सामना गर्नुपरेपछि सरकारले विद्युत् उत्पादनमा जोड दियो। उत्पादन बढेपछि अहिले लोडसेडिङ अन्त्य मात्रै होइन, भारतमा विद्युत्समेत निर्यात हुन थालेको छ। तर, प्रसारणलाइन तथा सबस्टेसनको स्तरान्नति र निर्माणमा ध्यान नदिँदा अहिले विद्युत् ट्रिपिङको समस्या आएको छ। सोही अवस्थालाई लक्षित गर्दै पूर्वाधार निर्माणलाई पनि प्राथमिकतामा राखिएको छ।

अहिले नेपालमा भएका सबस्टेसनका क्षमता दुई हजार ५०० एमभिए छ। ०३५ सम्म ४० हजार एमभिए क्षमताको सबस्टेसन बनाउने लक्ष्य लिइएको छ। अहिले नेपालमा सात हजार किमि सर्किटको प्रसारणलाइन छ। प्रसारणतर्फ भने अब थप १७ हजार ४०० किमि सर्किट प्रसारणलाइन बनाउनुपर्ने देखिएको छ।

### ■ वन, वातावरणको समस्या समाधान गर्न छाता ऐन

वन, वातावरण, रुख कटानीसम्बन्धी समस्यालाई समाधान गर्ने एउटै छाता ऐन ल्याउने प्रस्ताव पनि मार्गचित्रमा गरिएको छ। एउटै छाता ऐन ल्याएर त्यस्ता समस्याहरूलाई समाधान गर्ने मन्त्रालयको योजना छ। अहिले एउटा जलविद्युत् बनाउँदा सरकारी प्रक्रिया पूरा गर्न सात मन्त्रालय, २३ विभाग र सयौँ टेबल धाउनुपर्ने बाध्यता छ। त्यसमा फरक-फरक ऐन लागू हुन्छ। त्यसले गर्दा विशेषगरी वन, वातावरण, रुख कटानीलगायतका विषयले आयोजना बनाउन निकै बाधा पुगेको छ। जग्गा प्राप्तिले पनि आयोजना निर्माणमा ढिलाइ भइरहेको छ। अब त्यस्ता समस्यालाई समाधान गर्न छाता ऐन ल्याउने तयारी गरेको मन्त्रालयको भनाइ छ।

### ■ अहिलेको अवस्था के छ ?

अहिले नेपालको राष्ट्रिय प्रसारण प्रणालीमा विद्युत्जडित क्षमता ३४ सय मेगावाट पुगेको छ। देशभर सात हजार सर्किट किलोमिटर प्रसारणलाइन बनेका छन्। विभिन्न ठाउँमा गरेर करिब दुई सयवटा सबस्टेसन बनेका छन्। वितरण लाइन भने दुई लाख आठ हजार सर्किट किलोमिटर बनिसकेको छ। हाल विद्युत्को पहुँच ९९ प्रतिशत जनतामा पुगेको छ। अहिले नेपालमा विद्युत्को खपत प्रतिव्यक्ति ४१० युनिट छ।

विद्युत् विकास विभागले हालसम्म निर्माणका लागि १० हजार १५४ मेगावाटका आयोजनालाई लाइसेन्स दिएको छ। त्यसमा ३४ सय मेगावाटका सञ्चालनमा छन्। त्यो अनुसार अहिले सात हजार मेगावाट क्षमताका परियोजना निर्माणका चरणमा छन्। योबाहेक नेपाल विद्युत् प्राधिकरणले ९६० मेगावाट विद्युत् सोलार परियोजनाबाट खरिद गर्ने पक्रिया पनि अघि बढेको छ।

यसैगरी, अहिले ११ हजार १२८ मेगावाटका आयोजनाले निर्माणको लाइसेन्सका लागि आवेदन दिएका छन्। यसैगरी, आठ हजार ९० मेगावाटका आयोजनाले सर्भेका लाइसेन्स लिएका छन्। उनीहरूको सर्भेको चरणमै छ। योबाहेक थप तीन हजार ४५४ मेगावाटका आयोजनाले सर्भेका विभागमा आवेदन दिएका छन्।

# देशभर एक लाख ४२ हजार होटेल तथा रेस्टुरेन्ट

## तलबभत्तामा साढे २० अर्बभन्दा बढी खर्च



नयाँ पत्रिका

देशभर सञ्चालनमा रहेका होटेल तथा रेस्टुरेन्टको संख्या करिब डेढ लाख पुगेको देखिएको छ। राष्ट्रिय तथ्यांक कार्यालयले बुधबार प्रकाशित गरेको 'राष्ट्रिय होटेल तथा रेस्टुरेन्ट सर्वेक्षण, २०८०'मा देशभर एक लाख ४२ हजार २२३ होटेल तथा रेस्टुरेन्ट सञ्चालनमा रहेको देखाएको हो।

सर्वेक्षणअनुसार होटेल तथा रेस्टुरेन्टहरूमा रोजगार व्यक्तिहरूको संख्या एक लाख ६ हजार चार सय ५९ छन्। नेपालमा आवास तथा भोजन व्यवसायसँग सम्बन्धित प्रतिष्ठान (होटेल, लज, रिसोर्ट, होमस्टे, अतिथिगृह, सेवा सदन, छात्रावास, होस्टेल, रेस्टुरेन्ट तथा क्याटरिङ, पार्टी प्यालेस)को विस्तृत विवरण संकलनका लागि तथ्यांक कार्यालयले सम्पन्न गरेको राष्ट्रिय होटेल तथा रेस्टुरेन्ट सर्वेक्षण, २०८० ले यस्तो देखाएको हो। कार्यालयले यसअघि होटेल तथा लज सर्वेक्षण २०६० सञ्चालन गरेको थियो।

होटेल तथा लज सर्वेक्षण २०६० मा आवास तथा भोजन व्यवसायसँग सम्बन्धित प्रतिष्ठान तारे होटेल, रिसोर्ट, र गैरतारे होटेललाई मात्र सर्वेक्षणको दायरामा समेटिएको थियो। यस राष्ट्रिय होटेल तथा रेस्टुरेन्ट सर्वेक्षण, २०८० मा सर्वेक्षणको दायरालाई फराकिलो पारिएको कार्यालयले जानकारी दिएको छ।

यस सर्वेक्षणमा नेपालस्तरीय औद्योगिक वर्गीकरणअन्तर्गत पर्ने अल्पकालीन आवास सुविधा प्रदान गर्ने र भोजन सेवा उपलब्ध गराउने सबै प्रकारका प्रतिष्ठानलाई समेटिएको छ। आवास सेवा प्रदान गर्ने तारे होटल, गैरतारे होटेल, रिसोर्ट, लज, होमस्टे, अतिथिगृह, छात्रावास र भोजन सेवा प्रदान गर्ने सबै प्रकारका रेस्टुरेन्ट तथा क्याटरिङ पार्टी प्यालेस यस सर्वेक्षणको दायराभित्र पर्दछन्।

आर्थिक वर्ष ०७९/८० को समयमा गरिएको सर्वेक्षणमा शिक्षण संस्था (स्कुल, कलेज आदि)बाट सञ्चालित छात्रावास तथा कार्यालयभित्रका आवासगृह, मठमन्दिर, गुम्बापरिसरमा सञ्चालन भएका धर्मशाला तथा सामूहिक आवासगृह र सडकपेटी वा खुला स्थानमा सञ्चालन भएका भोजन सेवासम्बन्धी क्रियाकलाप नपर्ने कार्यालयले जनाएको छ।

सर्वेक्षणको नतिजाअनुसार सन्दर्भ अवधिमा आवास तथा भोजन सेवा प्रदान गर्ने प्रतिष्ठानले कार्यरत तलबी कामदारका लागि तलब र सुविधामा गरेको जम्मा खर्च करिब २० अर्ब ६१ करोड ५० लाख रहेको छ।

सन्दर्भ अवधिको अन्त्यसम्ममा आवास तथा भोजन सेवा प्रदान गर्ने प्रतिष्ठानमा करिब पाँच खर्ब ४३ अर्ब २५ करोड ८२ लाख मूल्यबराबरको स्थायी सम्पत्ति रहेको देखिएको छ।

कार्यालयअनुसार आवास तथा भोजन सेवा प्रदान गर्ने प्रतिष्ठानमा संलग्न व्यक्तिको संख्या भन्नाले प्रतिष्ठानमा सक्रिय रूपले कार्यरत व्यवसायी तथा साझेदार, बेतलबी पारिवारिक सदस्य र तलबी रोजगार व्यक्तिलाई बुझ्नुपर्छ। सर्वेक्षणको नतिजाअनुसार प्रतिष्ठानमा संलग्न व्यक्तिको संख्या तीन लाख ८७ हजार सात सय ४७ छ।

नतिजाअनुसार आवास तथा भोजन सेवा प्रदान गर्ने प्रतिष्ठानमा रोजगार व्यक्तिको संख्या एक लाख ६ हजार पाँच सय ५९ रहेको छ। आवास तथा भोजन सेवा प्रदान गर्ने प्रतिष्ठानमा रोजगार व्यक्तिको संख्या भन्नाले प्रतिष्ठानबाट नियमित रूपले तलब लिने गरी कार्यरत कर्मचारी तथा कामदार व्यक्तिलाई बुझ्नुपर्ने कार्यालयले जनाएको छ।

सर्वेक्षणको नतिजाअनुसार सन्दर्भ अवधिमा आवास तथा भोजन सेवा प्रदान गर्ने प्रतिष्ठानले कार्यरत तलबी कामदारका लागि तलब र सुविधामा गरेको जम्मा खर्च करिब २० अर्ब ६१ करोड ५० लाख छ।

आवास तथा भोजन सेवा प्रदान गर्ने प्रतिष्ठानले दुई खर्ब १६ अर्ब ७३ करोड ८३ लाख मूल्यबराबरको रकम लागतको रूपमा खर्च गरी करिब रु तीन खर्ब २६ अर्ब एक करोड चार लाख मूल्यबराबरको सेवा उत्पादन गरेको देखिन्छ। यस हिसाबले सन्दर्भ अवधिमा आवास तथा भोजन सेवा प्रदान गर्ने प्रतिष्ठानले नेपालको अर्थतन्त्रमा करिब एक खर्ब नौ अर्ब २७ करोड एक लाखबराबरको मूल्य अभिवृद्धि गरेको सर्वेक्षणले देखाएको छ। आवास तथा भोजन सेवा प्रदान गर्ने प्रतिष्ठानमध्ये करिब २८.४ प्रतिशतले वित्तीय संस्थासँग ऋण लिएको देखिन्छ। ७१.६ प्रतिशत प्रतिष्ठानको ऋण नलिएको देखिएको छ।

# बिमितको गुनासो सुन्न प्राधिकरणमा कल सेन्टर स्थापना गरिने

**काठमाडौं/** बिमितहरूको गुनासो सुन्न नियामक निकाय नेपाल बिमा प्राधिकरणमा कल सेन्टर स्थापना गरिने भएको छ। प्राधिकरणका अध्यक्ष मदन दाहालले बुधबार प्राधिकरणमा पत्रकार सम्मेलन गर्दै यस्तो बताएका हुन्।

भ्रष्टाचार मुद्दा लागेर सूर्य सिलवाल निलम्बनमा परेपछि मन्त्रिपरिषद्ले अर्थ मन्त्रालयका सहसचिव दाहाललाई अध्यक्षको जिम्मेवारी दिएको छ। सिलवालको कार्यकाल आगामी १९ माघमा सकिँदै छ। त्यसपछिका लागि सरकारले नयाँ अध्यक्ष नियुक्ति गर्न प्रक्रिया पनि अघि बढाएको छ। हाल अध्यक्षको जिम्मेवारी पाएका दाहालले आफ्नो कार्यावधिमा कल सेन्टर स्थापना गर्ने बताएका हुन्।

'बिमितको गुनासो सुन्नका लागि प्राधिकरणमा कल सेन्टर स्थापना गर्ने लक्ष्य लिएका छौँ,' उनले भने, 'यसका लागि आवश्यक तयारी भइरहेको छ।' यस्तै, उनले प्राधिकरणको कार्यकारी निर्देशक पनि तत्काल नियुक्त गर्ने बताए। यसअघिका कार्यकारी निर्देशक राजुरमण पौडेल अवकाश भएसँगै जेठ ११ गतेदेखि उक्त पद रिक्त छ।

अध्यक्ष दाहालले बिमा कम्पनीमाथि निरीक्षण तथा सुपरिवेक्षण पनि व्यापाक रूपमा गर्ने बताए। कुनै त्रुटि देखिएमा कम्पनीमाथि कारबाही गर्न पछि नपर्ने उनको भनाइ छ। उनले बिमा पहुँच बढाउने, साक्षरता बढाउने र कृषि बिमाको अनुदान समयमा भुक्तानी दिलाउन काम गर्ने बताए।

## संक्षेप

### सर्लाही-मरिण जोड्ने सडक स्तरोन्नति गरिने



**मकवानपुर/** १७ पुस। बागमती प्रदेशका आर्थिक मामिलामन्त्री कुन्दनराज काफ्ले र मधेश प्रदेशका आर्थिकमन्त्री सुनील यादवले सर्लाहीको हरिवनबाट सिन्धुलीको मरिण जोड्ने बाटोलाई स्तरोन्नति गर्ने विषयमा छलफल गरेका छन्। दुवै प्रदेशका मन्त्रीहरूले संयुक्त रूपमा उक्त सडक अवलोकन गर्दै मधेश प्रदेश भएर पूर्व-पश्चिम जोड्ने महेन्द्र राजमार्ग र बागमती प्रदेश भएर पूर्व-पश्चिम जोड्ने मदन भण्डारी राजमार्गलाई जोड्ने सडक सञ्जाल विस्तारको विषयमा सहमति जनाएका छन्।

बागमती प्रदेशका आर्थिक मामिलामन्त्री काफ्लेले सर्लाहीको विष्णु गाउँपालिकाको हरिवनदेखि धिमिले र क्यानेश्वर हुँदै सिन्धुलीको मरिण गाउँपालिकासम्म जोड्ने सडकलाई व्यवस्थित र स्तरोन्नति गरी दुवै प्रदेशलाई जोड्ने छोटो दूरीको सडक सञ्जाल विस्तारको विषयमा छलफल भएको जानकारी दिए। उनले उक्त सडकखण्डलाई विस्तार गर्नसके मधेश प्रदेशदेखि बागमती प्रदेश हुँदै भारत र चीनलाईसमेत जोड्न सकिने बताए। 'मधेश प्रदेशको सर्लाहीको हरिवनदेखि बागमती प्रदेशको सिन्धुलीको मरिणसम्म करिब ३५ किलोमिटर सडकलाई स्तरोन्नति गरेर जोड्न सकिने देखियो। त्यसका लागि हरिवनबाट धमिले हुँदै मरिणको क्यानेश्वरसम्म १३ किलोमिटर र क्यानेश्वरदेखि मरिणसम्म २२ किलोमिटर सडक स्तरोन्नति गर्नुपर्ने हुन्छ। दुवै प्रदेशले आफ्नो क्षेत्रमा पर्ने सडकलाई आवश्यक बजेट छुट्याएर काम थाल्ने सहमति भएको छ,' उनले भने।

यता मधेश प्रदेशका अर्थमन्त्री सुनील यादवले पनि मधेश प्रदेशलाई बागमती प्रदेशका पहाडी क्षेत्रसँग जोड्न उक्त सडकखण्ड आवश्यक रहेको बताए।

### मार्कीचोक २२० केभी सबस्टेसन सञ्चालनमा

**काठमाडौं/** तनहुँको आबुखैरेनी गाउँपालिकाको मार्कीचोकमा ग्यास इन्सुलेटेड प्रणाली (जिआइएस) प्रविधिमा आधारित २२०/१३२ केभी सबस्टेसन निर्माण सम्पन्न भएको छ। मर्स्याङ्दी-काठमाडौं २२० केभी प्रसारणलाइन आयोजनाअन्तर्गत निर्माण गरिएको मार्कीचोक सबस्टेसन मंगलबार विद्युत् प्रवाह गरी (चार्ज) सञ्चालनमा ल्याइएको हो।

मर्स्याङ्दी नदी जलाधार क्षेत्रका जलविद्युत् आयोजनाको विद्युत् काठमाडौ उपत्यकामा ल्याउन मार्कीचोक सबस्टेसनबाट काठमाडौंसम्मको मर्स्याङ्दी-काठमाडौं २२० केभी डबल सर्किट प्रसारणलाइन पनि मंगलबार नै २२० केभीमा चार्ज गरी सञ्चालनमा ल्याइएको छ।

### सुनखानी-साङ्बा सडकमा कालोपत्रे सकियो

**दोलखा/** बागमती प्रदेश सरकारको लगानीमा तीन वर्षअघि निर्माण सुरु गरिएको सुनखानी साङ्बा सडकको पहिलो खण्ड १५ किलोमिटर सडक कालोपत्रे पूरा भएको छ। कालीञ्चोक गाउँपालिका- ६ दुधपोखरीदेखि विगु- ८ को साङ्बा बजारसम्म झन्डै २८ किलोमिटर सडकमध्ये पहिलो खण्ड पूरा भएको हो। कालीञ्चोक गाउँपालिका- ६ को पाटागाउँस्थित दुधपोखरी पहिरोदेखि बाबरेको लप्सीबोटेसम्म खण्ड कालोपत्रेको काम सम्पन्न भएको पूर्वाधार विकास कार्यालय दोलखाका प्रमुख इन्जिनियर हरिप्रसाद ओझाले जानकारी दिए। दुधपोखरीदेखि बाबरेको लप्सीबोटेसम्म १२.५ किलोमिटर आक्सपाल्ट कंक्रिट प्रविधिको कालोपत्रे र २.५ किलोमिटर क्षेत्रमा ढलान गरिएको उनले बताए।

पूर्वाधार विकास कार्यालयले ४४ करोडको लागतमा ठेक्का आह्वान गरेकोमा ठेकेदार कम्पनी केएस सुनकोशी जेभीले २६ करोड ९० लाख लागतमा सम्झौता गरेको थियो। सोही सडकको बाबरेदेखि साङ्बासम्मको बाँकी १२.५ किमि क्षेत्रमा भने डिपिआर भए पनि स्रोत अभावले निर्माण अनिश्चित बनेको छ।

Local Government

**Indrawati Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Nawalpur, Sindhupalchok**
**Bagmati Province, Nepal**

**Invitation For Electronic Bids**

Date of publication: 2081/09/18

1. Indrawati rural municipality, Nawalpur, Sindhupalchok invites SQ electronics bids from eligible bidders for the following works.

| contact no | Description of work | Estimated Amount-in Rs | Bid security Amount -in Rs | Bid dacument fee | Last date of Bid submission | Bid opening Date | Bid validity period |
|---|---|---|---|---|---|---|---|
| IRMSI/SQ/M/ 081/082 -01 | procurement and supply of medicine Items | 1995608.17 without VAT | 50,000.00 | 1,000.00 | 2081/10/04 befor 12 hours | 2081/10/04 befor 13 hours | 45days + 30days |
| IRMSI/SQ/M/ 081/082 -02 | procurement and supply of Surgical Items | 1235201.99 With VAT | 35,000.00 | | | | |

2. Eligible bidders may obtain further information and inspect the bidding documents from visit PPMO e. www.indrawatimun.gov.np.
3. Bidders must submit their bid electronically may download the bidding document from PPMOs e GP systems, should deposit the cost of bidding document as mentioned above in the rajaswa (revenue) account as specified bellow.

**Information to deposit cost of bidding document in bank.**

**Name of office** : Indrawati Rural Municipality, Nawalpur, Sindhupalchok.
**Office code no.** : 80327501300
**Aantaric Rajaswa (revenue )** : Nepal Investment Mega Bank ltd., Indrawati Branch.
**Account No** : 17301400000116, Rajaswa sirshak no.:14229
**Dharauti Account No** : 17301400000055

4. Matters not covered in this tender notice shall be in accordance with public procurement ACT 2063 and public procurement Regulation 2064 and other prevailing rules and regulations of Nepal .
5. The purchaser reserves the right to accept or reject .wholly partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

## रिलायबल नेपाल र अन्नपूर्ण केबलकारबिच सम्झौता

**काठमाडौं**/ रिलायबल नेपाल लाइफ इन्स्योरेन्सका ग्राहकले अन्नपूर्ण केबुलकारमा ३० प्रतिशत छुट पाउने भएका छन् । कम्पनीका अभिकर्ता, कर्मचारी र पोलिसी होल्डरले पोखरास्थित अन्नपूर्ण केबुलकारमा उपलब्ध हुने सेवा-सुविधामा ३० प्रतिशत विशेष छुट पाउने बताइएको छ । छुटसम्बन्धी सम्झौतामा दुवै पक्षले हस्ताक्षर गरेका हुन् ।

रिलायबल नेपालका प्रमुख कार्यकारी अधिकृत नारायणबाबु लोहनी र अन्नपूर्ण केबुलकारका सञ्चालक चन्द्रबहादुर कार्कीले समझदारीमा हस्ताक्षर गरे ।

## कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८१/०९/१८ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८१ माघ ०४ गते शुक्रबार**का दिन सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

**पुरानो पर्सा, चितवन शाखा**

**१. ऋणीहरुको विवरण**

क. नेपाल सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, , घरेलु तथा साना उद्योग कार्यालयमा मिति २०७८/०३/२० गते प्रा.फ.र.नं.२२५२/०७७/७८ आन्तरिक राजश्व विभाग चितवनमा पान नं. ६०६९८५५०७ दर्ता कायम रहेको चितवन जिल्ला, राप्ती गा.वि.स. वडा नं. ०३ स्थित रजिष्टर्ड कार्यालय रहेको **धेउरी हाउस रेष्टुरेन्ट ।**
**प्रोप्राईटर - अमित कुमार दराई**

ख. नेपाल सरकार, उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालयमा मिति २०७७/१२/२४ गते प्रा.फ.र.नं.५०८/०७४/७५ आन्तरिक राजश्व विभाग चितवनमा पान नं. ६१५६३१३० दर्ता कायम रहेको चितवन जिल्ला, राप्ती गा.वि.स. वडा नं. ०३ स्थित रजिष्टर्ड कार्यालय रहेको **न्यु पारस सप्लायर्स ।**
**प्रोपाईटर - कृति दराई**

ग. **अमित कुमार दराई**
ना.प्र.नं.- १४६४/०५९
जारी मिति - २०५९/६/०३, जि.प्र.का. चितवन
बाबु - गोविन्द प्रसाद दराई
बाजे- लक्ष्मण दराई
स्थायी ठेगाना- चितवन जिल्ला, पिप्ले गा.वि.स..वडा नं. ८
हालको ठेगाना- चितवन जिल्ला, राप्ती न.पा.वडा नं. ३

घ. **कृति दराई**
ना.प्र.नं.- ३५१००६/१५८
जारी मिति - २०६७/०५/०३, जि.प्र.का चितवन
पति - अमित कुमार दराई
ससुरा- गोविन्द प्रसाद दराई
स्थायी ठेगाना- चितवन जिल्ला, पिप्ले गा.वि.स..वडा नं. ८
हालको ठेगाना- चितवन जिल्ला, राप्ती न.पा.वडा नं. ३

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

१ **अमित कुमार दराई**
ना.प्र.नं.- १४६४/०५९
जारी मिति - २०५९/६/०३, जि.प्र.का. चितवन
बाबु - गोविन्द प्रसाद दराई
बाजे- लक्ष्मण दराई
स्थायी ठेगाना- चितवन जिल्ला, पिप्ले गा.वि.स..वडा नं. ८
हालको ठेगाना- चितवन जिल्ला, राप्ती न.पा.वडा नं. ३

२. **कृति दराई**
ना.प्र.नं.- ३५१००६/१५८
जारी मिति - २०६७/०५/०३, जि.प्र.का चितवन
पति - अमित कुमार दराई
ससुरा- गोविन्द प्रसाद दराई
स्थायी ठेगाना- चितवन जिल्ला, पिप्ले गा.वि.स. वडा नं. ८
हालको ठेगाना- चितवन जिल्ला, राप्ती न.पा. वडा नं. ३

३. **गोविन्द प्रसाद दराई**
ना.प्र.नं.- १९४८
जारी मिति - २०४३/९/१२, जि.प्र.का. चितवन
बाबु - लक्ष्मण दराई
बाजे- सन्त बिर दराई
स्थायी ठेगाना- चितवन जिल्ला, भण्डारा गा.वि.स. वडा नं. ६
हालको ठेगाना- चितवन जिल्ला, राप्ती न.पा.वडा नं. ३

४. **गुरै दराई**
ना.प्र.नं.- १९४९
जारी मिति - २०४३/०९/१४, जि.प्र.का चितवन
पति - गोविन्द प्रसाद दराई
ससुरा- लक्ष्मण दराई
स्थायी ठेगाना- चितवन जिल्ला, भण्डारा गा.वि.स. वडा नं. ६
हालको ठेगाना- चितवन जिल्ला, राप्ती न.पा.वडा नं. ३

**धितो सुरक्षणको विवरण**

१. **गुरै दरै**को नाममा मालपोत कार्यालय, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, भण्डारा गा.वि.स वडा नं. ६ स्थित कित्ता नं.१४११ को क्षे.फ २६०७.४७ (ब.मी.) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।
२. **अमित कुमार दराई**को नाममा मालपोत कार्यालय, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, भण्डारा गा.वि.स वडा नं. ६ स्थित कित्ता नं.१२२२ को क्षे.फ ०-५-० (बि.क.धु..) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

**सुकेधारा शाखा**

**१. ऋणीको विवरण**

कम्पनी ऐन, २०६३ बमोजिम, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय अन्तर्गत मिति २०७८/०४/३२ मा प्रा.लि.नं./प्रा.फा.नं./सा.फा.नं. २६८३४१/०७८/०७९ मा दर्ता कायम भई करदाता सेवा कार्यालय काठमाण्डौंबाट मिति २०७८/०५/०२ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं.६१००६००४१ को प्रमाणपत्र प्राप्त काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. १० स्थित रजिष्टर्ड कार्यालय रहेको **युनिक भ्याली ट्रेडर्स ।**
**सञ्चालक बसन्त बिष्ट**

**लिलाम हुने सम्पत्तिको विवरण**

१. **पदमी बिष्ट**को नाममा मालपोत कार्यालय, काठमाण्डौंमा दर्ता कायम रहेको काठमाण्डौं जिल्ला, मच्छेगाउ गा.वि.स./न.पा. वडा नं. ०४ स्थित कित्ता नं. ३०७ र ३०४ को क्षे.फ. क्रमश: १-१-१-० र ०-६-१-० (रोपनी) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

१. **बसन्त बिष्ट**
ना.प्र.नं.- ३००३८/१६२८/५३३९५
जारी मिति - २०६२/११/२९, जि.प्र.का. काठमाण्डौ
बाबु - प्रेम बहादुर बिष्ट
बाजे - लिलु बिष्ट
स्थायी ठेगाना- काठमाण्डौ जिल्ला कीर्तिपुर न.पा. वडा नं. ७
हालको ठेगाना- ऐ.ऐ

२. **शोभा बस्नेत**
ना.प्र.नं.- १७३१०१/१०३५
जारी मिति - २०६३/१२/१९, जि.प्र.का. धनुषा
बाबु - चक बहादुर बस्नेत
बाजे - विर बहादुर बस्नेत
स्थायी ठेगाना- धनूषा जिल्ला बटेश्वर गा.पा./न.पा. वडा नं.३
हालको ठेगाना- काठमाण्डौ जिल्ला कीर्तिपुर न.पा. वडा नं. ७

**शर्तबन्देजहरु:**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८१ माघ ०३ गते** भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोहौं) दिन अर्थात २०८१ माघ ०४ गते १२:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८१ माघ ०४ गते शुक्रबार मध्यान्ह १२:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
**कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१**

## नबिल बैंकका ग्राहकले भिभान्ता होटेलमा छुट पाउने



**काठमाडौं**/ नबिल बैंकका ग्राहकले भिभान्ता होटेलमा उपलब्ध हुने सेवा-सुविधामा विशेष छुट पाउने भएका छन् । नबिल बैंक र भिभान्ता होटेलबिच ग्राहकलाई छुट दिनेसम्बन्धी द्विपक्षीय समझदारी भएको छ । समझदारीपत्रमा बैंकका तर्फबाट फुलचोकी क्लस्टर विभाग प्रमुख अमर्त्य ओजश्वी उपाध्याय र भिभान्ता होटेलको तर्फबाट महाप्रबन्धक रवि निश्चलले हस्ताक्षर गरेका छन् ।

समझदारीपत्रमा उल्लेख भएअनुसार बैंकका ग्राहकले नबिलको डेबिट कार्ड, क्रेडिट कार्ड, एन बैंक, एटिएम कार्ड तथा बैंकबाट पैसा ट्रान्सफर गर्दा १० प्रतिशतसम्म छुट दिइने भएको छ । यस्तो छुट खाना, पेय पदार्थ तथा स्पा सेवामा हुने समझदारीमा उल्लेख छ ।

भिभान्ता होटेलसँगको यस समझदारीले बैंकका ग्राहकहरूले लिने सेवा तथा सुविधामा विशेष सहुलियत पुग्ने नबिल बैंकले जनाएको छ । ग्राहकको हितलाई केन्द्रमा राखेर यो समझदारी गरिएको नबिलको भनाइ छ । बैंकले देशभरका दुई सय ६८ शाखा र तीन सय २० एटिएममार्फत सेवा प्रदान गर्दै आएको छ ।

## ग्लोबल आइएमई बैंकका ग्राहकलाई दराजमा १८ प्रतिशत छुट




**काठमाडौं**/ ग्लोबल आइएमई बैंकले १८औं वार्षिकोत्सवको अवसरमा बैंकका कार्ड बाहक ग्राहकहरूलाई दराजबाट सामान किन्दा १८ प्रतिशतसम्म छुट पाउने योजना सार्वजनिक गरेको छ । आजदेखि बैंक स्थापनाको १८औं वर्ष पूरा गरी १९औं वर्षमा प्रवेश गर्दै छ । यो छुट योजना पुस १८ गते बिहीबारदेखि पुस २४ गते बुधबारसम्म रहनेछ ।

छुट योजनाअन्तर्गत ग्राहकहरूले बैंकको भिजा डेबिट वा क्रेडिट कार्ड प्रयोग गरी दराजबाट सामान खरिद गर्दा कुल खरिद मूल्यमा १८ प्रतिशत छुट पाउनेछन् । साथै, छुटसहित बैंकले १८ जना ग्राहकहरूलाई एयरबड पनि दिइने बैंकले जनाएको छ ।

ग्राहकहरूले दराजबाट न्यूनतम १८ सय रुपैयाँको खरिद गर्दा १८ प्रतिशतको छुट प्राप्त गर्नेछन् । साथै, बैंकको कार्ड प्रयोगकर्ताले यो योजना अवधिमा आफूले खरिद गरेको मूल्यमा १८ प्रतिशत, १८०० रुपैयाँसम्म मात्र छुट पाउनेछन् ।

बैंकले दराज अनलाइन स्टोरसँग समन्वय गरी आफ्ना डेबिट र क्रेडिट कार्ड प्रयोगकर्तालाई विशेष छुटको अनुभव सुनिश्चित गर्दै आएको छ । समयसान्दर्भिक योजना ल्याएर ग्राहकलाई लावान्भित गर्दै आएको बैंकले जनाएको छ ।

बैंकले देशभरका तीन सय ५४ शाखा कार्यालय, तीन सय ८४ एटिएम, दुई सय ३७ शाखारहित बैंकिङ सेवा, ६८ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टर तथा तीनवटा वैदेशिक प्रतिनिधि कार्यालयबाट सेवा प्रदान गर्दै आइरहेको छ ।

एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.:१६६०-०१-७७७७१ (NTC) १८१०-७१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४००८ मा SMS पठाउनुहोस्
लहान शाखा, लहान नगरपालिका, सिरहा
सम्पर्क फोन: +९७७-०३३-५६४०१२/१३

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैतीस) दिने सूचना**

लिखितम् श्री मिठु यादवको नाति, रसलाल यादवको छोरा, मधेश प्रदेश सिरहा जिल्ला, लक्ष्मीपुर पतारी गाउँपालिका वडा नं. ०६ बस्ने ७२ वर्षको श्री शिव नारायण यादवको मिति २०८१/०६/०१ (ई.सं. १७/०९/२०२४) मा मृत्यु भएकोले स्व. शिव नारायण यादवकी पत्नी हाल लक्ष्मीपुर पतारी गाउँपालिका वडा नं. ०६ बस्ने श्रीमती कल्यान वती यादवनीले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको लहान शाखा, लहान नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.:१६६०-०१-७७७७१ (NTC) १८१०-७१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४००८ मा SMS पठाउनुहोस्
मलंगवा शाखा, मलंगवा नगरपालिका, सर्लाही
सम्पर्क फोन: +९७७-०४६-५२१४४१/४२

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैतीस) दिने सूचना**

लिखितम श्री मिथु लाल साहको नाति, राम नारायण साह तेलीको छोरा, मधेश प्रदेश सर्लाही जिल्ला, ब्रह्मपुरी गाउँपालिका वडा नं. ०६ बस्ने ५१ वर्षको श्री लालबाबु साहको मिति २०८१/०५/०३ (ई.सं.१९/०८/२०२४) मा मृत्यु भएकोले स्व. लालबाबु साहको छोरा हाल ब्रह्मपुरी गाउँपालिका वडा नं. ६ बस्ने छोरा रंजीत कुमार साहले मृतकको एकलनाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निजबाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको मलंगवा शाखा, मलंगवा नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

## इप्पानले रजतजयन्तीमा फोटो प्रदर्शनी गर्ने

**काठमाडौं**/ स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले पिजे क्लबसँगको सहकार्यमा बृहत् फोटो प्रदर्शनी आयोजना गर्ने भएको छ । प्रदर्शनी ४ माघमा मेरिएट होटल काठमाडौंमा हुनेछ । यससम्बन्धी सम्झौतामा इप्पान र पिजे क्लबबिच हस्ताक्षर भएको छ ।

फोटो प्रदर्शनीको व्यवस्थापन गर्ने सम्बन्धमा बुधबार इप्पान अध्यक्ष गणेश कार्की र पिजे क्लबका अध्यक्ष द्वारिकाप्रसाद काफ्लेबिच सम्झौतापत्र आदानप्रदान भएको छ । इप्पान स्थापनाको २५ वर्ष पुगेको अवसरमा इप्पानमा आबद्ध ऊर्जा उत्पादक कम्पनीहरूले नेपालको ऊर्जा क्षेत्रको विकाससँगै स्थानीय क्षेत्रको सामाजिक तथा आर्थिक विकासमा पुऱ्याएको योगदान देखिने ५० वटा फोटो प्रदर्शनीमा राखिने इप्पान अध्यक्ष गणेश कार्कीले जानकारी दिए ।

तस्बिरबाट उत्कृष्ट प्रथम, द्वितीय र तृतीय हुने तस्बिरलाई क्रमशः ३०,२० र १० हजार रुपैयाँ राशिसहित पुरस्कृत गरिनेछ । पिजे क्लबकै अगुवाइमा इप्पानमा आबद्ध सदस्य कम्पनीहरूले प्रवर्द्धन गरेका आयोजनाको तस्बिर संकलन गरेर प्रदर्शनीमा राखिनेछ । फोटो प्रतियोगितामा भाग लिन पुस २० गतेभित्र ऊर्जासँग सम्बन्धित फोटो पठाइसक्नुपर्नेछ ।

**हार्दिक श्रद्धाञ्जली**

**जन्म:**
वि.सं. २००७
चैत्र ०४ गते



**स्वर्गारोहण:**
वि.सं. २०८१
पौष ०६ गते

**स्व. रुक माया रानाभाट**

हाम्रा सहकर्मी श्री अर्जुन रानाभाटकी पूजनीय माता **रुक माया रानाभाट**को स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

सानिमा बैंक
www.sanimabank.com
पो.ब.नं.: २०३९४, 'अलकापुरी', नक्साल, काठमाडौं फोन: +९७७-१-५९७००३३
फ्याक्स: +९७७-१-४४२८९६९ ईमेल: sanima@sanimabank.com

## 'पूर्वाधारलाई पर्यटनमैत्री बनाऔं'

**काठमाडौं**/ भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले पूर्वाधारलाई पर्यटनमैत्री बनाएर आर्थिक समृद्धिको आधारका रूपमा विकास गरिनुपर्ने बताएका छन् ।

बुधबार तनहुँको बन्दीपुरमा बन्दीपुर भ्रमण वर्षको अवसरमा आयोजित सभालाई सम्बोधन गर्दै उनले पूर्वाधारको बहुउपयोगितालाई ध्यान दिनुपर्नेसमेत बताए ।

ग्रामीण तथा आन्तरिक पर्यटनका गन्तव्यमा पूर्वाधारको विकास गरी बाह्य पर्यटकलाई समेत आकर्षित गराउन सकिने उनले बताए । पर्यटकीय स्थलहरूसम्म पुग्ने सडक तथा संरचनाको निर्माण, मर्मत तथा पुनर्निर्माणमा मन्त्रालयले प्राथमिकता दिने भन्दै उनले नेपाली पर्यटनको विश्वव्यापी प्रचार र प्रवर्द्धनमा जुट्नुपर्नेसमेत बताए । पर्यटनमार्फत हस्तकला, परम्परागत सीप, संस्कृति, संगीत, खाद्य परिकार, पहिरनलगायतको व्यवसायीकरण गराउन सकिने भन्दै मन्त्री दाहालले पर्यटन प्रवर्द्धनमार्फत स्वरोजगारी सिर्जना गर्नेतर्फ पनि ध्यान दिनुपर्ने बताए ।

Government of Bagamati Province
**Ministry of Water Supply, Energy and Irrigation**
Hetauda, Nepal

**Invitation for Bids for the Procurement of Right Hand Drive 4 WD, Jeep**

Date of publication: 2081/09/18

1. Government of Bagamati Province, Ministry of Water Supply, Energy and Irrigation, Hetauda, Makwanpur, Nepal invites electronic bids from eligible bidders for the procurement of Right Hand Drive 4 WD, Jeep under National competitive bidding-Single Stage Single Envelope procedures.
2. Eligible Bidders may obtain further information at Ministry of Water Supply, Energy and Irrigation, Hetauda, Nepal and a complete set of Bidding Documents is available on PPMO's E-GP system www.bolpatra.gov.np/egp.
3. The name and identification of the contracts is as follows:

| Name of Procurement | Contract Identification No. | Last Date of Bid Submission/Bid Opening | Bid Security (NRs.)/ Validity Period | Cost of Bidding Document |
|---|---|---|---|---|
| Procurement of Right Hand Drive 4 WD, Jeep | MOWSEI/BAGAMATI/ NCB/Goods/01/081-82 | 2081/10/20 | Nrs.3,00,000 2082/02/18 | Nrs. 3000 |

**Molung Rural Municipality**
**Office of the Municipal Executive**
Prapcha, Okhaldhunga

**Invitation for Bids**

**Invitation for Bids for Procurements,**
**Supply and Delivery of Stationery and Miscellaneous Items**
Contract Identification No: MRM.GOODS.SQ.SAM.03.081-082

First Date of Publication: 02-01-2025

Molung Rural Municipality, office of the Rural Municipal Executive, Okhaldhunga invites only Electronic Bids from eligible bidders for the following Goods under Sealed Quotation.

For the further information, please visit E-GP portal of PPMO i.e. (https://www.bolpatra.gov.np ).

| S. N. | Description of Work | Contract Identification No | Last date of bid submission | Estimated Amount, NRs (including VAT) | Bid Security amount NRs | Bid Document Fee NRs |
|---|---|---|---|---|---|---|
| 1 | Stationery and Miscellaneous Items | MRM.GOODS. SQ.SAM.03.081-082 | 17-01-2025 (AD) 12:00 PM | 1999455.90 | 50000 | 1000 |

## सहकारी अध्यादेश...

पृष्ठ १ बाट क्रमशः

शुद्धीकरण मुद्दासमेत भएमा मिलापत्र गर्न नमिल्ने भनेर राखिएको छ। कास्कीमा लामिछानेविरुद्ध सहकारी ठगीसँगै संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दा पनि चलाइएकाले उनैमाथि लक्षित गरेर यस्तो प्रावधान राखिएको देखिन्छ।

ऐनको दफा १३१ क (१) मा भनिएको छ, 'प्रतिवादीउपर बचतकर्ताको बचत रकम हिनामिना गरेको वा सहकारी ठगी गरेको भनी दफा १३० बमोजिम मुद्दा दायर भई अदालतमा विचाराधीन रहेको मुद्दा वा प्रचलित कानुनबमोजिम मिलापत्र गर्न सकिने अन्य फौजदारी मुद्दामा सदस्यको बचत रकम वा हिनामिना भएको बचत रकम फिर्ता गरेकाले मिलापत्र गराइपाऊँ भनी निवेदन दिएमा मिलापत्र हुन सक्नेछ।' साथै सोही दफाको उपदफा २ मा भनिएको छ, 'उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुनबमोजिम मिलापत्र हुन नसक्ने संगठित अपराध, सम्पत्ति शुद्धीकरण र अन्य फौजदारी कसुरसँग सम्बन्धित मुद्दामा मिलापत्र गर्न सकिनेछैन।' यही उपदफा २ लामिछानेमाथि केन्द्रित छ।

समस्याग्रस्त सहकारी जाँचबुझ आयोगका पूर्वअध्यक्षसमेत रहेका विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्की अध्यादेशको यो प्रावधानले सहकारीपीडितलाई झन् अन्याय हुन सक्ने बताउँछन्। 'संगठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दा भएको अवस्थामा मिलापत्र गर्न नमिल्ने प्रावधान अप्रत्यक्ष रूपमा कुनै व्यक्तिलाई लक्षित गरी राजनीतिक उद्देश्यले ल्याएको देखिन्छ,' उनी भन्छन्, 'यसले पीडितहरूले छिटो पैसा फिर्ता पाउने सम्भावनालाई कमजोर बनाउने हुँदा उनीहरू झन् पीडित बन्न सक्ने देखिन्छ। कसैलाई कसरी थुन्ने भन्दा पनि कसरी पीडितहरूको बचत छिटो फिर्ता दिने भन्नेमा सरकार केन्द्रित हुनुपर्छ।' अध्यादेशमा सहकारीपीडितलाई छिटो बचत फिर्ता दिने व्यवस्था नरहेको उनको भनाइ छ।

प्रहरीले तीन सयभन्दा धेरै सहकारीको ठगीमाथि अनुसन्धान गरेर मुद्दा दायर गरे पनि एक-दुईवटामा मात्रै संगठित अपराध र सम्पत्ति शुद्धीकरणको कसुरसमेत लगाएको छ। रास्वपा सभापति छामिछाने जोडिएकोबाहेक यसअघि सिभिल सहकारी र शिवशिखर सहकारीको ठगीमा पनि थप दुई कसुर लगाइएको थियो। तर, अन्य मुद्दा चलाउँदा मुद्दा फैसला पनि लम्बिने र मिलापत्रमा समेत समस्या हुने भएपछि पछिल्लो समय प्रहरीले सहकारी ठगीमा संगठित अपराध मुद्दा नजोड्ने नीति लिएको थियो। सोहीअनुसार जिबी राईको सहकारीको पहिलो चरणको अनुसन्धानमा कसैलाई पनि संगठित अपराधको मुद्दा लगाइएको थिएन। पछि रवि लामिछानेलाई समेत अनुसन्धानमा तान्न पूरक अनुसन्धानमा भने संगठित अपराध र सम्पत्ति शुद्धीकरणको कसुर लगाइएको छ। जसकारण पनि यो अनुसन्धानमा राजनीतिक प्रतिशोध भएको आरोप लाग्दै आएको छ।

महान्यायाधिवक्ता कार्यालयका एक अधिकारीका अनुसार सर्वोच्च अदालतले समेत मिलापत्र गर्न मिल्ने मुद्दामा संगठित अपराधको कसुर नलगाउन केही फैसलामा बोलेको छ। 'सोहीअनुसार प्रहरीलाई समेत निर्देशन दिइएको थियो, अन्य मुद्दामा त्यो कार्यान्वयन भए पनि यसमा प्रहरीको अनुसन्धान शैली अलि फरक देखिएको छ,' ती अधिकारीले भने। महान्यायाधिवक्ताको कार्यालयअन्तर्गत रहेको व्यवस्थापन समितिले सहकारी ठगी प्रकरणमा बचतकर्ताहरूको रकम फिर्ता गर्नेहरूलाई मुद्दा नचलाउने वा मुद्दा चलिरहेको अवस्थामा पनि मिलापत्र गराउन सक्ने भन्दै सरकारी वकिल कार्यालयहरूलाई परिपत्र गरेको थियो।

मिलापत्र भएको अवस्थामा भने बिगो र जरिवानासमेत तिर्नु नपर्ने व्यवस्था अध्यादेशमा राखिएको छ। दफा १३१ को उपदफा (३) मा भनिएको छ, 'उपदफा १ बमोजिमको मिलापत्र फैसला कार्यान्वयनको चरणमा समेत गर्न सकिनेछ र त्यसरी मिलापत्र भएकोमा प्रतिवादीलाई लागेको दण्ड, जरिवाना र बिगो तिर्नु-बुझाउनुपर्ने छैन र कैदको समेत लगत कट्टा हुनेछ।'

यो प्रावधान सहकारी ठगीमा संलग्न केही पहुँचवाला व्यक्तिहरूकै स्वार्थमा राखिएको स्रोत बताउँछ। पूर्वन्यायाधीश कार्की भन्छन्, 'एकातर्फ संगठित कसुर र सम्पत्ति शुद्धीकरण जोडिएपछि मिलापत्र नै गर्न नमिल्ने छ, अर्कोतर्फ मिलापत्र हुने अवस्थामा भने सजायको समेत लगत कट्टा हुने प्रावधान आफैँमा विरोधाभासपूर्ण छ।'

सहकारी ठगी मुद्दाका नाममा सरकारले रास्वपा सभापति रवि लामिछानेविरुद्ध राजनीतिक प्रतिशोध राखेको आरोप रास्वपाले मात्र होइन, सत्तारूढ दलकै नेतादेखि पूर्वप्रधानन्यायाधीशसम्मले लगाउँदै आएका छन्। लामिछानेविरुद्धको मुद्दामा सरकारले गरेका व्यवहारले ती आरोपलाई पुष्टि हुन सघाएको देखिन्छ।

सत्ताको नेतृत्व गरेको एमालेकै सांसद सूर्य थापा नेतृत्वको संसदीय विशेष छानबिन समितिले सहकारीबाट पैसा लैजाने प्रक्रियामा रवि लामिछानेको कुनै भूमिका नदेखिएको प्रतिवेदन दिएको थियो। सहकारीबाट गोर्खा मिडियामा गएको पैसा खर्च गर्ने भूमिकामा भने उनलाई जिम्मेवार देखाएको थियो। तर, प्रहरीले उनलाई पैसा लिएको प्रमाण नभए पनि त्यसबारे उनी जानकार भएको आकलनका आधारमा सहकारी ठगीको मुद्दा दायर गरेको छ। जब कि यसअघि कुनै पनि सहकारी ठगीमा यसरी सञ्चालक र प्रत्यक्ष रूपमा ठगीमा जोडिएकाविरुद्ध मात्र प्रहरीले मुद्दा दायर गर्दै आएको थियो।

लामिछानेले सहकारीबाट पैसा लगेको प्रमाण नभएपछि सहकारीको रकम तिर्न उनले समेत हस्ताक्षर गरेका चेक प्रयोग भएकाले त्यसैलाई सहकारी ठगीको प्रमुख प्रमाण बनाइएको छ। तर, श्रीमतीसँग मिलेर ललितपुरको मितेरी सहकारीको ठगीमा संलग्न भएको आरोप लागेका कांग्रेसका उपसभापति धनराज गुरुङको हकमा यो मापदण्ड लागू भएको छैन। कानुनविद् रामनारायण बिडारी रवि र धनराजको अनुसन्धानमा राज्यले विभेद गरेको बताउँछन्। 'रवि र धनराजको अनुसन्धानमा राज्यले विभेद गरेको भन्न सकिन्छ। धनराजलाई पनि कारबाही गर्नुपर्छ। रविजीमाथि अनुसन्धान नै हुनुहुँदैन भन्ने होइन,' उनले भने, 'उहाँमाथि लगाइएका मुद्दाका सवालमा कसुर हो-होइन अदालतले भन्ला। तर, राज्यले समान व्यवहार गर्नुपर्छ। आफ्नालाई जोगाउने कार्य सह्य हुँदैन। गल्ती गरेको छ भने सबैलाई कारबाही गर्नुपर्छ।'

अर्का कानुनविद् चण्डेश्वर श्रेष्ठ पनि राज्यले सत्तापक्षका नेता र रविलाई गरेको व्यवहार समान नदेखिएको बताउँछन्। 'सत्तापक्षका नेताहरूलाई मुद्दा लगाइएको छैन, जब कि रविका जस्तै खालका मुद्दा धेरै छन्। त्यो अनुसन्धानतर्फ लागेकै छैन,' उनी भन्छन्, 'राज्यको व्यवहार सबैका लागि समान हुनुपर्छ। कसैलाई चलाउने, कसैलाई नचलाउने हुनुहुँदैन। रवि र धनराजको सवालमा पनि यही हुनुपर्छ।'

रविमाथि सहकारी ठगीको अभियोग कमजोर हुने भएपछि सरकारकै निर्देशनमा सुरुदेखि नै प्रहरीले संगठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोग पनि लगायो। जब कि संगठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दा लगाएपछि मिलापत्र गर्न नमिल्ने र पीडितलाई झन् अन्याय हुन सक्ने भन्दै प्रहरीले सहकारी ठगीका मुद्दामा संगठित अपराध नजोड्ने नीति लिएको थियो। जिबी राईको सहकारी ठगीको मूल अभियोगमा समेत सहकारी ठगी र सम्पत्ति शुद्धीकरण लगाइएको थियो। पछि लामिछानेलाई तान्नकै लागि थप दुई कसुर लगाइएको छ।

पूर्वमहान्यायाधिवक्ता रमन श्रेष्ठ अरू मुद्दामा लामो समय निलम्बनमा राख्न नसकिने भएकैले सम्पत्ति शुद्धीकरणको मुद्दामा तानेको बताउँछन्। 'मनी लाउन्डरिङ (सम्पत्ति शुद्धीकरण) मुद्दा चलाउने भनेको आतंकवादी, गैरकानुनी हतियारलगायतबाट आर्जित गरेको वा लगानी गरेको सम्पत्तिको हकमा हो। मान्छेलाई त जे मुद्दा भए पनि मनी लाउन्डरिङ लाउन थाले। आज मनी लाउन्डरिङ लाउनेलाई भोलि पक्रेर मनी लाउन्डरिङ लगाए के हुन्छ? सबैको कन्टेक्ट फरक हुन्छ। कहाँ हिसाबकिताब राखेर बसेको हुन्छ हरेक आम्दानीको। अनि सबैलाई मनी लाउन्डरिङ लगाएर हुन्छ?' उनले भने, 'यहाँ रवि लामिछानेलाई अरू मुद्दाबाट लामो समयसम्म निलम्बनमा राख्न नसक्ने भएकाले यो मुद्दा लगाइएको देखिन्छ। यस्तो रिभेन्सको पोलिटिक्स गर्नुहुँदैन। भोलि अहिले सरकारमा भएको मान्छेलाई त्यस्तै गरिदियो भने के हुन्छ?'

त्यसो त, अन्य ठुला सहकारीको अनुसन्धानमा पनि सम्पत्ति शुद्धीकरण मुद्दा लगाइएको छैन। सुमेरु सहकारीको करिब चार अर्ब हिनामिना गरी बेलायतमा पैसा लिएर भागेका भरत महर्जनको हकमा समेत शुद्धीकरणको मुद्दा चलाइएको छैन। संसद्‌को सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेलकी श्रीमती अञ्जला कोइराला मुछिएको उमागौरी कृषि सहकारीमा पनि संगठित कसुर लगाइएको छैन। जब कि प्रहरी अधिकारीका अनुसार सर्वसाधारणको धितो उनीहरूको जानकारीविना नै लघुवित्तमा राखेर योजनाबद्ध रूपमा ठगी भएको देखिन्छ। यो मुद्दामा घरमै रहेकी अञ्जलालाई प्रहरीले फरार बनाएर मुद्दा दायर गरेको थियो। सत्ताको संरक्षणमा प्रहरीले उनलाई पक्राउ गर्न पनि चासो दिएको छैन।

राजनीतिक विश्लेषक कृष्ण पोखरेल सत्तारूढ दलकै नेताहरू संलग्न उस्तै मुद्दामा सुनपानी छर्किएर राज्य लामिछानेमा मात्रै केन्द्रित हुनुले उनको लोकप्रियतामाथि राजनीतिक प्रतिशोध लिएको देखिने बताउँछन्। 'रविको लोकप्रियता नै अपराध भएजस्तो देखियो, किनभने उनले बनाएको पार्टीले सबैभन्दा बढी कांग्रेसको सिट खोस्यो। हुँदाहुँदा राष्ट्रपति निर्वाचित भएको रामचन्द्र पौडेलको सिट पनि खोस्यो। त्यसैले उनलाई कारबाही गराउनमा कांग्रेसको भूमिका धेरै छ। अलि अगाडिसम्मको गठबन्धन हुँदा केपी ओली रविप्रति सकारात्मक नै थिए। जब कांग्रेससँग गठबन्धन भयो, उनी पनि कांग्रेसकै लहैलहैमा लागेको देखिन्छ,' उनले भने, 'सत्तारूढ दलकै नेताहरू संलग्न उस्तै मुद्दामा सुनपानी छर्किन खोजेको घटनाक्रमले देखाउँछ। योजनाबद्ध रूपमा रविको छवि धमिल्याउने प्रयास देखिन्छ।'

लामिछानेपत्नी निकिता पौडेल लामिछानेको सन् २०११ देखिको आर्थिक कारोबार हिसाब गरेर उनको नाममा रहेको सम्पत्ति जफतको मागसमेत गरिएको छ। जब कि लामिछाने र पौडेलले ०७५ मा मात्रै विवाह गरेका हुन्। त्यस्तै, लामिछानेको काभ्रेस्थित पुख्यौंली जग्गासमेत जफतको माग दाबी लिइएको छ। जब कि यही मुद्दामा प्रमुख प्रतिवादी जिबी राईको सम्पत्ति भने जफतको दाबी गरिएको छैन। सहकारीकै पैसाबाट खरिद गरिएको अर्का मुख्य आरोपी कुमार रम्तेलको जग्गासमेत जफतको माग गरिएको छैन।

सहकारीको पैसा प्रत्यक्ष रूपमा ल्याउने काममा संलग्न नदेखिएका रविकी श्रीमतीको सम्पत्तिसमेत जफत गर्नुपर्ने मागलाई विश्लेषक पोखरेल एउटा व्यक्तिमाथि राज्यले प्रतिशोध साँध्यो भने केसम्म गर्न सक्छ भन्ने उदाहरणको रूपमा चित्रित गर्छन्। 'महत्त्वपूर्ण के छ भने सहकारीबाट पैसा ल्याउने काममा रविको प्रत्यक्ष संलग्नता देखिँदैन। तर, उनकी श्रीमतीको समेत सम्पत्ति जफत गर्नुपर्छ भन्ने माग छ। राज्यले प्रतिशोध साँध्यो भने एउटा व्यक्तिमाथि के-के गर्न सक्दोरहेछ भन्ने उदाहरण हो यो,' उनले भने।

कानुनविद्‌हरूले अपराधको पैसा तहगत रूपमा परिचालन गरेको र सम्बन्धित व्यक्तिसँगको सम्पत्तिको स्रोत नखुलेको अवस्थामा मात्र सम्पत्ति शुद्धीकरणको मुद्दा दायर हुने बताएका छन्। लामिछानेले सहकारीबाट पैसा नलिएको र गोर्खा मिडियाको सेयर पनि पैसा नलिई फिर्ता गरेको संसदीय छानबिन समितिकै प्रतिवेदन भएको अवस्थामा उनलाई २७ करोड ८७ लाख बिगो कायम गरी मुद्दा दायर गरिएको छ। सूर्यदर्शन सहकारीबाट ७५ लाख रुपैयाँ जिबीको खाता हुँदै रविको खाताबाट गोर्खा मिडियामा गएको विषयलाई शुद्धीकरणको मुख्य आधार बनाइएको छ। त्यस्तै, रवि लामिछानेको नाममा पेस्की देखाएर ५० लाख सहकारीले गोर्खा मिडियामा भुक्तानी दिएको अभियोगपत्रमा उल्लेख छ। उनी गोर्खा मिडियाको सञ्चालक भएका वेला थप २६ करोड १४ लाख ४४ हजार सात सय पाँच रुपैयाँ गएको आधारमा त्यसको सबै बिगोको भागीदार उनलाई बनाइएको छ। अन्य चार जिल्लामा पनि यसैगरी मुद्दा दायरको तयारी भइरहेको छ।

कानुनविद् विपिन अधिकारी सहकारी ठगीको मुद्दा कमजोर हुने भएपछि जबर्जस्ती सम्पत्ति शुद्धीकरणको मुद्दामा तान्न खोजे पनि प्रमाणित हुन नसक्ने बताउँछन्। 'यहाँ सम्पत्ति शुद्धीकरणको विषय प्रमाणित गर्न सकिने देखिँदैन। अरू कसुरमा निलम्बन गर्न नसकिने भएपछि मनी लाउन्डरिङ जोडेको भन्ने मैले सुनिरहेको छु। यो के हो भनेर नियतको कुरो म गर्दिनँ,' उनले भने, 'तर, पैसाको स्रोत डर्टी छैन भने केवल पैसामा म्यानुपुलेसन गरेको, फाइदा कमाउन खोजेको, नाफा खाने उद्देश्य राखेका कारणले त्यसलाई मनी लाउन्डरिङ एक्टमा ल्याउन सकिँदैन। यसको त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चेनहरू हुन्छ। त्यो चेनमा मनी लाउन्डरिङलाई डिडेक्सन गरिन्छ। अब यहाँ केटाकेटीले खोलेजस्तो सोच्न पाइयो त?'

राज्यले रविमाथि राखेको प्रतिशोध पाइला-पाइलामा भेटिन्छ। जिल्ला अदालतमा कुनै मुद्दामा थुनछेक बहस चल्दा सम्बन्धित जिल्लाकै सरकारी वकिल कार्यालयका वकिलहरूले सरकारको पक्षबाट बहस गर्ने प्रचलन छ। सूर्यदर्शन सहकारी ठगीमा जोडिएको रविको मुद्दामा पनि सरकारको पक्षबाट बहस गर्न कास्की सरकारी वकिलको कार्यालयमा पाँच वकिल थिए। तर, सरकारले मंगलबारदेखि चलेको थुनछेक बहसमा महान्यायाधिवक्ता कार्यालयकै उच्च अधिकारीलाई खटायो। नायब महान्यायाधिवक्ता सञ्जीवराज रेग्मी र सहन्यायाधिवक्ता प्रकाश गौतमलाई खटाएकोमा बुधबार उनीहरूले बहससमेत गरे। स्रोतका अनुसार अभियोग लेखनकै क्रममा समेत महान्यायाधिवक्ता कार्यालयको टोलीले सघाएको थियो। 'लामिछानेको हकमा मुद्दा सबैभन्दा बलियो बनाउनुपर्छ भन्ने निर्देशन थियो,' सरकारी वकिल कार्यालय स्रोत भन्छ, 'कुनै पनि मुद्दामा महान्यायाधिवक्ता कार्यालयको यति धेरै चासो सायदै देखिन्थ्यो।'

मुद्दा अभियोजन भएलगत्तै रविलाई सांसद पदबाट निलम्बन गरिएकोमा समेत आलोचना भएको छ। सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा कुनै राष्ट्रसेवक तथा पदाधिकारीविरुद्ध मुद्दा दायर भएलगत्तै निलम्बन हुने प्रावधानको व्याख्या गरेर रविको सांसद पद निलम्बन गरिएको छ। जब कि प्रतिनिधिसभा नियमावलीअनुसार पुर्पक्षका लागि थुनामा रहेको कसुरमा ठहर भएको अवस्थामा मात्र सांसद पद निलम्बन हुने प्रावधान छ। अझ सर्वोच्च अदालतले त भ्रष्टाचार मुद्दामा दोषी ठहर हुँदासमेत सांसदलाई निलम्बन गर्न नमिल्ने भन्दै टेकबहादुर गुरुङको निलम्बन फुकुवा गर्न परमादेश दिएको थियो।

राजनीतिक विश्लेषक पोखरेल जुन कानुन प्रयोग गर्दा सांसद पद निलम्बन हुन्छ त्यही कोड गरेर माग गरिएको बताउँछन्। 'कुन कानुन प्रयोग गर्दा निलम्बन गर्न दिन्छ, त्यही कानुन कोड गरेर माग गरिएको छ र माग गर्ना साथ सभामुखले निलम्बन गरिदिएका छन्,' उनले भने, 'सामान्यतया अदालतले थुनामा पठायो भने निलम्बन गर्ने अभ्यास हो, तर रविलाई पहिले नै निलम्बन गरियो। यसले नियतकै इसारा गर्छ।'

पूर्वमहान्यायाधिवक्ता श्रेष्ठ पनि जेलमै रहेको सांसदको पद हतारमा निलम्बन गर्नुले राज्यको नियत प्रस्ट पारेको बताउँछन्। 'अहिले रवि लामिछानेको सांसद पद निलम्बन गर्नु ओलीजी (प्रधानमन्त्री)ले प्रतिनिधिसभा विघटन गर्दा विद्यादेवी भण्डारीले राति २ बजे सदर गरेजस्तो भयो। नगरेको भए राम्रो हुन्थ्यो। के हतार थियो र? रवि जेलमै छन्। नछोडी संसद्‌मा आउने पनि होइन। कति हतार भएको? ओलीले भनेको मान्ने मान्छे छन् त्यहाँ (संसद्‌मा), अनि यस्तो भयो।'

**प्रहरीको फरेन्सिक रिपोर्ट : सहकारीमा लामिछानेको हस्ताक्षर नै नक्कली**

सूर्यदर्शन सहकारीबाट गोर्खा मिडियाको खातामा गएको एक करोड रुपैयाँको विवादित कर्जा प्रकरणमा रवि लामिछानेको हस्ताक्षर नै नक्कली भएको प्रहरीकै फरेन्सिक प्रतिवेदनबाट पुष्टि भएको छ। प्रहरीले लामिछानेको नाम देखाएर गोर्खा मिडियामा गएको एक करोड कर्जालाई समेत ठगीको बिगो मानेर अभियोग दायर गरेको छ। तर, कर्जासम्बन्धी आन्तरिक फारममा रहेको हस्ताक्षर लामिछानेको नभएको भनेर प्रहरीको फरेन्सिक ल्याबले प्रतिवेदन दिएको छ।

०७७ जेठ र असारमा सूर्यदर्शन सहकारीबाट गोर्खा मिडियाको ग्लोबल आइएमई बैंक खातामा जम्मा भएको एक करोड रुपैयाँ रवि लामिछानेको नाममा कर्जा देखाइएको थियो। तर, प्रहरी अनुसन्धानकै क्रममा सो हस्ताक्षर लामिछानेको वास्तविक हस्ताक्षरसँग मेल नखाएको उल्लेख छ। प्रहरीले सरकारी वकिल कार्यालयमा पठाएको रायसहितको अनुसन्धान प्रतिवेदनमा सो फरेन्सिक रिपोर्ट समावेश भए पनि अदालतमा भने नभेटिएको स्रोत बताउँछ।

बुधबार कास्की जिल्ला अदालतमा भएको थुनछेक बहसका क्रममा जिल्ला न्यायाधिवक्ता कमला काफ्लेले समेत उक्त कर्जा खाता कृत्रिम रहेको स्वीकार गरेकी छिन्। न्यायाधीश नीतिज राईले सहकारीबाट लामिछानेको नाममा एक करोड रकम गएकोमा उनको इन्कारी बयान सम्झाएपछि काफ्लेले कृत्रिम रहेको जानकारी दिएकी हुन्।

अनुसन्धानको क्रममा उक्त रकम लामिछानेले कुनै बैंक खातामार्फत वा नगद लिएर व्यक्तिगत हिसाबमा खर्च नगरेको प्रमाणित भएको छ। लामिछाने पक्षका वकिलहरूले गोर्खा मिडियाको खातामा जम्मा भएको रकम लामिछानेले निजी रूपमा प्रयोग नगरेको र उनीमाथि एक करोड रकमको बिगो लगाउनु बदनियतपूर्ण भएका बताएका छन्।

## ५० वर्ष...

पृष्ठ १ बाट क्रमशः

राजनीतिक शक्ति' निर्माणको आवश्यकता औंल्याएका हुन्। पार्टी गठनपूर्व उनले देशव्यापी मातृभूमि जागरण अभियान चलाउने उद्‌घोष गरेका छन्। एमालेले निष्कासन गरेको एक सातापछि बुधबार पत्रकार सम्मेलनमार्फत कारबाहीका क्रममा लागेका आरोपको दर्जनौं कडा प्रश्नमार्फत खण्डन र प्रतिवाद गर्दै रावलले नयाँ पार्टी गठनअगाडि अभियान सञ्चालन गर्ने घोषणा गरेका हुन्। रावलले मूलत : प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी ओलीको नीति, नियत र कार्यशैलीमाथि ६ दर्जनभन्दा धेरै प्रश्न उठाएका छन्।

## यस्ता छन्...

पृष्ठ १ बाट क्रमशः

**७. आइफा पुरस्कार वितरणको आयोजना नेपालमा गरी सरकारी कोषबाट एक अर्बभन्दा बढी खर्च गर्ने र त्यसमा नेपाल सरकारको कुनै नियन्त्रण र भूमिका नरहने एवं त्यसबाट प्राप्त हुने सबै किसिमको लाभ भारतीयहरूले नै लिने काममा लाग्नुको पछि के स्वार्थ थियो?**

**८. काठमाडौंमा परम्परादेखि चल्दै आएको गुठी प्रणालीबारे सरोकारवालाहरूसँग कुनै छलफल नगरी त्यसलाई विशृंखलित पार्ने विवादास्पद गुठी विधेयक किन ल्याउनुभयो?**

**९. युनिफिकेसन चर्च र युनिभर्सल पिस फाउन्डेसनको कार्यक्रममा होक्जा मुनको घोर कम्युनिस्टविरोधी मन्तव्य स्वादका साथ सुन्ने र निजबाट सम्मान-रकम प्राप्त गरी स्वाधीन नेपालको प्रधानमन्त्रीको गरिमामा नै आँच पुऱ्याउने तपाईं नै होइन र?**

**१०. नेपाली महिलालाई गोर्खा भर्तीमा जान दिएर तपाईंले नेपाली जनताको स्वाधीनताको भावनामा प्रहार किन गर्नुभयो?**

**११. सवारीसाधनमा राखिने 'नम्बर प्लेट'मा इम्बोस्ड नम्बर अंग्रेजी भाषामा राख्नुका साथै त्यससम्बन्धी सम्पूर्ण तथ्यांक विदेशीको हातमा पुग्ने निर्णय रोक्न उठाएको माग तपाईंले कसको स्वार्थका लागि बेवास्ता गर्नुभयो?**

**१२. साना घरेलु उद्योग व्यवसायलाई संरक्षण गर्ने कानुनविपरीत विदेशीले लगानी गर्न पाउने कुरा गरी तपाईंले राष्ट्रिय हितविपरीत निर्णय किन गर्नुभयो?**

**१३. एमसिसी सम्झौताबारे तत्कालीन नेकपाको स्थायी कमिटीको बैठकमा छलफल गर्ने कार्यसूची तय भएपछि तपाईं बैठकमा नआएको र त्यसपछि प्रतिनिधिसभा नै भंग गर्नुभएको होइन र? तपाईंले सम्झौता अनुमोदन गर्न नरोक्ने, तर नाराबाजी गरेर सांसदहरूलाई बोल्न नदिने खेल खेल्नुभएको होइन?**

**१४. संविधानको मार्ग निर्देशन र पार्टीका घोषित कार्यक्रम एवं नीति तथा निर्वाचन घोषणापत्रमा गरेका प्रतिबद्धताहरू पूरा गर्नेतर्फ इमानदार प्रयास किन गर्नुभएन?**

**१५. सर्वोच्च अदालतका प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराका जेठान नेपालगन्जनिवासी गजेन्द्र हमाललाई प्रधानन्यायाधीशको 'कोटा'बाट आपूर्ति, उद्योग र वाणिज्यमन्त्री बनाउने गलत कार्यको विरोधमा तपाईंले चुइँक्कसम्म किन गर्नुभएन?**

**१६. सर्वोच्च फैसलामा नेपाल कम्युनिस्ट पार्टी नामको दल नरहने भने पनि केन्द्रीय कमिटीको बैठक बोलाई छलफल किन नगरेको? देश र जनताको हितमा काम गर्न दिएको सुनौलो अवसरमाथि घात गर्दै प्रतिनिधिसभा विघटन किन गर्नुभयो?**

**१७. दसौँ राष्ट्रिय महाधिवेशनका प्रतिनिधिहरूको चयनमा तपाईंकै निर्देशनमा भएका निम्नलिखित धाँधलीपूर्ण र आपत्तिजनक क्रियाकलाप कम्युनिस्ट पार्टीका लागि लज्जास्पद र हानिकारक होइनन् र?**

**१८. बालुवाटारमा भारतीय रअका प्रमुख सामन्त गोयलसँग २०७७ साल कात्तिक ७ गते मध्यरातमा भेट्नु के प्रधानमन्त्रीको गरिमा र पदीय मर्यादाअनुरूप थियो?**

**१९. २०७८ साल साउनमा सत्ता हत्याउनका लागि लुम्बिनी प्रदेश सभाकी सांसद विमला ओलीलाई अपहरण गर्ने तपाईंको गुटिया मुख्यमन्त्री शंकर पोखरेल नै होइन र? साथै निजलाई मुख्यमन्त्री बनाउन सेना परिचालन गरी सेनाको घेरामा शपथ दिलाउनु घोर अलोकतान्त्रिक चरित्र हो कि होइन?**

**२०. बाह्य शक्तिलाई खुसी पारेर आफ्नो निहित स्वार्थ पूरा गर्न २०७८ साल असोजमा नेपालको हितविपरीत ९०० मेगावाटको तल्लो अरुण जलविद्युत् आयोजना सुटुक्क सुम्पने तपाईं नै होइन र?**

**२१. २०७९ सालको आमनिर्वाचनमा कम्युनिस्टविरोधी र नेपालको संस्कृतिविरोधी नेपाल परिवार दलको अध्यक्षलाई एक नम्बरमा समानुपातिक उम्मेदवार तपाईंले एमालेको कुन विधि, विधान, सिद्धान्त र मान्यताको आधारमा गर्नुभयो?**

**२२. 'के को भीम रावल? ४८ सालदेखि मुख बाएर खाएको खायै छ, बुढो भइसक्नुभयो, रावल अरू पनि छन्, अगाडि बढाइन्छ' भन्ने जवाफले तपाईंको गैरजिम्मेवार चरित्र र दुराग्रह छताछुल्ल हुन्न र?**

**२३. राजविराजमा जाँदा तपाईंसमेतलाई सिध्याउने षड्यन्त्र गर्ने र प्रधानमन्त्री भएर प्रदेश सभामा जाँदा कालो झन्डा देखाउने पार्टीका मानिसलाई तपाईंले संसदीय समतिको सभापति बनाउनुको रहस्य के हो?**

**२४. सुकुम्बासीहरूलाई स्थानान्तरण गर्न बनाइएको भवनलाई प्रधानमन्त्री भएको वेला आफ्नी श्रीमती संरक्षक रहेको मानव सेवा आश्रम नामक गैरसरकारी संस्थालाई निःशुल्क उपयोग गर्न दिनु के सुशासनको परिचायक हो?**

**२५. राति १२ बजे एक व्यवसायीको घरमा बसेर सरकार परिवर्तन गर्न कांग्रेसका सभापति शेरबहादुर देउवासँग साँठगाँठ गर्नेजस्तो निहित स्वार्थकेन्द्रित सत्ताको खेल तपाईंको घोर अवसरवादी चरित्रको द्योतक होइन र?**

**२६. तपाईंकै प्रधानमन्त्री कालका गृहमन्त्रीका छोरा र सुरक्षा सल्लाहकारसमेतले ठुलो रकम असुलेर नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाई ठगी गरेको होइन र?**

**२७. २०७७ साल वैशाख महिनामा पार्टी विभाजनसम्बन्धी अध्यादेश ल्याएर र आफूनिकटका मानिसलाई निर्वाचन आयोगमा नेकपा (एमाले) दल दर्ता गराएर विभाजनको बिउ रोप्ने तपाईं नै होइन र?**

**२८. फाउन्डेसनको नाममा देशव्यापी रूपमा समानान्तर संगठन चलाउँदै पार्टीका संस्थागत निर्णयहरूको अवज्ञा गर्ने र कार्यान्वयन हुन नदिई अस्तव्यस्त स्थिति बनाउने तपाईंको काम कुन विधि, पद्धति र अनुशासनअन्तर्गत पर्दथ्यो?**

**२९. पहिलो प्रतिनिधिसभा नै भंग गर्ने ध्वंसात्मक बाटोमा तपाईं कसको उक्साहटमा लाग्नुभयो? दोस्रोपटक प्रतिनिधिसभा विघटन गरेबाट तपाईं निहित स्वार्थमा देश, जनता र पार्टीलाई धोका दिन उद्यत् रहेको स्पष्ट हुँदैन र?**

**३०. दल विभाजनसम्बन्धी अध्यादेशद्वारा ऐनमा संशोधन गरी अर्को दललाई फुटाएर त्यसका सांसदहरूलाई अपहरण शैलीमा तराईबाट काठमाडौं ल्याउन लगाउने तपाईंले विधि र अनुशासनको कुरा गर्नु सुहाउँछ र?**

**३१. पार्टीका केही नेताहरू भारतसँग मिलेर आफूलाई हटाउन लागेको भनी मदन भण्डारी फाउन्डेसनको कार्यक्रममा सार्वजनिक रूपमा तपाईंले भन्नुभयो। बैठकमा आएर तथ्य कुरा राख्नुको साटो बैठकमाा अवरोध सिर्जना गर्ने तपाईं नै होइन र?**

**३२. तपाईंले संवैधानिक परिषद्‌सम्बन्धी ऐन मनपरी किसिमले अध्यादेशबाट संशोधन गर्न प्रतिनिधिसभाको बैठक सभामुखलाई समेत थाहै नदिई बन्द गर्दा के पार्टीमा परामर्श वा जानकारी गराउनुभएको थियो र?**

**३३. संवैधानिक परिषद्‌सम्बन्धी अध्यादेश फिर्ता लिने र सांसदहरूले समावेदन दर्ता नगर्ने सहमति र स्थायी कमिटीको सर्वसम्मत निर्णयको पालना गर्नुको साटो भोलिपल्टै संवैधानिक परिषद्‌को बैठक बोलाएर पार्टी निर्णयको अवज्ञा र अपमान गर्ने तपाईं नै होइन र?**

**३४. प्रचण्डलगायत सचिवालयका पाँचजना सदस्यहरूले लिखित रूपमा बैठकको माग गर्दा उल्टै अनेक झुटा लाञ्छना लगाउँदै १० पृष्ठ लामो पत्र पठाएर पार्टीमा संकट सिर्जना गर्ने तपाईं नै होइन र?**

**३५. तपाईंलाई पार्टी अध्यक्ष र पूरै पाँच वर्ष प्रधानमन्त्री पदमा कायम राख्दै राष्ट्रिय महाधिवेशनको आयोजना गरी सबै सैद्धान्तिक र राजनीतिक विषयहरूको टुंगो लगाउने स्थायी कमिटीको निर्णय तपाईंले कसको स्वार्थमा किन अवज्ञा गर्नुभयो?**

**३६. केन्द्रीय सदस्यहरूको भेलालाई बैठकको नाम दिई राष्ट्रिय महाधिवेशन आयोजक कमिटी गठन गर्ने अनधिकृत निर्णय गर्दै पार्टीलाई विभाजनतर्फ पहिले धकेल्ने तपाईं नै होइन र?**

**३७. तपाईंले प्रधानमन्त्री हुँदा सरकार सञ्चालनमा दलको भूमिका, निर्वाचन घोषणापत्र, सैद्धान्तिक, नीतिगत निर्णय र कार्यक्रमको पालना गर्नुको साटो संविधान र पार्टी विधानअनुरूप पार्टी र सरकारको बिचमा न्यूनतम समन्वय नगरी संकट र समस्या सिर्जना गर्नुभएको होइन र?**

**३८. तपाईंले कम्युनिस्ट पार्टीको विरुद्ध तथा राष्ट्रिय हितविपरीत क्रियाकलाप गरिरहेको राजपासँग राष्ट्रिय सभाको निर्वाचनमा तालमेल गर्नुका साथै सहकार्यका साथ अगाडि बढ्ने सहमतिमा हस्ताक्षर गरेको होइन र?**

**३९. ललितानिवास, बालुवाटार जग्गासम्बन्धी भ्रष्टाचार प्रकरणमा महासचिव विष्णुप्रसाद पौडेलका छोरा नवीन पौडेल र सर्वोच्च अदालतका न्यायाधीश कुमार रेग्मीले अनियमित किसिमले प्राप्त गरेको जग्गा सरकारलाई फिर्ता गर्न मञ्जुर गरेकाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निजहरूको नाममा मुद्दा दायर गर्न नमिल्ने भनी गरेको फैसला तपाईंकै इसारामा भएको होइन र?**

**४०. प्रधानमन्त्री भएको वेला तपाईंले आफ्नो जन्मदिन मनाउन राष्ट्रको ढुकुटीमा खेलबाड गर्ने र नेपालको नक्साको केक बनाएर काट्दा तपाईं आफैँ नवसामन्तको नमुना देखिनुभएको होइन र?**

**४१. राजाको प्रत्यक्ष शासनकालमा समेत अवसर छोप्न पुगेका झापाका डा. युवराज खतिवडालाई अवसरमाथि अवसर दिँदै सचिवालयका अधिकांश नेताहरूको असहमति हुँदाहुँदै राष्ट्रिय सभा सदस्यको पदावधि समाप्त भएर पनि पुनः अर्थमन्त्री बनाउने तपाईं नै होइन र?**

**४२. सार्कको राष्ट्र तथा सरकारप्रमुखहरूको टेले कन्फ्रेन्समा सार्कको अध्यक्ष भएर पनि त्यसको शिखर सम्मेलनका सन्दर्भमा कुनै चर्चा नगर्नु तपाईंको लम्पसारवादी चरित्रको द्योतक होइन र?**

**४३. संसद्‌बाट अनुमोदन नहुँदै एमसिसीसँगको सम्झौतामा उल्लेखित आयोजना नेपाल सरकारको नीति तथा कार्यक्रममा राख्नुका साथै बजेटमा रकमसमेत उल्लेख गरी स्वेच्छाचारी काम गर्ने तपाईं नै होइन र?**

**४४. कोरोना संक्रमित नेपाली जनताको निःशुल्क उपचार नगर्ने तपाईं प्रधानमन्त्री रहेको नेपाल सरकारको निर्णयलाई सर्वोच्च अदालतले उल्टाई निःशुल्क उपचार गर्नू भनी आदेश दिएको होइन र?**

**४५. १० बुँदे सहमति र अपानि-१२ को कार्यान्वयनमा उत्पन्न हुन सक्ने समस्याको समाधान गर्न गठित कार्यदलमा भएका छलफल र निर्णयको कार्यान्वयन नहुने राजीनामा गर्ने जानकारी गराउँदा बेवास्ता गर्दै एकताको भावनामा चोट पुऱ्याउने तपाईं नै होइन र?**

**४६. षड्यन्त्र गरी नेकपालाई २०७७ साल फागुन २३ गते सर्वोच्च अदालतको फैसलाबाट भंग गर्नुमा तपाईंको पनि भूमिका थियो भन्ने कुरा तपाईंले 'कहिलेकाहीँ अदालतले पनि राम्रो निर्णय गर्छ, ऋषि कट्टेलको पार्टीको नाम हुँदाहुँदै किन त्यही नाममा दिन्छ' भनेबाट स्पष्ट हुँदैन र?**

**४७. जम्बो जेट दुई पाइलटले उडाएजस्तै हामी दुई (प्रचण्ड र केपी) नेपाल कम्युनिस्ट पार्टीलाई सुरक्षित चलाउँछौँ भन्ने तपाईंले पार्टीलाई एकताबद्ध राख्दै देश र जनताको हितमा सरकारका काम कुशलताका साथ गर्नुपर्नेमा पार्टी र सरकार दुवैलाई भड्खालोमा किन हाल्नुभयो?**

**४८. कथित महाधिवेशन आयोजक कमिटी भंग गर्न र हामीलाई पदाधिकारी पदबाट निष्कासन गरेको निर्णय फिर्ता लिन आग्रह गर्दा तपाईं तयार हुनुभएन। यसले तपाईंको विभाजनकारी र अहंकारी चरित्रलाई नै देखाउँदैन र?**

**४९. तपाईंले स्वेच्छाचारी किसिमले प्रतिनिधिसभाको दोस्रोपटक विघटन गर्नुभयो। यसले पार्टीमा अन्तरविरोध झनै चर्काएको होइन र?**

**५०. आफैँले स्वीकृति दिएको कार्यदलले निकै नै परिश्रम गरी तयार गरेको सहमति नमानेर द्वन्द्व चर्काउने तपाईं नै होइन र? यसो गर्नु अनैतिक राजनीति र बेइमानी होइन र?**

**५१. बालुवाटारमा सहमतिको प्रतिवेदन बुझाउने क्रममा तपाईं र माधव नेपालको बिचमा कुराकानीका लागि समय मिलाउनुको साटो स्थिति भाँड्ने काम तपाईंले नै गरेको होइन र?**

**५२. पार्टीलाई विभाजनबाट बचाएर एकता कायम राख्नका लागि गरिएका गम्भीर, कष्टसाध्य र इमानदार प्रयत्न तथा महत्त्वपूर्ण सहमतिको कार्यान्वयन नगरी भताभुंग गर्ने तपाईंले अरूतिर औँलो ठड्याउनुको कुनै औचित्य हुन्छ र?**

**५३. १० बुँदे प्रस्तावसहितको स्पष्ट निर्णय र निर्देशन र तपाईंको आफ्नै भनाइका विरुद्ध जानु अनैतिक र बेइमानीको पराकाष्ठा होइन र?**

**५४. १० बुँदे सहमतिलाई आफूलाई मन लागेको ठाउँमा कार्यान्वयन गराउने र मन नपरेको ठाउँमा कार्यान्वयन हुन नदिने स्वेच्छाचारी काम गर्ने तपाईं नै होइन र?**

**५५. पटक-पटक, 'पक्षपात गरिनेछैन' भनी गरेको वाचा किन तोड्नुभयो।**

**५६. मेरो राजीनामालाई गम्भीर रूपमा लिएर छलफल गर्नुको साटो तपाईंले 'भीम रावलले काम गर्न सकिनँ भनी १० बुँदे सहमति सहजीकरण समितिबाट राजीनामा दिएको' भन्ने दम्भयुक्त झुटा कुरा गर्नुभएको होइन र?**

**५७. संवैधानिक परिषद्‌सम्बन्धी विधेयक नल्याउने र मिलेर जाने भनी नेताहरूसँग सहमति गरेर भोलिपल्टै सहमतिको उल्लंघन गर्दै चरम अनैतिक राजनीति र विग्रहकारी चरित्रको प्रदर्शन गर्ने तपाईं नै होइन र?**

**५८. एमालेमा नवप्रवेशी गैरसांसदलाई मन्त्रीमा गरेको नियुक्तिलाई सर्वोच्च अदालतले बदर गर्दा त्यसको नैतिक दायित्व किन नलिएको?**

**५९. राष्ट्रहितविपरीत नागरिकता विधेयक ल्याएर अधिकारको दुरुपयोग गरेको होइन र?**

**६०. शंकर पोखरेललाई मुख्यमन्त्रीको शपथ दिलाउन सेना परिचालन गर्ने र दीपक मनाङेलाई प्रदेशको मन्त्री बनाउने तपाईं नै होइन र?**

**६१. संवैधानिक आयोगमा तपाईंले गर्नुभएको नियुक्तिविरुद्ध सर्वोच्च अदालतमा मुद्दा विचाराधीन भएकै अवस्थामा शपथ गराउन नैतिकताको बोध किन गर्नुभएन?**

**६२. कोशी प्रदेशमा अदालतमा मुद्दा दायर गर्दै परमादेशको आधारमा सरकार गठन गर्न किन लगाउनुभयो त?**

**६३. दसौँ महाधिवेशनमा उम्मेदवारहरूलाई दरखास्त फिर्ता लिन करबल गर्नेलगायतका धाँधलीका काम तपाईंकै निर्देशनमा भएका होइनन् र?**

**६४. २०८१ असोजमा अविरल वर्षाका कारण भएको प्राकृतिक विपत्तिका वेला विदेश भ्रमण छोट्याएर स्वदेश फर्किने जनताप्रतिको दायित्व तपाईंले किन बोध गर्नुभएन?**

**६५. अमेरिकामा संयुक्त राष्ट्र संघको महासभामा भाग लिन जाँदा परराष्ट्रमन्त्री आरजु देउवा राणालाई स्टेट डिपार्टमेन्टमा पठाएर दुई देशबिच 'विविध पक्ष'मा परामर्श र छलफल गर्ने भन्ने रहस्यमय सम्झौता किन गर्न लगाएको?**

**६६. परराष्ट्रमन्त्री आरजु देउवा राणाले धनगढीमा पत्रकारहरूलाई भन्नुभएझैँ 'झुटा मुद्दा बनाएर प्रतिशोध हुन थालेपछि' त्यसबाट बच्न नयाँ गठबन्धन बनाउनुभएको हो त?**

**६७. तपाईं प्रधानमन्त्री भएपछि भए-गरेका कामकुराले राजनीतिक स्थायित्व, संविधान संशोधन र सुशासन नयाँ गठबन्धनको मूल औचित्य भन्ने देखाउँछ त?**

**६८. गिरिबन्धु टी इस्टेटको जग्गा प्रकरणमा तपाईं तानिन सक्ने भएपछि रातारात कांग्रेससँग गठबन्धन गर्न उद्यत् भएको भन्ने चर्चाबारे तपाईंको भनाइ के छ?**

**६९. भाटभटेनीको मूल्य अनुगमन गर्ने प्रमुख जिल्ला अधिकारीलाई हप्कीदप्की गर्दै अनुगमन गर्न नदिएको र अहिले उनैबाट जग्गा लिने कुराको सम्बन्ध के हो र?**

**७०. तपाईंले रवि लामिछानेलाई पार्टी खोल्न सहमति दिएको भन्नुभएछ। कुन स्वार्थमा त्यसो गर्नुभएको हो?**

**७१. राष्ट्रपति विद्यादेवी भण्डारीबाट प्रधानमन्त्री पदको शपथ लिइरहँदा उहाँले वाचन गरेको र तपाईंले वाचन गर्नैपर्ने वाक्यांशलाई वाचन नगरी 'त्यो पर्दैन' भन्दै राष्ट्रपति, देश र प्रधानमन्त्रीको मर्यादामा आँच पुऱ्याएको हो कि होइन?**

**७२. नेपालको लिपुलेक भञ्ज्याङको प्रयोगका सम्बन्धमा भारत र चीनको उस्तै धारणा बाहिर आउँदा तपाईं मौन रहनुको अर्थ के?**

**७३. सचिवालयको बैठकमा विन्दा, उषाकिरण र मलाई कारबाही गर्न उचित हुन्न भनी धेरैले व्यक्त गरेको राय-सुझाव कुल्चेर अगाडि बढ्ने तपाईंको शैली र व्यवहार निरंकुश र दमनकारी पुष्टि हुँदैन र?**

**७४. महासचिवले 'भीम रावललाई हामीले निकालेका होइनौँ, आफैँ छोडेर गएको हो' भनी सार्वजनिक अभिव्यक्ति दिनुले झुटा र भ्रमको आधारमा चल्ने चरित्रको थप पर्दाफास हुँदैन र?**


Government of Nepal
Ministry of Labour, Employment and Soial Security
Department of Foreign Employment
Tahachal, Kathmandu, Nepal

Invitation For Bids

Date of publicaton: 2081/09/18

Office of Department of Foreign Employment invites bids from eligible Nepalese Bidders for the following work under NCB procedure. Bidders may obtain further information from the PPMO web portal www.bolpatra.gov.np/egp

| S. N. | Contract ID No. | Name of Project | Bid Security Amount (NRs.) | Total Estimate (Including PS and VAT) NRs. | Bid Document Fee (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | DOFE/WORKS/ NCB-01/081/82 | Construction of prefab Department of Foreign Employment Tahachal, Kathmandu | 242000.00 | 9214427.94 | 3000.00 | |

Bidding document is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np\egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.

**Name of the Bank: Rastriya Banijya Bank Ltd.**
**Name of Office: Department of Foreign Employment, Tahachal, Kathmandu.**
**Office Code no.: 371023501**
**Baml Account no.: 1000100200010000**
**Rajaswa Shirshak no.: 14229**

Office chief


## माधव र वामदेवबिच...

पृष्ठ १ बाट क्रमशः

केन्द्रीय सदस्यको व्यवस्थापनका लागि दुई पार्टीबिच फेरि छलफल हुनेछ। पार्टी एकताको समझदारी विकास भएको र छिट्टै एकता हुने गौतमले बताए। 'समझदारी विकास गर्ने भन्ने भयो। यो त एउटा सानो पक्ष हो। यसैलाई खोल्नेबित्तिकै कति धेरै कुरा आउँछन्। जुन दिन अब यस्तो भयो भन्ने घोषणा गर्छौं, त्यो दिन तपाईंहरूलाई बताउँछौं- हामीले यसरी एकता गऱ्यौं भनेर एकताको लागि धेरै समय कुर्नु नपर्ला,' गौतमले भने।

एकीकृत समाजवादीका उपाध्यक्ष एवं प्रचार विभाग प्रमुख प्रकाश ज्वालाले एकताको सैद्धान्तिक समझदारी भएको बताए। सैद्धान्तिक, राजनीतिक र संगठनात्मक विषयमा छलफल गरेर जाने उनले जानकारी दिए। 'एकता गर्ने सैद्धान्तिक समझदारी भयो। सैद्धान्तिक, राजनीतिक र संगठनात्मक विषयमा छलफल गरेर जान्छौं। उहाँलाई वरिष्ठ नेता बनाउने समझदारी भयो। कामको जिम्मेवारी के दिने भन्ने विषयमा थप छलफल हुन्छ। अरू नेतालाई कुन कमिटीमा व्यवस्थापन गर्ने भन्ने विषयमा पनि छलफल हुन्छ,' ज्वालाले भने। यसअघि, एकीकृत समाजवादीको केन्द्रीय कार्यालयमा पुगेर गौतमले नेपालसँग दुई सर्त राखेका थिए। आफूलाई सक्रिय भूमिका र संसदीय व्यवस्था फेर्नुपर्ने सर्त गौतमको थियो। गौतमको पहिलो सर्त पूरा भए पनि दोस्रो सर्त भने पूरा नहुने भएको छ। शासकीय स्वरूपबारे छलफल गर्दै जाने समझदारी बनेको छ। त्यसअघि नेपालसँगको छलफलमा गौतमले भनेका थिए, 'सानातिना विषयले जनता आकर्षित हुँदैनन्। हामीले अन्तर्राष्ट्रिय विषय बन्ने गरी आन्दोलन अगाडि बढाउनुपर्छ। संसदीय व्यवस्था असफल भयो, प्रत्यक्ष निर्वाचित राष्ट्रपति बनाऔँ र पूर्ण समानुपातिक र सामूहिक उत्पादन प्रणालीमा जाऔँ।'

■ आइसिसी यू-१९ महिला विश्वकप

# नेपालका प्रतिद्वन्द्वी अस्ट्रेलिया, बंगलादेश र स्कटल्यान्ड

**श्रीलोचन राजोपाध्याय**/नयाँ पत्रिका

पहिलोपटक आइसिसी यू-१९ महिला विश्वकप खेल्न लागेको नेपालले समूह 'डी'मा अस्ट्रेलिया, बंगलादेश र स्कटल्यान्डविरुद्ध खेल्ने भएको छ। अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)का अनुसार ५ माघमा नेपालले आफ्नो पहिलो खेलमा बंगलादेशविरुद्ध प्रतिस्पर्धा गर्नेछ। मलेसियामा ५ माघबाट सुरु हुने विश्वकपमा नेपालले विश्व क्रिकेटकै अनुभवी राष्ट्र अस्ट्रेलिया र बंगलादेशसँगै स्कटल्यान्डसँगको प्रतिस्पर्धामा अन्तर्राष्ट्रिय एक्सपोजर मात्र नभएर गतिलो नतिजा निकाल्ने लक्ष्य राखेको छ। नेपालले ७ माघमा स्कटल्यान्डको सामना गर्नेछ।

समूह चरणको अन्तिम खेल ९ माघमा नेपालले उपाधि दाबेदार अस्ट्रेलियाको सामना गर्ने आइसिसीले जनाएको छ। आइसिसीले मलेसियाको बांगी मैदानमा आयोजना गर्न लागेको विश्वकप दोस्रो संस्करण हो। पुरुष विश्वकप ९० को दशकबाट आइसिसीले सुरु गरेको थियो। आइसिसीले महिला खेलाडीलाई पनि उमेर समूहदेखि नै एक्सपोजर दिनुपर्ने जनाउँदै यू-१९ विश्वकप क्रिकेट प्रतियोगिता २०२३ देखि आयोजना गरेको हो। पहिलो संस्करणमा २० टोलीले प्रतिस्पर्धा गरेका थिए। दक्षिण अफ्रिकाको सेनवेस पार्कमा भएको फाइनलमा भारतले इंग्ल्यान्डमाथि सात विकेटको जित निकाली विश्वकप उपाधि उचाल्यो।

## दोस्रो संस्करणमा चार नयाँ राष्ट्र

आइसिसीले दोस्रो संस्करणमा थप चार कोटा थपेको छ। आयोजक राष्ट्रका रूपमा मलेसिया सुरुमै छनोट भयो। नेपाल, नाइजेरिया र सामोआले छनोट चरण पारी गरी विश्वकपमा स्थान बनाएका हुन्।

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)को आयोजनामा आगामी ५ माघदेखि यू-१९ महिला विश्वकप हुन लागेको हो। २० माघसम्म सञ्चालन हुने विश्वकपको दोस्रो संस्करणमा नेपालसहित १६ देशले सहभागिता जनाउँदै छन्। नेपालले गत नोभेम्बरमा युएईलाई एसिया कप छनोटको अन्तिम खेलमा चार विकेटले हराउँदै मलेसियामा आयोजना हुने विश्वकपमा स्थान सुरक्षित गरेको थियो। राउन्ड रोबिन लिगमा नेपालले सर्वाधिक अंक बटुलेको थियो।

## सुपर सिक्समा पुग्ने अवसर

आइसिसीले सहभागी १६ टोलीलाई चार समूहमा विभाजन गरेको छ। आइसिसीले ग्रुप १ को 'ए' र 'डी' समूहका शीर्ष तीन टोली सुपर सिक्समा पुग्ने जनाएको छ। नेपालले एक जित निकाल्दा पनि सुपर सिक्समा पुग्ने सम्भावना छ। सुपर सिक्सका दुवै ग्रुपका शीर्ष दुई टोली सेमिफाइनल पुग्नेछन्। दुई सेमिफाइनलका विजेताबिच २० माघमा उपाधि भिडन्त हुनेछ।



फाइल तस्बिर

## ■ यस्ता छन् अनुभवी प्रतिस्पर्धी

### बंगलादेश (खेल ५ माघमा)

बंगलादेशको यू-१९ महिला टोली निर्माण सन् २०२३ मा भएको थियो। टेस्ट राष्ट्र भएकाले बंगलादेशले लगातार दोस्रोपटक यू-१९ विश्वकपमा सहजै स्थान सुरक्षित गर्‍यो। गत संस्करणमा बंगलादेश सुपर सिक्ससम्म पुगेको थियो। यस टोलीले अहिलेसम्म १५ अन्तर्राष्ट्रिय खेल खेलेको छ। जसमा ११ जित र चार खेलमा हार सामना गरेको छ। बंगलादेशले श्रीलंकालाई चार र पाकिस्तानलाई दुईपटक हराएको छ। भारतसँग दुई खेलमा पराजित भएको बंगलादेशले श्रीलंका र दक्षिण अफ्रिकालाई नतिजा सुम्पिएको छ।

### स्कटल्यान्ड (खेल ७ माघमा)

युरोपियन छनोटबाट लगातार दोस्रोपटक स्कटल्यान्डले विश्वकपमा स्थान बनाएको हो। युरोपको छनोटमा स्कटल्यान्डले विश्वकपको टिकट पक्का गर्न नेदरल्यान्ड्समाथि ३-० को जित निकालेको थियो। गत संस्करणमा स्कटल्यान्ड पहिलो चरणबाटै बाहिरिएको थियो। यस महिला टोलीले अहिलेसम्म विश्वकपबाहेक चार अन्तर्राष्ट्रिय खेलमा एक जित मात्र हात पारेको छ। भारत र दक्षिण अफ्रिकासँग समान एक खेल खेल्दा स्कटल्यान्डले हारको सामना गरेको छ।

### अस्ट्रेलिया (खेल ९ माघमा)

सन् २००३ मा अस्ट्रेलियन क्रिकेट संघले महिलातर्फ उमेर समूहको विकास गर्ने गरी यू-१९ महिला टोली स्थापना गरेको थियो। टेस्ट राष्ट्र भएकाले अस्ट्रेलियाले आइसिसीबाट आयोजना गर्ने सबै किसिमका अन्तर्राष्ट्रिय खेलमा सहजै स्थान बनाएको छ। सन् २०२२ मा अस्ट्रेलियाले यू-१९ विश्वकपको पहिलो संस्करणमा भाग लिन साराह अलेयलाई कप्तानीको जिम्मेवारी दिएको थियो। दक्षिण अफ्रिकामा सम्पन्न भएको पहिलो संस्करणको सेमिफाइनलमा अस्ट्रेलिया इंग्ल्यान्डसँग ३ रनले स्तब्ध भएको थियो। यस टोलीले सन् २०२४ को वर्षमा ६ अन्तर्राष्ट्रिय खेलमा सहभागी हुँदा चारमा जित र दुईमा हारको सामना गरेको थियो। उमेर समूहको यस टोलीले अहिलेसम्म आइसिसीको पूर्णकालीन सदस्यमा बंगलादेश र इंग्ल्यान्डविरुद्धको समान एक खेल गुमाएको छ।

**समूह 'ए'**
भारत, मलेसिया, श्रीलंका, वेस्टइन्डिज
**समूह 'बी'**
इंग्ल्यान्ड, आयरल्यान्ड, पाकिस्तान, अमेरिका
**समूह 'सी'**
न्युजिल्यान्ड, द.अफ्रिका, नाइजेरिया, सामोआ
**समूह 'डी'**
अस्ट्रेलिया, बंगलादेश, नेपाल, स्कटल्यान्ड

# दोस्रो चरणको राष्ट्रिय महिला लिग आजदेखि

**नयाँ पत्रिका**

एन्फा राष्ट्रिय महिला लिग फुटबलको दोस्रो चरणका खेलहरू बिहीबारदेखि सुरु हुँदै छन्। पहिलो चरणमा शीर्ष पाँच स्थानमा रहेका टोलीबिच दोस्रो चरणमा प्रतिस्पर्धा हुने अखिल नेपाल फुटबल संघ (एन्फा)ले जनाएको छ। दोस्रो चरणमा एपिएफ, त्रिभुवन आर्मी, नेपाल पुलिस, स्याङ्जाको वालिङ नगरपालिका र बागमती प्रदेशले प्रतिस्पर्धा गर्नेछन्। अन्तिम चरणमा २४ खेल हुनेछन्। पहिलो खेलमा त्रिभुवन आर्मी क्लबले बागमती युथ क्लबको सामना गर्नेछ।

कोशी प्रदेशले शीर्ष पाँच स्थानमा रहँदै दोस्रो चरण स्थान पक्का गरेको थियो। तर, कोशीले आर्थिक कारण देखाउँदै दोस्रो चरणमा सहभागिता नहुने निर्णय गरेपछि पहिलो चरणमा छैटौँ स्थानमा रहेको बागमतीले मौका पाएको हो। एन्फाले पहिलो र दोस्रो चरणमा कोशीलाई आर्थिक व्यवस्था मिलाउन भनेको थियो। तर, एन्फाले आर्थिक व्यवस्थापन नगरेपछि क्लब चरम आर्थिक संकटमा रहेको सार्वजनिक गर्दै कोशीले दोस्रो चरणमा सहभागी नहुने निर्णय गर्‍यो।

त्यसपछि एन्फाले सर्लाहीको बागमती युवा क्लबलाई खेलाउने भन्यो। बुधबार भएको प्रिपोस्टमा सहभागी टोलीका कप्तानहरूले उपाधिका लागि आफूहरू तयार भएको दाबी गरेका छन्। प्रतियोगिताको साबिक विजेता एपिएफका प्रशिक्षक जिवेश पाण्डेले प्रशिक्षण निरन्तर भइरहेकाले टिम तयारी राम्रो भएको बताए। 'हामीले दोस्रो चरणका लागि राम्रो तयारी गरौँ, यसबिच भारतको टोलीसँग पनि मैत्रीपूर्ण खेल खेल्यौँ,' पाण्डेले भने, 'हामीहरूको तयारीअनुसार एपिएफ दोस्रो चरण खेल्न तयार छ र खेलाडी पनि फिट छन्।'

## एपिएफले दोस्रो चरणमा गल्ती नगर्ने

एपिएफकी कप्तान अनिता बस्नेतले पनि प्रशिक्षक पाण्डेले झैँ राम्रो तयारी भएको बताइन्। 'पहिलो चरणमा गरेका गल्ती अब दोस्रो चरणमा हुँदैन,' बस्नेतले भनिन्, 'अझै राम्रो प्रदर्शन गर्दै उपाधिका लागि खेल्ने योजना छ।' अर्को विभागीय टोली नेपाल पुलिसका प्रशिक्षक सञ्जीव जोशीले केही खेलाडी चोटका कारण उपलब्ध नभएको जानकारी दिए। 'केही खेलाडी घाइते छन्, तर हामी लिगमा राम्रो नतिजा निकाल्ने उद्देश्यका साथ प्रतिस्पर्धा गर्छौँ, यसैअनुसार तयारी भएको छ,' जोशीले भने।

नेपाल आर्मीका प्रशिक्षक कृष्णसिंह ठगुन्नाले आफ्नो टोली उपाधि दाबेदारका रूपमा रहेको बताए। 'हामी दाबेदार टोली हौँ, आर्मीले उपाधि जित्ने विश्वास छ,' ठगुन्नाले भने, 'हामीसँग राम्रा खेलाडी छन्, स्ट्राइकरबाहेक अन्य खेलाडीले उत्कृष्ट खेल्न सक्छन्।' आर्मीकी पुनम मगरले तयारी राम्रो भएको बताइन्। 'पहिलो चरणा भएका गल्ती नगर्ने विश्वासका साथ प्रतिस्पर्धा गर्छौँ,' उनले भनिन्, 'सबै राम्रा छन्, सहभागी कुनै पनि टोली कमजोर छैनन्।'

आर्मीले निरन्तर प्रशिक्षण गरिरहेका कारण खेलाडी फर्ममा रहेको उनको भनाइ छ। राष्ट्रिय महिला लिगको पहिलो चरणमा रौतहटको चन्द्रपुर नगरपालिका, सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेश तथा संकटा क्लबले पहिलो चरणमा प्रतिस्पर्धा गरेका थिए।

### दशरथ रंगशालामा चार राष्ट्र सम्मिलित अन्तर्राष्ट्रिय महिला फुटबल हुँदै

**काठमाडौं**/ एन्फाले आगामी फागुनमा चार राष्ट्र सम्मिलित अन्तर्राष्ट्रिय महिला आमन्त्रण फुटबल प्रतियोगिता आयोजना गर्ने भएको छ। दशरथ रंगशालामा ५ फागुनदेखि नेपालको महिला राष्ट्रिय टोलीसहित किर्गिस्तान, लेबनान र म्यानमारबिच अन्तर्राष्ट्रिय खेल हुने एन्फाले जनाएको छ। यो प्रतियोगिता १४ फागुनसम्म हुनेछ। एन्फाले खेलहरू फिफा विन्डोमा गर्न लागेको हुँदा सबै खेलले अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्नेछन्। गत कात्तिकमा दशरथ रंगशालामा साफ महिला च्याम्पियनसिपमा भएको थियो। नेपाल प्रतियोगितामा पुगे पनि बंगलादेशसँग पराजित भएको थियो।

# इन्डो-नेपाल पुरुष भलिबलमा पुलिस विजयी



**बुटवल**/ मदन भण्डारी गोल्डकप रनिङ सिल्ड इन्डो-नेपाल पुरुष भलिबल च्याम्पियनसिपको उद्घाटन खेलमा नेपाल पुलिस क्लबले आयोजक मदन भण्डारी स्पोर्टस् एकेडेमीलाई ३-१ को सेटमा हराएको छ। बुटवलको रामनगर खेल मैदानमा बुधबार पुलिस २५-२२, २५-२०, ३२-३४ र २५-१८ ले विजयी भएको थियो।

एकेडेमीले १६औँ स्थापना दिवसका अवसरमा पुरुष भलिबल आयोजना गरेको हो। लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रतियोगिताको उद्घाटन गरेका थिए। नेपालका पहिलो एथलेटिक्स प्रशिक्षक मधुशमशेर जबरालाई ५१ हजार रुपैयाँसहित सम्मानित गरिएको छ। प्रतियोगितामा विजेताले सात लाख र उपविजेताले तीन लाख ७५ हजार रुपैयाँ पाउनेछन्।

यसैगरी, तेस्रोले एक लाख ७५ हजार र चौथो हुने टोलीले एक लाख रुपैयाँ पाउने आयोजकले जनाएको छ। उत्कृष्ट खेलाडीलाई २५ हजार रुपैयाँ प्रदान गरिनेछ।




नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com